सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ फागुन २०८२, शुक्रबार (13 March 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३२३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

१० चैतभित्र नयाँ सरकार

संविधान निर्माणपछि पहिलोपटक
बन्दै छ धारा ७६(१)को सरकार



बालेनलाई प्रधानमन्त्रीको रूपमा अघि सारेर निर्वाचनमा जानेलगायत सहमतिपत्रमा १३ पुसमा हस्ताक्षर गर्दै रास्वपा सभापति रवि लामिछाने र बालेन। सोही सहमतिका आधारमा बालेन प्रधानमन्त्री बन्दै छन्।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रत्यक्ष र समानुपातिकतर्फको मतगणना सकिएलगत्तै राजनीतिक 'कोर्स' नयाँ सरकार गठनतिर प्रवेश गरेको छ। निर्वाचन आयोग र संसद् सचिवालयले केही प्रक्रिया पूरा गरेपछि १० चैतसम्म नयाँ सरकार गठन हुने देखिएको छ। मतपरिणामको अन्तिम नतिजासहितको प्रतिवेदन राष्ट्रपतिलाई बुझाएपछि नयाँ सरकार गठन प्रक्रिया आरम्भ हुने आयोगका अधिकारीले बताएका छन्।

आयोगले बिहीबार ६ दललाई प्राप्त समानुपातिक सिटमा निर्वाचित गर्नुपर्ने उम्मेदवारको नाम बन्दसूचीबाट छान्न पत्राचार गरिसकेको छ। बन्दसूचीबाट नाम छान्न दलहरूलाई तीन दिन समय दिइएको आयोगका प्रवक्ता नारायण भट्टराईले बताए। उनका अनुसार दलहरूले पठाएको उम्मेदवार मिले-नमिलेको हेरेर निर्वाचित गरी आयोगले दुई दिनभित्र प्रमाणपत्र दिनेछ।

समानुपातिक सांसदको नाम छानेर पठाउन ६ दललाई आयोगको पत्राचार

'थ्रेसहोल्ड कटाएका ६ दललाई उनीहरूले प्राप्त गरेको समानुपातिक सिटमा निर्वाचित

» पृष्ठ २ मा क्रमशः

संसद्मा दुईतिहाइनजिक पुगेका कम्युनिस्ट इतिहासकै कमजोर हालतमा

०४८ को निर्वाचनपछि संसद्मा ३९.०२% हिस्सा ओगटेका कम्युनिस्ट ०७४ आइपुग्दा प्रतिनिधिसभामा ६४.३६% मा फैलिएका थिए, तर अहिलेको निर्वाचनपछि इतिहासकै कमजोर नतिजासहित १५.२७% मा खुम्चिएका छन्

तत्कालीन एमाले र माओवादीलाई ०७४ को निर्वाचनमा जनताले पत्याएर झन्डै दुईतिहाइ सिट दिए, चुनावपछि एकता गरेर इतिहासकै ठुलो कम्युनिस्ट पार्टी पनि बन्यो, तर नेताहरूको आन्तरिक कलहले साढे दुई वर्ष नपुग्दै पार्टी नै विभाजन भयो

■ कम्युनिस्ट जनमतको उतारचढाव

०४८ ०४८ को आमनिर्वाचनमा कम्युनिस्ट दलहरूले उल्लेखनीय मत प्राप्त गरेका थिए। माले र मार्क्सवादी मिलेर बनेको एमालेले ६९, संयुक्त जनमोर्चाले नौ र नेमकिपाले दुई सिट जित्दै २०५ मध्ये ८० सिट कम्युनिस्ट धारमा पुगेका थिए, जुन ३९.०२ प्रतिशत हो।

०५१ ०५१ मा कम्युनिस्ट जनमत अझ बढ्यो। २०५ मध्ये एमाले ८८ सिटसहित संसद्कै सबैभन्दा ठुलो दल बन्यो भने नेमकिपाले ४ सिट जित्यो। कुल प्रतिनिधित्व ४४.८७ प्रतिशत हो।

०५६ ०५६ मा भने माओवादी जनयुद्धका कारण कम्युनिस्ट प्रतिनिधित्व केही घट्यो। त्यसवेला एमालेले ७१, राष्ट्रिय जनमोर्चाले पाँच तथा संयुक्त जनमोर्चा नेपाल र नेमकिपाले १-१ सिट जित्दै कुल ७८ सिट कम्युनिस्ट धारमा परे। जुन ३८.०४ प्रतिशत हो।

०६४ ०६२/६३ को दोस्रो जनआन्दोलनपछि तथा माओवादी शान्ति प्रक्रियामा आएपछि २०६४ को पहिलो संविधानसभा निर्वाचनपछि कम्युनिस्ट शक्ति ऐतिहासिक उचाइमा पुग्यो। ६०१ सदस्यीय संविधानसभामा माओवादी २३७ सिटसहित पहिलो दल बन्यो, एमालेले १०८ सिट जित्यो। अन्य कम्युनिस्ट दलहरू माले नौ, नेकपा संयुक्त पाँच, नेमकिपा पाँच र राष्ट्रिय जनमोर्चाको चार सिट थियो। कुल प्रतिनिधित्व ६१.२३ प्रतिशत हो।

०७० ०७० को दोस्रो संविधानसभा निर्वाचनमा यो अनुपात घटेर करिब ४८ प्रतिशतमा झऱ्यो। मनोनीतसहित ६०१ सिटमध्ये एमाले १८४, माओवादीले ८३, मालेले पाँच, संघीय समाजवादी पार्टी पाँच, नेमकिपा चार, राष्ट्रिय जनमोर्चा तीन, नेकपा संयुक्तले तीन सिट जितेका थिए। पहिलो संविधानसभामा पहिलो दल बनेको माओवादी तेस्रोमा खुम्चियो भने एमाले दोस्रोमा उक्लियो। जुन समग्रमा ४७.७५ प्रतिशत हो।

०७४ संविधान जारी भएपछि ०७४ को निर्वाचनमा एमाले-माओवादी गठबन्धनले करिब दुईतिहाइ शक्ति प्राप्त गऱ्यो। एमाले र माओवादी चुनावी तालमेल गरेर एउटै घोषणापत्रसहित निर्वाचनमा गएका थिए। २७५ सिटमध्ये एमालेले १२१ र माओवादीले ५३ गरी १७४ सिट जिते। सदनमा जनमोर्चाको दुई र नेमकिपाको एक सिट थियो। कुल सदनमा कम्युनिस्टको ६४.३६ प्रतिशत हो।

०७९ तर, ०७९ को निर्वाचनमा कम्युनिस्ट शक्ति उल्लेख्य रूपमा घट्यो। एमाले ७९ र माओवादी ३२ सिटमा सीमित भए भने अन्य कम्युनिस्ट दलहरूको उपस्थिति पनि न्यून रह्यो। एकीकृत समाजवादीले १०, जनमोर्चा र नेमकिपाले १-१ सिट जितेका थिए। एमालेका बागी प्रभु साह र किरण साहले स्वतन्त्र रूपमा जितेका थिए। संसद्मा कम्युनिस्ट शक्ति कुल सिटमा ४५.४५ प्रतिशत थियो।

०८२ ०८२ को निर्वाचनमा १५.२७ प्रतिशत ल्याएका कम्युनिस्ट पार्टीले ०४८ पछिकै कम ४२ सिट मात्र जिते। विश्लेषकहरूले कम्युनिस्टहरूको जितलाई अहिलेसम्मकै निराशाजनक रूपमा चित्रित गर्ने गरेका छन्। एमालेले प्रत्यक्षमा ९ र समानुपातिकमा १६ सहित २५ र नेकपाले प्रत्यक्षमा ८ र समानुपातिकमा ९ सहित १७ सिट जितेका छन्। नेमकिपासहित अन्य कम्युनिस्ट पार्टीको उपस्थिति शून्य बनेको छ।



प्रेम गौतम/नयाँ पत्रिका

कुनै समय संसद्मा दुईतिहाइ बहुमतनजिक पुगेका कम्युनिस्ट पार्टीहरू यो निर्वाचनबाट इतिहासकै कमजोर अवस्थामा पुगेका छन्। ०४८ को निर्वाचनपछि संसद्मा ३९.०२% हिस्सा ओगटेका कम्युनिस्ट ०७४ आइपुग्दा प्रतिनिधिसभामा ६४.३६% मा फैलिएका थिए, तर अहिलेको निर्वाचनपछि इतिहासकै कमजोर नतिजासहित १५.२७% मा खुम्चिएका छन्। नेतृत्वको अहंकार, विभाजन, अस्थिरता र जनअपेक्षा पूरा गर्न

» पृष्ठ २ मा क्रमशः

नेतृत्वको अहंकार र नालायकीले कम्युनिस्टको स्वर्णिम अवसर खेर गयो



● **कृष्ण पोखरेल**, विश्लेषक

०७४ को निर्वाचनले एमाले र माओवादीलाई स्थिर सरकार चलाउने स्पष्ट अवसर दिएको थियो। एउटै घोषणापत्रमा चुनाव लडेर प्राप्त बहुमतलाई स्पष्ट नीति, व्यावहारिक कार्यक्रम र स्थिर शासनमार्फत परिणाममा बदल्न सकिन्थ्यो। तर, नेतृत्वको अहंकार, आपसी अविश्वास र अव्यावहारिक वाचा त्यस अवसरका बाधक बने। घरघरमा ग्यास, रेल र पानीजहाजजस्ता हावादारी नाराले जनतामा अपेक्षा त बढायो, तर व्यवहारमा केही देखिएन। सबैभन्दा ठुलो जिम्मेवारी तत्कालीन प्रधानमन्त्री केपी ओलीको हो, प्रचण्ड र माधव नेपालको पनि सहायक दोष छ। नेतृत्वको अहंकार र नालायकीले स्वर्णिम अवसर खेर गयो।

जनताले अवसर दिएका हुन्, कम्युनिस्टले परिणाम दिन सकेनन्




● **श्याम श्रेष्ठ**, विश्लेषक

जनताले कम्युनिस्ट दललाई पटक-पटक ठुलो अवसर दिएका थिए, तर ती दलहरूले आर्थिक-सामाजिक रूपान्तरणको अनुभूति दिलाउन सकेनन्। राजनीतिक परिवर्तन त भयो, तर जनताको जीवनमा आर्थिक र सामाजिक परिवर्तनको अनुभूति भएन। लामो समयसम्म प्रतीक्षा गर्दा पनि परिणाम नदेखिएपछि जनता निराश भई नयाँ विकल्पतर्फ मोडिएका हुन्।

मन्त्रालयको भारले प्रदेशमा चुलिँदै खर्च

जम्बो मन्त्रिपरिषद् बनाउन खुकुलो संवैधानिक प्रावधान, मन्त्रालय घटाउन दिएका सुझाव र प्रतिवेदन भएनन् कार्यान्वयन



(विस्तृत पृष्ठ ३)



जेन-जी आन्दोलनपछि हुलदंगा तथा आतंकवादको बिमाशुल्क बढाउन प्रस्ताव

अन्तर्राष्ट्रिय अभ्यासअनुसार प्रिमियम दरबारे पुनरावलोकन गर्न आवश्यक छ

● **चंकी क्षेत्री**, पूर्वअध्यक्ष, नेपाल बिमक संघ

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

आजबाट आधा ग्यास भरिएको सिलिन्डर

भारतले विश्वबजारबाट आपूर्ति कम भएको कारण देखाउँदै नेपालतर्फको निर्यात परिमाण घटाउन थालेपछि निगमले आधा भरिएको ग्यास वितरण सुरु गरेको हो, मूल्य ९५५ रुपैयाँ

● **माधव तिमिल्सिना**, उपभोक्ता अधिकारकर्मी



तौलमा ठगी हुन सक्छ, आजैबाट सरकारले अनुगमन चुस्त पार्नुपर्छ

अजित अधिकारी/नयाँ पत्रिका

उपभोक्ताले शुक्रबारदेखि आधा भरिएको ग्यास सिलिन्डर पाउने भएका छन्। भारतबाट आयात हुने ग्यास परिमाण घट्न थालेपछि आयल निगमको निर्देशनमा उद्योगीले आधा ग्यास भरिएको सिलिन्डर बिक्री गर्ने भएका हुन्। निगम सञ्चालक समितिको निर्णयअनुसार आधा सिलिन्डर ग्यासको मूल्य पनि आधा नै अर्थात् ९५५ रुपैयाँ तोकिएको छ।

यसअघि ०७२ मा भारतले नेपाललाई नाकाबन्दी गरेका वेला पनि आपूर्ति घट्दा आधा भरिएको ग्यास सिलिन्डर प्रयोगमा ल्याइएको थियो। पूरा भरिएको सिलिन्डरमा १४.२ किलो ग्यास हुन्छ।

» पृष्ठ २ मा क्रमशः



काठमाडौंको बालाजु औद्योगिक क्षेत्रस्थित वितरण केन्द्रबाट नेपाल ग्यास लैजाँदै सर्वसाधारण

१६ वर्षीया इनिसाको बलात्कारपछि अत्यधिक रक्तस्रावले ज्यान गएको पुष्टि



१६ वर्षीया इनिसा विक

पोस्टमार्टम रिपोर्ट र पत्राउ परेकाको बयानलाई आधार मान्दा जबर्जस्ती करणीपछि अत्यधिक रक्तस्रावले मृत्यु भएको पुष्टि : प्रहरी

सुर्खेतमा **रमेश रावल**
काठमाडौंमा **टेकराज थामी**

सुर्खेत वीरेन्द्रनगरकी १६ वर्षीया इनिसा विकको बलात्कारपछि भएको अत्यधिक रक्तस्रावका कारण ज्यान गएको पुष्टि भएको छ। यौनांगमा गहिरो चोट देखिएको र अत्यधिक रक्तस्रावका कारण मृत्यु भएको तथ्य शवको पोस्टमार्टम रिपोर्टले देखाएको हो।

भेरी अस्पताल नेपालगन्जबाट फरेन्सिक विशेषज्ञ टोली सुर्खेत आएर पोस्टमार्टम गरेको थियो। टोलीले बुझाएको प्रारम्भिक रिपोर्टमा इनिसाको यौनांगको भित्री भाग च्यातिएर अत्यधिक रक्तस्राव भएको उल्लेख छ।

» पृष्ठ २ मा क्रमशः



बलात्कारपछि भएको अत्यधिक रक्तस्रावका कारण ज्यान गुमाएकी सुर्खेतकी इनिसा विकको न्यायका लागि माइतीघरमा भेला भएर खबरदारी गर्दै मानव अधिकारकर्मी। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ सिआइबीले थप अनुसन्धान गर्दै, टोली आज सुर्खेत पुग्ने

पहिलो चरणको अनुसन्धान नेपाल प्रहरीले गरेकोमा थप अनुसन्धान केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गर्ने भएको छ। सुर्खेत प्रहरीले बुधबार उक्त घटनाको थप अनुसन्धानका लागि सिआइबीसँग सहयोग मागेको थियो। सिआइबीको टोली शुक्रबार बिहान सुर्खेत पुग्नेछ।

नेपाल कै नं. १ सोफा फ्याक्ट्री
सोफा हब काठमाडौं
प्रा.लि.
प्रधान कार्यालय सम्पर्क गोठाटार 9851152589


50,000/- सम्म छुट


20,000/- सम्म छुट

सामाखुसी र कलंकी शाखा
बसुन्धरा चौकीको अगाडि सरेको छ ।


20,000/- सम्म छुट


15,000/- सम्म छुट


10,000/- सम्म छुट


5,000/- सम्म छुट

हाम्रा शाखाहरु
बसुन्धरा 9820114870 | पोखरा 9820114872 | बिर्तामोड 9705114873 | चितवन 9845728156 | नेपालगंज 9705114870 | धनगढी 9705114879 | बुटवल 9705114876 | हेटौंडा 9705114874

100% PREMIUM QUALITY | 20 YEAR WARRANTY | FREE DELIVERY
सस्तो पनि राम्रो पनि, टिक्छ मज्जाले टिक्छ

नयाँ सरकारसँग दिल्लीको 'अद्वितीय र बहुआयामिक साझेदारी'को अपेक्षा

नयाँदिल्लीमा **पर्शुराम काफ्ले**

भारतले प्रतिनिधिसभा निर्वाचनबाट प्राप्त नयाँ जनादेशसहितको सरकारसँग अद्वितीय र बहुआयामिक साझेदारीको अपेक्षा गरेको जनाएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले निर्वाचनपछि सबैभन्दा ठुलो दल रास्वपाका अध्यक्ष रवि लामिछाने र भावी प्रधानमन्त्री बालेन शाहसँगको टेलिफोन संवाद सन्दर्भ उल्लेख गर्दै साझेदारीमा जोड दिएका छन्। नेपालमा नयाँ सरकारको गठनसँगै दुई देशको सम्बन्धमा न्यानोपन आउने नयाँ दिल्लीस्थित कूटनीतिक मामिला जानकारहरूको टिप्पणी छ।

'नेपालमा सफलतापूर्वक निर्वाचन सम्पन्न भएपश्चात् हामीले त्यसको स्वागत गरेका छौँ,' भारतीय विदेश मन्त्रालयद्वारा नयाँदिल्लीको शास्त्री भवनमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता रणधीर जैसवालले भने, 'भारत र नेपालबिच एक अद्वितीय र बहुआयामिक साझेदारी तथा सम्बन्ध रहेको छ र आगामी दिन तथा वर्षहरूमा यो गतिशीलता अझ सुदृढ र प्रगाढ हुँदै जाने हामीले अपेक्षा गरेका छौँ।'

प्रधानमन्त्री मोदीले रास्वपा सभापति लामिछाने र वरिष्ठ नेता बालेन शाहसँगको संवादमा निर्वाचनबाट प्राप्त जित र रास्वपाले हासिल गरेको सफलताका लागि बधाई दिएको जैसवालले दोहोर्‍याएका छन्। 'प्रधानमन्त्रीज्यूले उहाँहरूलाई एक घनिष्ठ मित्र र छिमेकीका रूपमा नेपालका जनता र नयाँ सरकारसँग मिलेर काम गर्न तथा साझा शान्ति, प्रगति र समृद्धिको नयाँ उचाइ हासिल गर्न भारत सदैव प्रतिबद्ध रहेको कुरा बताउनुभयो,' जैसवालले भने।

भारतीय पूर्वविदेशसचिव तथा राज्यसभा सांसद हर्षबर्धन शृंगलाले नेपालले कुशासन र भ्रष्टाचारविरुद्ध मतदान गरेको टिप्पणी गरेका छन्। 'नेपाली जनताको परिवर्तनको चाहनालाई मित्रका रूपमा भारतले सम्मान गर्नुपर्छ। किनकि लोकतन्त्रमा जनताको इच्छा महत्त्वपूर्ण हुन्छ,' दार्जिलिङका स्थायी निवासी नेपालीभाषी कूटनीतिज्ञ तथा सांसद शृंगलाले भने, 'नेपाली जनताको जनइच्छामुताबिक सुशासनका सन्दर्भमा भारतले नेपाललाई सक्नेजति मद्दत गर्नुपर्छ। नयाँ सरकारको प्रयासलाई भारतले सहयोग गर्नुपर्छ।'

भारतको राष्ट्रिय सुरक्षा सल्लाहकार बोर्डका अध्यक्ष आलोक जोशीले नेपाल र बंगलादेशको अवस्थाले लोकतन्त्रका लागि आशाको नवीकरण गरेको बताए। उनले नेपाल र बंगलादेशको पछिल्लो निर्वाचनको सन्दर्भ उल्लेख गर्दै दुवै देशमा एउटै दलले लगभग दुईतिहाइ बहुमत प्राप्त गरेकोलाई सुखद सुरुवातका रुपमा अर्थ्याए। 'नेपालमा लोकतन्त्रप्रति आशाको जनमत प्रकट भएको छ,' जोशीले भने।

टाइम्स अफ इन्डियाका पत्रकार एवं लेखक रुद्रोणिल घोषले नयाँदिल्लीमा आम आदमी पार्टीको उदय र नेपालमा रास्वपाको उदयको प्रकृति उस्तै रहेको उनको विश्लेषण छ। 'दिल्लीमा नेपाल चर्चा हुँदा केन्द्रमा बालेन छन्। तर, बालेनबारे धेरैलाई जानकारी छैन, उनी मधेशी मूलका व्यक्ति रहेको, बेंग्लोरमा अध्ययन गरेको, र्‍यापर रहेकोजस्ता सतही चर्चा भइरहेको छ,' घोषले भने, 'बालेनबारे यथोचित जानकारी यहाँ छैन, तर उनका बारेमा सुपरफिसियल सूचना प्रवाह भइरहेको छ।'

जवाहर नेहरू विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक डा. संगीता थपलियालले नेपालको नयाँ जनमतलाई भारत सरकारले हार्दिकतापूर्वक स्वागत गर्नुपर्ने र सहयोग गर्नुपर्ने बताइन्। 'परिवर्तित परिवेशमा भारतले नेपालसँग शान्त संवाद गर्नुपर्छ, नेपालको प्रजातान्त्रिक पद्धतिलाई सहयोग र समर्थन गर्नुपर्छ', थपलियाले भनिन्, 'भारतले विकास तथा कनेक्टिभिटीमा नेपालको अपेक्षाअनुसार सहयोग गर्नुपर्छ।'

नेपाल-भारत सम्बन्धका जानकार अशोक मेहतो नयाँदिल्लीमा अन्य नेताहरूजस्तो बालेन परिचित नभएको, तर भारतले उनीसँग सहकार्य गर्नुपर्ने बताए। 'बालेन शाह भारतका लागि अन्य शीर्ष नेताजस्तो परिचित होइनन्। तर, दुईतिहाइको जनमतका आधारमा बालेन प्रधानमन्त्री बन्दै छन्, भारतले उनीसँग संवाद गर्नैपर्छ र नयाँ परिस्थितिमा दुई देशका साझा मुद्दामा सहकार्य गर्नुपर्छ,' मेहताले भने।

१६ वर्षीया...

पृष्ठ १ बाट क्रमशः

'मृतक किशोरीको यौनांगको बाहिरी र भित्री भाग च्यातिएको छ। ढाडमा घस्रिएर चोटपटक लागेको देखियो,' भेरि अस्पतालका फोरेन्सिक विशेषज्ञ डा. अर्विन शाक्यले भने, 'यौनांगमा भएको गहिरो चोटका कारण अत्यधिक रक्तस्राव भएको र त्यही कारण उनको मृत्यु भएको देखिन्छ।'

सुर्खेतको गुर्भाकोट नगरपालिका- ६, बडाखोली स्थायी घर भई वीरेन्द्रनगर- १ बस्दै आएकी इनिसा २३ फागुनमा वीरेन्द्रनगर- ४ स्थित सामुदायिक वनमा बेहोस अवस्थामा फेला परेकी थिइन्। लगत्तै उनलाई प्रादेशिक अस्पताल कालागाउँमा पुर्‍याइएकोमा डाक्टरले मृत घोषणा गरेका थिए। वीरेन्द्रनगरकै उषा बालबाटिका स्कुलमा कक्षा ११ मा पढ्ने इनिसा बिहान ६ बजे ट्युसन पढ्न जाने भनेर घरबाट निस्किएकी थिइन्।

जिप्रका सुर्खेतका अनुसार घटनामा संलग्न १६ वर्षीय एक किशोर घटना भएकै दिन पक्राउ परेका थिए। त्यसको भोलिपल्ट इनिसाको परिवारले सामूहिक बलात्कार भएको भन्दै अन्य तीन किशोरविरुद्ध पनि जाहेरी दिएपछि १५, १६ र १७ वर्षका उनीहरू पक्राउ परेका छन्। जिल्ला प्रहरी परिसर सुर्खेतका प्रमुख एसपी सुधीर शाहीले पनि पक्राउ परेकाको बयान र पोस्टमार्टम रिपोर्टलाई आधार मान्दा जबर्जस्ती करणी पुष्टि भएको बताए। भिसेरा परीक्षणका लागि रगत र स्वाब संकलन गरिएकाले त्यसबाट थप प्रमाण खुल्ने उनको भनाइ छ।

'किशोरीको शवको पोस्टमार्टम रिपोर्ट आएको छ। उनको यौनांगमा गहिरो चोट भएको देखियो। यौनांगबाट अत्यधिक रक्तस्राव हुँदा मृत्यु भएको पोस्टमार्टम रिपोर्टले देखाएको छ,' जिल्ला प्रहरी परिसर सुर्खेतका प्रमुख एसपी सुधीर शाहीले भने, 'भिसेरा परीक्षणका लागि पनि रगत र स्वाब संकलन गरिएको छ, त्यसबाट थप प्रमाण खुल्ला।'

ट्युसन पढेर बिहान ९ बजे घर फर्किने इनिसा त्यस दिन अबेरसम्म पनि नआएपछि परिवारका सदस्यले फोन गरेका थिए। तर, उनको मोबाइल स्विच्ड अफ थियो। त्यसपछि खोजी सुरु भएको थियो। त्यसैक्रममा कोही अपरिचितले इनिसाकी आमालाई फोन गरेर 'छोरी जंगलमा अचेत अवस्थामा रहेको' जानकारी गराएका थिए। त्यसलगत्तै परिवारका सदस्य घटनास्थल पुगेर इनिसालाई अस्पताल लगेका थिए। तर, चिकित्सकले मृत घोषणा गरेका थिए।

चार किशोरलाई पक्राउ गरिएकामा पीडित परिवारले अन्य पनि संलग्न हुन सक्ने भन्दै जाहेरी दिएका छन्। प्रहरीले त्यसतर्फ पनि अनुसन्धान गरिरहेको एसपी शाहीले बताए। 'परिवारका सदस्यले घटनामा अन्य पनि संलग्न हुन सक्ने भन्दै जाहेरी दिएका छन्। त्यसतर्फ हामी चनाखोपूर्वक अनुसन्धान गरिरहेका छौँ। अझै केही प्राविधिक तथ्य, अनुसन्धान गर्न बाँकी नै छ,' उनले भने, 'फरेन्सिक ल्याबमा पीडित र पीडक परिवारको मोबाइललगायत विद्युतीय सामग्रीहरू अनुसन्धानका लागि पठाइएकोमा रिपोर्ट आउन बाँकी छ।'

इनिसाका बुबा ४० वर्षीय इन्द्रबहादुर विक वैदेशिक रोजगारीमा थिए। छोरीको मृत्युको खबरपछि उनी घर फर्किएका छन्। उनले पोस्टमार्टम रिपोर्ट आए पनि दोषीलाई कारबाही नगरेसम्म शव नबुझ्ने बताएका छन्। इनिसाको शव प्रादेशिक अस्पताल सुर्खेतमै छ।

INTEREST RATE REVISION NOTICE

This is to inform all contributors that the interest rate on deposits has been revised to 7.5% per annum. The loan interest rate shall be applicable as per the operational policies of the Fund.

The revised interest rate shall be effective from 1st Chaitra 2082 (15th March 2026).

NEPAL BANGLADESH BANK LTD. RETIREMENT FUND

Office: Ghantaghar, Kathmandu, Tel: 01- 5971871, Email: nbblrf@nabilbank.com

INTEREST RATES

Following rates on Deposit and loans to contributors shall be applicable from 1st Chaitra 2082 (15th March 2026).

No	Particular	Interest Rate p.a.
1.	Deposit from Contributors	7.50 % p.a.
2.	Loans to Contributors	8.50 % p.a.

नबिल बैंक लिमिटेड अवकाश कोष
NABIL BANK LIMITED RETIREMENT FUND

Office: Kantipath, Kathmandu, Tel: 01- 5971871, Email: nabil.rf@nabilbank.com

आजबाट...

पृष्ठ १ बाट क्रमशः

अब आउने ग्यासमा ७.१ किलो ग्यास हुन्छ।

हाल दैनिक खपत १३२ सिलिन्डर भए पनि भारतले विश्व बजारबाट आपूर्ति कम भएको कारण देखाउँदै नेपाल निर्यात गर्ने परिमाण पनि घटाउन थालेको छ। मुलुकभर दैनिक एक लाख सिलिन्डर ग्यास खपत हुने गरेको छ। आपूर्ति सहजताका लागि आधा भरिएको ग्यास वितरण गर्दा दैनिक दुई लाख सिलिन्डर वितरण गर्न सकिने निगमको दाबी छ। आगामी दिनमा सामान्य अवस्थाको तुलनामा नेपाल निर्यात हुने परिमाण थप कटौती गर्ने भारतले संकेत गरेकाले ग्यास आपूर्ति सहजताका लागि आधा भरिएको ग्यास सिलिन्डर प्रयोगमा ल्याइएको आयल निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए। 'आपूर्ति सहजताका लागि यो निर्णय गरिएको हो,' उनले भने।

बजारमा आधा ग्यास भरिएको सिलिन्डर पठाउने विषयमा आयल निगमले तीन दिनअघिबाट गृहकार्य गरिरहेको थियो। खासगरी दुई-तीन दिनयता तराईमा पनि माग उच्च हुन थालेपछि आपूर्ति सहज गराउन मुस्किल बन्दै गएको थियो। त्यसपछि आयल निगमका अधिकारी र उद्योगीहरूबिच मंगलबार दिउँसो बसेको बैठकमा आपूर्ति सहजताका उपायबारे छलफल भएको थियो। बुधबार दिउँसो उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सचिव मधुसुधन बुर्लाकोटीसहित आयल निगमका अधिकारीहरूले थप छलफल गरेका थिए। छलफलमा पनि माग बढ्दै गएकाले आगामी दिनमा ग्यासको सहज आपूर्ति गर्न कठिनाइ हुने निष्कर्ष निकालिएको थियो। बिहीबार दिउँसो भने उद्योगमन्त्री अनिलकुमार सिन्हा, सचिव बुर्लाकोटी, आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्ट, ग्यास उद्योगीहरू गोकुल भण्डारी, शिवप्रसाद घिमिरेलगायतको उपस्थितिमा छलफल भएको थियो। उक्त छलफलमा भारतबाट आयात कम हुन थालेकाले आगामी दिनमा थप असहजता हुने विषय उठेको थियो। त्यसपछि मन्त्री सिन्हाको निर्देशनमा आधा ग्यास भरिएको सिलिन्डर प्रचलनमा ल्याउने निर्णय कार्यान्वयन भएको हो।

निगमका कार्यकारी निर्देशक चण्डिका भट्टले आपूर्ति सहज बनाउन आधा ग्यास भरिएको सिलिन्डर बिक्री-वतरण सुरु गर्ने भएको बताएका छन्। उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'मध्यपूर्वमा चलिरहेको युद्धका कारण बजारमा ग्यासको माग बढेको र सहज रूपमा ग्यास नपाइएको भन्ने जनगुनासो बढेकाले त्यसलाई सामान्य बनाउन भोलि शुक्रबारदेखि बजारमा आधा सिलिन्डर ग्यासको वितरण गर्ने। आधा सिलिन्डर ग्यासको मूल्यसमेत आधा अर्थात् ९५५ पर्ने हुँदा सोहीबमोजिम खरिद गर्नुहुनसमेत जानकारी गराइन्छ।'

भारतबाट कम आउन थाल्यो ग्यास

आयल निगम स्रोतका अनुसार भारतबाट बुधबार र बिहीबार कम ग्यास आयात भएको छ। दैनिक कम्तीमा ११५ बुलेट ग्यास आयात हुने गरेकोमा पछिल्ला दुई दिन सय बुलेटभन्दा कम आयात भइरहेको एक कर्मचारीले बताए। 'भारतबाट दुई दिनयता नियमित परिमाणभन्दा कम ग्यास आयात भइरहेको छ,' ती कर्मचारीले भने, 'अनौपचारिक रूपमा बुझ्दा नियमित परिमाणअनुसार लोडिङ दिन नसकिने देखियो। र आगामी दिनमा थप कडाइ हुने संकेत पनि आएको छ।' भारतबाटै कम आउने स्थिति भएपछि पनि निगमले आधा भरिएको ग्यास सिलिन्डर प्रचलनमा ल्याउने निर्णय लागू गरेको हो।

दुई दिनयता भारतले ९० देखि ९५ बुलेट मात्रै लोडिङ दिइरहेको ती कर्मचारीले बताए। आयल निगमको समन्वयमा उद्योगीहरूले इन्डियन आयल कर्पोरेसन (आइओसी)को भारतस्थित बरौनी, दुर्गापुर, पानीपत, हल्दिया र मथुरा रिफाइनरीबाट ग्यास आयात गर्दै आएका छन्। भारतले ग्यास आयातमा कडाइ गरे पनि औपचारिक जानकारी दिन भने आनाकानी गर्दै आएको छ। नेपालस्थित आइओसीको कन्ट्री म्यानेजर निरूपम राइजादासँग निगम अधिकारीहरू नियमित सम्पर्कमा छन्। राइजादाले पेट्रोलियम पदार्थ कटौती गर्ने कुनै नीति नरहेको बताउने गरेको निगम स्रोतले बतायो।

उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले आधा सिलिन्डर भरिएको ग्यासमा उपभोक्ता ठगिनसक्ने भन्दै सरकारले आजैबाट अनुगमन चुस्त पार्नुपर्ने बताए। 'अब सिलिन्डरमा आधा परिमाण ७.१ किलोग्राम ग्यास हुन्छ की हुँदैन भन्ने कुरामा बढी सजग हुनुपर्छ। तौलमा ठगी हुनसक्छ, त्यसैले आजैबाट सरकारले अनुगमन चुस्त पार्नुपर्छ। उपभोक्ताले पनि डिलरबाट ग्यास लैजादा तौलेर मात्र लैजाने गर्नुपर्छ,' उनले भने।

Invitation for Bids

Budhanilkantha Nagar Aspatal

Invitation for Electronic Bids for the Supply and Delivery of Consumables Kit and Laboratory Items at Budhanilkantha Nagar Aspatal

Contract Identification No: Contract ID: NCB/BMH/GW/082_083/03
Date of publication: 2082/11/29

1. The Budhanilkantha Nagar Aspatal invites electronic bids from eligible bidders for the procurement of *Supply and Delivery of Consumables Kit and Laboratory Items at Budhanilkantha Nagar Aspatal* under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents shall be purchased electronically by eligible Bidders for e submission from PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, must deposit the cost of NRs. 3,000.00 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank : **Prabhu Bank, Hattigauda, Kathmandu**
Name of Office : **Budhanilkantha Nagar Aspatal**
Rajaswa (revenue) Shirshak no. : **1000156126300081**

4. Pre-bid meeting shall be held on 2082/12/18 @ 14:00 pm.
5. Electronic bids must be submitted to the Budhanilkantha Nagar Aspatal, Budhanilkantha-10 through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 13:00 pm on 2082/12/29. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 pm on 2082/12/29 at the office of Budhanilkantha Nagar Aspatal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting as indicated below, which shall be valid for 30 days beyond the validity period of the bid.

S.N.	Description	Bid Security Amount (Nrs)	Bid Documents Fee (Nrs)	Bid Security Validity Period
1	Supply and Delivery of Consumables Kit and Laboratory Items	1,00,000.00	3,000.00	120 Days From the deadline date of bid submission and opening date

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

१० चैतभित्र...

पृष्ठ १ बाट क्रमशः

गर्नुपर्ने उम्मेदवारको नाम बन्दसूचीबाट छान्न तीन दिनको समय दिएर बिहीबार पत्राचार गरिएको छ। दलहरूले पठाएको उम्मेदवार मिले-नमिलेको हेरेर निर्वाचित गरी दुई दिनभित्रै प्रमाणपत्र दिनेछौँ,' उनले भने, '५ चैतभित्र राष्ट्रपतिलाई अन्तिम मतपरिणाम प्रतिवेदन दिने लक्ष्यसहित काम गरिरहेका छौँ। केही प्राविधिक तयारी नसकिए एक दिन ढिलो हुन पनि सक्ला। तर, चैत पहिलो साताभित्रै प्रतिवेदन बुझाउने तयारी छ।'

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार राष्ट्रपतिले अन्तिम मतपरिणाम प्रतिवेदन प्राप्त गरेपछि औपचारिक रूपमा सरकार गठन आह्वान गर्नेछन्। राष्ट्रपति कार्यालयबाट मतपरिणाम प्रतिवेदन संसद् सचिवालयमा पठाइन्छ भने राष्ट्रपतिले बहुमतप्राप्त दललाई सरकार गठनको आह्वान गर्नेछन्। ठुलो दल रास्वपाले संसदीय दलको नेता चुनेर प्रधानमन्त्रीको दाबी गर्नुपर्छ। रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेर चुनावमा होमिएको थियो। बहुमतप्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री पदमा नियुक्त गरेपछि नयाँ सरकार गठन हुनेछ।

'ढिलोमा १० चैतभित्र देशले नयाँ सरकार पाउने देखिन्छ,' संसद् सचिवालय प्रवक्ता गिरी भन्छन्। उनका अनुसार निर्वाचन मतपरिणाम सार्वजनिक भएको ३० दिनभित्र प्रतिनिधिसभाको बैठक बोलाउनुपर्ने संवैधानिक व्यवस्था छ। अन्तिम मतपरिणाम सार्वजनिक भएपछि मन्त्रिपरिषद्ले संसद् अधिवेशन आह्वान सिफारिस गर्छ। राष्ट्रपतिबाट आह्वान भएर बैठक बस्छ। सरकार बैठक बस्नुअघि वा पछाडि गठन हुन सक्छ।

बैठक बस्नुअघि संसद् सचिवालयले निर्वाचित सदस्यहरूलाई शपथ गराउँछ। निर्वाचित ज्येष्ठ सदस्यले राष्ट्रपतिसँग शपथ लिन्छन्। ज्येष्ठ सदस्यबाट अन्य सदस्यले शपथ लिन्छन्। 'प्रतिनिधिसभाले सरकार बनाउनेभन्दा पनि बनेको सरकारले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ भन्ने संविधानको व्यवस्था हो,' गिरीले भने।

२१ फागुनमा सम्पन्न निर्वाचनमा रास्वपाले एक्लै बहुमत ल्याएपछि पहिलोपटक संविधानको धारा ७६(१) को कार्यान्वयन हुने भएको छ। ३ असोज ०७२ मा संविधान जारी भएपछि कुनै पनि दलले एकल बहुमत प्राप्त गर्न नसक्दा धारा ७६(१) को कार्यान्वयन हुन सकेको छैन। ७६(१) मा 'प्रतिनिधिसभामा बहुमतप्राप्त संसदीय दलको नेता प्रधानमन्त्री नियुक्त हुने' व्यवस्था छ।

०७४ मा एमाले र माओवादी गठबन्धन भई झन्डै दुईतिहाइ बहुमत प्राप्त गर्दा ७६(२) अनुसार नै सरकार बनेको थियो। पछि दुई पार्टी मिलेर नेकपा बन्दा सरकार ७६(१) मा परिणत भएको भनिएको थियो। तर, उक्त सरकार ७६(२), ७६(३) हुँदै विघटन नै भएको थियो। संसद् सचिवालयका अनुसार ०७२ मा संविधान बनेपछि स्पष्ट बहुमत प्राप्त गर्ने दल रास्वपा नै हो। संविधान निर्माणको १० वर्षपछि रास्वपाले ७६(१) अनुसार बहुमतको एकमना सरकार बनाउन लागेको हो। रास्वपाले वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा सरकार बनाउँदै छ। त्यसअगाडि उसले बालेनलाई संसदीय दलको नेता चुन्नुपर्नेछ।

मिश्रित निर्वाचन प्रणालीमै दुईतिहाइ बहुमत

०६२/०६३ को आन्दोलनपछि नेपालमा प्रत्यक्ष र समानुपातिक गरी मिश्रित निर्वाचन प्रणाली लागू भयो। यस्तो निर्वाचन प्रणालीमा कुनै एक दलले बहुमत ल्याउन नसक्ने भाष्य नेपालमा स्थापित नै भइसकेको थियो। तर, यसपालि रास्वपाले एक्लै झन्डै दुईतिहाइ ल्याइदिएर यो भाष्य भत्काइदियो।

०६४ र ०७० मा संविधानसभा चुनाव भयो। कुनै दलको स्पष्ट बहुमत आएन। ०७२ मा संविधान बन्दा प्रत्यक्ष १६५ र समानुपातिक ११० सिटसहित २७५ सदस्यीय प्रतिनिधिसभा हुने व्यवस्था गरियो। ०७४ र ०७९ को निर्वाचनमा दलको एकल बहुमत र दुईतिहाइ प्राप्त भएन। दलहरूले गठबन्धन गरेर बहुमत जुटाए पनि सरकार परिवर्तन, गठबन्धन परिवर्तन भइरह्यो। स्थिरता नहुनुको दोष निर्वाचन प्रणालीलाई दिन थालियो। दल, नेता मात्रै होइन, राजनीतिक विश्लेषक पनि प्रणालीलाई नै दोष देखाउन थाले। तर, निर्वाचन आयोगका अधिकारीले भने प्रणालीभन्दा दलकै कार्यशैलीमा समस्या देख्थे।

अहिलेको निर्वाचनले प्रणालीभन्दा दलमै समस्या रहेको पुष्टि गरेको बताउँछन्, पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया। जनतासँग गरेको वाचाअनुसार काम नगर्ने, चुनाव जित्न गठबन्धन गर्ने, जातीय र क्षेत्रवादी दल खोलेर संकीर्ण राजनीति गर्ने प्रवृत्ति अँगालेर प्रणालीलाई दोष दिने कुरालाई अहिले मतदाताले खारेज गरेको उनको भनाइ छ। थपलियाले चुनाव महँगो भयो भन्ने भाष्यलाई पनि अहिलेको निर्वाचनले खारेज गरेको बताए।

'राजनीतिक दलहरूले आफ्नो नीति, सिद्धान्त, कार्यक्रम, प्रतिबद्धताअनुसार काम नगरेपछि स्वाभाविक रूपमा मतदाताहरू विकर्षित हुन्छन्। यदि राम्रो नीति-विचार लिएर जानुभयो, ढाँट्नुभएन, वाचा पूरा गर्नुभयो भने त्यो दलप्रति निरन्तर भरोसा रहिरहन्छ। विश्वमा पूर्ण समानुपातिक प्रणाली भएका देशमा पनि शासन चलेको छ। नेपालमा पनि एक्कै दलले बहुमत प्राप्त गरेको संसद्ले एउटा कार्यकाल पूरा गरेको छैन। ०१५, ०४८, ०७४ मा पूर्ण बहुमत थियो। तर, बहुमत हुँदैमा चल्छ भन्ने हुँदैन,' उनले भने, 'राजनीति भनेको संस्कार पद्धति हो। जनतालाई विश्वासमा लिन सक्यो भने कुनै पनि प्रणालीमा बहुमत ल्याएर सुशासनयुक्त शासन गर्न सकिन्छ।'

समानुपातिक सांसदको नाम छानेर पठाउन ६ दललाई पत्राचार

निर्वाचन आयोगले थ्रेसहोल्ड कटाएका ६ दललाई समानुपातिक सिटमा निर्वाचित गर्नुपर्ने उम्मेदवारको नाम बन्दसूचीबाट छानेर पठाउन पत्राचार गरेको छ। आयोगका अनुसार समानुपातिकतर्फ रास्वपाले ५७, कांग्रेसले २०, एमालेले १६, नेकपाले नौ, श्रम संस्कृतिले चार र राप्रपाले चार सिट प्राप्त गरेका छन्। निर्वाचन निर्देशिकाको दफा ३५ बमोजिम तीन दिनभित्र उम्मेदवारको नाम छनोट गरी आयोगसमक्ष पेस गर्न पत्राचार गरिएको आयोगका प्रवक्ता नारायण भट्टराईले बताए।

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
काभ्रेपलाञ्चोक

बोलपत्रको प्राविधिक प्रस्ताव स्वीकृत गर्ने तथा आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

(प्रकाशित मिति : २०८२/११/२९)

यस कार्यालयबाट मिति २०८२/०८/०७ गते PPMO को E-Procurement Portal मा तथा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचनाको लागि रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम १(५) बमोजिम तपसिलका बोलपत्रदाताहरु योग्यताको सबै आधारमा सफल भइ प्रभावग्राही बोलपत्रदाताहरुको मिति २०८२/१२/०६ गते दिउँसो ११:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा उक्त ठेक्काहरुसंग सम्बन्धित सबै बोलपत्रदातालाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

Contract ID: IDOKAVRE/W/NCB/53/082/83, Upgrading Works on Panauti Khopasi Kamidanda Taaldhunga Road (Syaurethali-Aahaldanda-Chitre Section), Khanikhola Rural Municipality

S.N.	Names of the Bidder/ Address	S.N.	Names of the Bidder/ Address
1	Anil Multi Company Pvt. Ltd., Melamchi - 9, Sindhupalchowk	12	Gauri Ganesh Nirman Sewa, Sindhupalchok
2	Dharma S Nirman Sewa Pvt. Ltd., Daraune Pokhari, Kavre	13	Everest/Nabodita/Shubhalaxmi JV, Panauti - 4, Kavre
3	P.R Infrastructure Pvt. Ltd., Balkumari - 08, Lalitpur	14	Simran-Talbarahi-KBK JV, Kathmandu
4	Ghising Buiilders Pvt. Ltd., Dhulikhel - 7, Kavre	15	Gulliver-Kandel-Rehan JV, Nuwakot
5	Amrita-Narayan-Saraswati JV, Hetauda, Makwanpur	16	J and W/Aarsha/Pratik JV, Biratnagar
6	Surke-Rambole JV, Baneshwor, Kathmandu	17	Society-Kantipath JV, Lalitpur
7	Pandey-Jagaruk J/V, Lalitpur	18	Shree Krishna /S N/ Praman JV, Changunarayan- 01, Bhaktapur
8	Radha Krishna-Satyam JV, Sukedhara, Kathmandu	19	Sindhuli-Shisan JV, Kamalamai Municipality - 6, Sindhuli
9	P.S.K Nirman Sewa Pvt. Ltd., Chaurideurali - 4, Kavrepalanchok	20	Chyangmila-Koshi JV, Kerabari Ward No:6, Morang
10	BIS/Joshi G JV, Panauti - 7, Kavre	21	Himalayan-Bijaya-JA JV, Kavre
11	Bhujel-Lattinath-Subhani JV, Okahldhunga		

कार्यालय प्रमुख

संसद्मा दुईतिहाइनजिक...

पृष्ठ १ बाट क्रमशः

नसक्दा कम्युनिस्ट आन्दोलनले अवसर गुमाएको विश्लेषकहरूको निष्कर्ष छ। २०७४ मा अपार जनादेश पाएका शक्तिहरू नेतृत्वको अहंकार, आपसी कलह र जनअपेक्षा पूरा गर्न असफल भएपछि यतिसम्म खुम्चिए कि शीर्ष नेताहरू नै चुनावी मैदानमा पराजित भएका छन्। नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्डबाहेक कम्युनिस्ट धारका अधिकांश शीर्ष नेताले हार बेहोरेका छन्।

एमाले र नेकपा माओवादी केन्द्रको संसदीय उपस्थिति उल्लेख्य रूपमा घटेको छ। दशकौँदेखि संसद्मा झिनो प्रतिनिधित्व गर्दै आएका जनमोर्चा र नेमकिपाजस्ता दलहरू पनि यसपटक प्रतिनिधित्वविहीन बनेका छन्। व्यावहारिक र जनजीवनमा मुद्दामा केन्द्रित नहुँदा वाम शक्तिले लगातार धक्का खानुपरे पनि नेताहरू भने अझै पनि 'बाह्य' कारणलाई प्रमुख मानिरहेका छन्।

बहुदलीय व्यवस्था पुनर्स्थापनापछि २०४८ को निर्वाचनदेखि क्रमशः जनमत बढाउँदै आएका कम्युनिस्टहरू २०७४ मा करिब दुईतिहाइ बहुमतमा पुगेका थिए। तर, त्यो उचाइ टिकाउन नसक्दा अहिले उनीहरू कम्तीमा पाँच वर्ष सत्ताबाहिर बस्नैपर्ने गरी खुम्चिएका छन्।

राजनीतिशास्त्री कृष्ण पोखरेलका अनुसार कम्युनिस्टहरूले प्राप्त गरेको ऐतिहासिक अवसर गुमाएकै कारण अहिलेको अवस्था सिर्जना भएको हो। '२०७४ को निर्वाचनले एमाले र माओवादीलाई स्थिर सरकार चलाउने स्पष्ट अवसर दिएको थियो। एउटै घोषणापत्रमा चुनाव लडेर प्राप्त बहुमतलाई स्पष्ट नीति, व्यावहारिक कार्यक्रम र स्थिर शासनमार्फत परिणाममा बदल्न सकिन्थ्यो। तर नेतृत्वको अहंकार, आपसी अविश्वास र अव्यावहारिक वाचा त्यस अवसरका बाधक बने,' पोखरेल भन्छन्, 'घरघरमा ग्यास, रेल र पानीजहाजजस्ता हावादारी नाराले जनतामा अपेक्षा त बढायो, तर व्यवहारमा केही देखिएन। सबैभन्दा ठुलो जिम्मेवारी तत्कालीन प्रधानमन्त्री केपी ओलीको हो, त्यसपछि प्रचण्ड र माधव नेपालको पनि सहायक दोष छ। नेतृत्वको अहंकार र नालायकीले स्वर्णिम अवसर खेर गयो।' पोखरेलका अनुसार यदि तत्कालीन नेकपाले प्रभावकारी रूपमा सरकार सञ्चालन गर्न सकेको भए नेपालको राजनीति वाम र दक्षिणपन्थी गठबन्धन गरी दुई स्पष्ट ध्रुवमा विभाजित हुन सक्थ्यो। 'त्यसले स्थिरता र नीति-प्रतिस्पर्धाको नयाँ चरण सुरु गर्न सक्थ्यो,' पोखरेल भन्छन्, 'तर नेतृत्वको असफलताले त्यो सम्भावना समाप्त गरिदियो।'

राजनीतिक विश्लेषक श्याम श्रेष्ठ पनि कम्युनिस्टहरूको पतनको मूल कारण जनअपेक्षा पूरा गर्न नसक्नु भएको बताउँछन्। उनका अनुसार जनताले कम्युनिस्ट दललाई पटक-पटक ठुलो अवसर दिएका थिए, तर ती दलहरूले आर्थिक-सामाजिक रूपान्तरणको अनुभूति दिलाउन सकेनन्। 'राजनीतिक परिवर्तन त भयो, तर जनताको जीवनमा आर्थिक र सामाजिक परिवर्तनको अनुभूति भएन,' श्रेष्ठ भन्छन्, 'लामो समयसम्म प्रतीक्षा गर्दा पनि परिणाम नदेखिएपछि जनता निराश भई नयाँ विकल्पतर्फ मोडिएका हुन्।'

उनका अनुसार निर्वाचन चक्र निरन्तर चलिरहने प्रक्रिया हो। सरकारको कार्यसम्पादनले जनमत बदल्ने भएकाले नयाँ शक्तिहरू पनि जनअपेक्षा पूरा गर्न असफल भए फेरि अर्को असन्तोष जन्मिन सक्ने उनको भनाइ छ। 'सरकारको कार्यसम्पादनले जनमत बदल्छ। अहिले उदाएका नयाँ शक्तिहरू पनि जनअपेक्षा पूरा गर्न सकेनन् भने अर्को असन्तोष जन्मिन सक्छ,' उनले भने।

तर, नेकपा नेता देव गुरुङले भने कम्युनिस्ट दलहरूको पराजयलाई विदेशी शक्ति केन्द्रहरूको रणनीतिसँग जोड्दै बाह्य हस्तक्षेपको आरोप लगाएका छन्। उनका अनुसार जेन-जी आन्दोलन, सामाजिक सञ्जाल विवाद र भ्रष्टाचारविरोधी अभियानलाई प्रयोग गर्दै पुराना दलहरूलाई कमजोर बनाउने योजना बनाइएको थियो र अहिले त्यसको नतिजा आएको छ। 'नेपालका कम्युनिस्टहरूलाई सिध्याउन विदेशी शक्ति केन्द्रहरूको प्रायोजनमा अहिलेको चुनाव गरिएको हो। चुनावको नाटक गरेर युक्रेनमा जस्तै पुराना दल समाप्त पारी दोस्रो जेलेन्स्की जन्माउन खोजिएको छ,' गुरुङ भन्छन्, 'मुख्य तीन दलले एमसिसी स्विकारे पनि एसपिपी लागू गर्न अस्वीकार गरेका कारण नयाँ पात्र खडा गरिएको छ। विदेशीको रणनीति नबुझी मुख्य तीन दलले काउन्टर गर्न नसक्नु कमजोरी भएको छ। यसमा आत्मसमीक्षा गर्दै अगाडि बढ्ने तयारीमा छौँ।'

यस्तै, एमालेका प्रचार संयोजक मीनबहादुर शाहीले भने चुनावी परिणामलाई जनादेशका रूपमा स्विकार्दै पार्टीभित्र व्यापक समीक्षा आवश्यक रहेको बताए। 'अहिलेको आमनिर्वाचनको जनादेश स्विकार्छौँ र सम्मान गर्छौँ। हामीले आकलन नै नगरेको परिणाम आएको छ। धेरै कुराहरूमा समीक्षा-पुनरावलोकन र सुधार गर्नुपर्ने देखिन्छ,' उनी भन्छन्, 'ती सबै पक्षका बारेमा पार्टीको औपचारिक फोरम र संयन्त्रहरूमा घनीभूत छलफल र समीक्षा गरेर अगाडि बढ्नेछौँ।'

पुराना कम्युनिस्ट नेता तथा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले अमेरिकी एजेन्डा नबोक्दा कम्युनिस्ट पार्टी टिक्न नसकेको बताउँछन्। 'कम्युनिस्ट पार्टी फैलिन अमेरिकी साम्राज्यवादको एजेन्डा बोल्नुपर्ने थियो। त्यो एजेन्डा कार्यान्वयन नगर्ने भएपछि कम्युनिस्ट पार्टी टिक्न सकेनन्। अमेरिका चीनसँग लड्नका लागि तम्तयारीका साथ नेपाल आएको छ। अहिलेको चुनावी नतिजा त्यसैको परिणाम हो,' उनको भनाइ छ, '०७९ देखि नै यो षड्यन्त्र भएको थियो। नेपाली जनताले जादुको मन्तर हेरेका छन्। साम्राज्यवादीको ललिपपमा भुलिए। कम्युनिस्ट पार्टी साम्राज्यवादको सिकार भए। एसपिपी पास गर्नका लागि एमसिसी पास गर्नेलाई पनि छाडेन।'

मन्त्रालयको भारले प्रदेशमा चुलिँदै खर्च


जम्बो मन्त्रिपरिषद् बनाउन खुकुलो संवैधानिक प्रावधान, मन्त्रालय घटाउन दिएका सुझाव र प्रतिवेदन भएनन् कार्यान्वयन

प्रदेशले मात्र होइन, संघले पनि मन्त्रालय घटाउनुपर्छ

● **खिमलाल देवकोटा**, संघीयताविद्



म आफैँ राष्ट्रिय सभामा समिति सभापति छँदा प्रदेश सभा सदस्य संख्याको २० प्रतिशत मन्त्री बन्न पाउने प्रावधानलाई १० प्रतिशतमा झार्न भनेको हो। अहिले त पाँचदेखि सात मन्त्रालय मात्रै राख्दा पनि हुन्छ भन्ने बहस उठेको छ। प्रदेशले मात्र होइन, संघले पनि मन्त्रालय घटाउनुपर्छ। संघमा १० देखि ११ मन्त्रालय हुँदा पुग्छ। मन्त्रालय आवश्यकताभन्दा बढी हुँदा त्यसले खर्च बढाएको छ। मन्त्रालयसँगै अनावश्यक कार्यालय र कर्मचारी पनि घटाउनुपर्छ। मन्त्रालय घटाउन सके राम्रो सन्देश दिन्छ।



सुवास भट्ट/नयाँ पत्रिका

सत्ता राजनीतिको खिचातानीका कारण प्रदेशहरूमा मन्त्रालय थप्ने होडबाजी चलेको छ। अधिकारसम्पन्न संघीय प्रशासन पुनर्संरचना समितिले ०७४ मै प्रदेशमा मुख्यमन्त्री कार्यालयसहित सात मन्त्रालय हुनुपर्ने सिफारिस गरे पनि कर्णाली र सुदूरपश्चिमबाहेक पाँच प्रदेशमा मन्त्रालयको संख्या धेरै छ।

सबैभन्दा धेरै बागमतीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १४ मन्त्रालय छन्। त्यस्तै, मधेश र लुम्बिनीमा १२-१२, कोशी र गण्डकीमा नौ-नौ तथा कर्णाली र सुदूरपश्चिममा सात-सात मन्त्रालय छन्।

संविधानको धारा १६८ को उपधारा ९ मा प्रदेश सभाका कुल सदस्य संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्न पाउने व्यवस्था छ। सोही खुकलो प्रावधानका कारण प्रदेशमा मन्त्रालय धेरै छन्। यो व्यवस्थाअनुसार प्रदेश सभा सदस्य संख्या ११० रहेको बागमती प्रदेशले २२ जनासम्म मन्त्री बनाउन सक्छ।

राष्ट्रिय सभाको संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन विशेष समितिले प्रदेश सभा सदस्य संख्याको २० प्रतिशत मन्त्री बन्न पाउने प्रावधानलाई १० प्रतिशतमा झार्न सुझाव दिएको थियो। समितिका तत्कालीन सभापति खिमलाल देवकोटाका अनुसार समितिको सिफारिसलगत्तै मन्त्रिपरिषद्ले यसबारे मापदण्ड बनाउने निर्णय पनि गरेको थियो, तर दुवै अलपत्र परे।

'प्रदेशले मात्र होइन, संघले पनि मन्त्रालय घटाउनुपर्छ। संघमा १० देखि ११ मन्त्रालय हुँदा पुग्छ,' देवकोटाले भने, 'मन्त्रालय आवश्यकताभन्दा बढी हुँदा त्यसले खर्च बढाएको छ। मन्त्रालयसँगै अनावश्यक कार्यालय र कर्मचारी पनि घटाउनुपर्छ। रूपान्तरणका लागि यो उपयुक्त समय हो। अहिले पारदर्शिता र सुशासनको कुरा छ। मन्त्रालयहरू घटाउन सके यसले राम्रो सन्देश दिन्छ।'

प्रदेशमा अस्वाभाविक रूपमा मन्त्रालय र मन्त्री थप्दा व्ययभार बढेको र नागरिकमा संघीयताप्रति नकारात्मक धारणा विकास भएको भन्दै देवकोटा नेतृत्वको समितिले संविधान नै संशोधन गरेर ०८० कात्तिकभित्र मन्त्रीको संख्या घटाउने व्यवस्था गर्न सरकारलाई सिफारिस गरेको थियो। समितिले १० माघ ०७९ मा राष्ट्रिय सभामा पेस गरेको अध्ययन प्रतिवेदनले प्रदेशमा कुल प्रदेश सभा सदस्य संख्याको १० प्रतिशत नबढ्ने गरी मन्त्रिपरिषद् बनाउन सिफारिस गरेको थियो। यो कार्यान्वयन गर्दा प्रदेश मन्त्रिपरिषद् पाँचदेखि ११ सदस्यीयमा सीमित हुने थिए। समितिले संघमा पनि मन्त्रालय संख्या १५ मा झार्न सिफारिस गरेको थियो।

समितिको सिफारिसअघि नै २८ असोज ०७९ को मन्त्रिपरिषद् बैठकले संघीयता कार्यान्वयनसम्बन्धी कार्ययोजना, ०७९ स्वीकृत गर्दै प्रदेशमा रहने मन्त्रालय र मन्त्रीको संख्यालाई चुस्त बनाउन मापदण्ड बनाउने निर्णय पनि गरेको थियो, तर मापदण्ड हालसम्म बनाइएको छैन।

संघीयता कार्यान्वयनका क्रममा ०७४ मा सरकारले गठन गरेको अधिकारसम्पन्न संघीय प्रशासन पुनर्संरचना समितिको प्रतिवेदनले पनि सबै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको संख्या पाँचदेखि सातसम्म मात्रै हुनुपर्ने सिफारिस गरेको थियो। संघीयताको सुरुवाततिर यही सीमाभित्र रहेर प्रदेशमा मन्त्रालयहरू बनेका थिए, तर पछि बढाउँदै लगिए।

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा पटक-पटक संशोधन गरेर प्रदेशहरूले मन्त्रालय संख्या बढाउँदै लगेका छन्। महालेखा परीक्षक कार्यालयको ६२औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष ०८०/८१ सम्ममा बागमतीले ६ पटक, लुम्बिनीले पाँचपटक, मधेश, गण्डकी र कर्णालीले तीन-तीनपटक, कोशीले दुईपटक र सुदूरपश्चिमले एकपटक नियमावली संशोधन गरेर मन्त्रालय संख्या थपघट गरेका छन्।

अधिकारसम्पन्न प्रशासन पुनर्संरचना समितिका अध्यक्ष काशीराज दाहाल राजनीतिक दलहरूसँगसमेत छलफल गरेर संघमा १५ र प्रदेशमा पाँचदेखि सात मन्त्रालय भए पुग्ने भनेर आफूहरूले प्रतिवेदन दिएको बताउँछन्।

उनका अनुसार सुरुका तीन वर्ष बढीमा सातवटा मन्त्रालयमै प्रदेशहरू चलेका थिए। त्यसपछि सरकार फेरिन थालेपछि बेथिति बढेको उनको भनाइ छ।

■ कर्णालीले घटायो एक मन्त्रालय

कर्णाली प्रदेश मन्त्रिपरिषद्को १ मंसिरको बैठकले आन्तरिक मामिला तथा कानुन मन्त्रालय खारेज गर्ने निर्णय गरेको हो। उक्त मन्त्रालय खारेज गरेर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएको छ। योसँगै कर्णालीमा मन्त्रालय संख्या सातमा झरेको छ।

प्रदेशको संगठन संरचना अध्ययन उच्चस्तरीय समितिको प्रतिवेदनको सिफारिसका आधारमा मन्त्रालय घटाइएको हो। पूर्वसचिव लक्ष्मण अर्याल संयोजकत्वको चार सदस्यीय अध्ययन समितिले गत असारमा प्रतिवेदन बुझाउँदै आन्तरिक मामिला तथा कानुन मन्त्रालय खारेज गरी उक्त मन्त्रालयबाट भए/गरेका सबै कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हस्तान्तरण गर्न सिफारिस गरेको थियो।

समितिले जलस्रोत तथा ऊर्जा मन्त्रालयलाई पनि भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा गाभ्न सिफारिस गरेको थियो। मन्त्रालय पुनर्संरचना गरी कुल दरबन्दी (स्थायी र करार) दुई हजार ५२५ नबढ्ने गरी ६ मन्त्रालयमा सीमित गर्न अध्ययन समितिको सुझाव थियो। प्रतिवेदन तयार पार्दाको तथ्यांकअनुसार प्रदेशमा मुख्यमन्त्री कार्यालयसहित आठ मन्त्रालय, प्रदेश सभा, प्रदेश लोकसेवा आयोगसमेत मन्त्रालय र तिनका मातहतमा १३३ निकाय र कार्यालय रहेकामा अध्ययन प्रतिवेदन पूर्ण कार्यान्वयन गर्दा यी निकायको संख्या ७१ हुने प्रतिवेदनमा उल्लेख छ।

अनावश्यक मन्त्रालय खारेज गर्नुपर्छ

● **काशीराज दाहाल**, अध्यक्ष, अधिकारसम्पन्न प्रशासन पुनर्संरचना समिति

अधिकारसम्पन्न प्रशासन पुनर्संरचना समितिले राजनीतिक दलहरूसँगसमेत छलफल गरेर संघमा १५ र प्रदेशमा पाँचदेखि सात मन्त्रालय भए पुग्छ भनेर ०७३ मै प्रतिवेदन दिएको हो। सुरुका तीन वर्ष बढीमा सात मन्त्रालयमै प्रदेशहरू चलेका थिए। त्यसपछि सरकार फेरिन थालेपछि बेथिति बढ्यो। केन्द्रमा गडबड हुनेबित्तिकै प्रदेशमा पनि बिग्रिने नै भयो। यसलाई सही मार्गमा ल्याउन सम्बन्धित मन्त्रिपरिषद्ले मन्त्रालय तोकेर कार्यविभाजन गरे पुग्छ। अनावश्यक मन्त्रालय खारेज गर्नुपर्छ।

बागमतीमा मन्त्रालय ८ मा झार्न र ७०१ कर्मचारी दरबन्दी कटौतीको सिफारिस



बागमती प्रदेशमा मन्त्रालयको संख्या घटाएर आठमा सीमित गर्न तथा ७०१ कर्मचारी दरबन्दी कटौती गर्नुपर्ने सुझाव दिइएको छ। हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १४ मन्त्रालय र पाँच हजारभन्दा बढी कर्मचारी दरबन्दी छ।

प्रदेश प्रशासनिक पुनर्संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिले संरचना र कर्मचारीको बोझिलो संरचना कटौती गर्दै प्रशासनिक संरचना पुनर्संरचना गर्न सरकारलाई सुझावसहित प्रतिवेदन प्रदेश सरकारलाई बुझाएको हो।

पूर्वसचिवसमेत रहेका समितिका संयोजक विमल वाग्लेले बुधबार मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ र उच्चस्तरीय प्रदेश प्रशासनिक पुनर्संरचना निर्देशक समितिका संयोजक तथा कृषिमन्त्री मधुसूदन पौडेललाई प्रतिवेदन हस्तान्तरण गरे। समितिले मन्त्रालय र कार्यान्वयन इकाइबिच अनावश्यक संरचना भए हटाउनुपर्ने सुझाव दिएको छ। प्रदेश दुग्ध विकास बोर्ड र सञ्चार रजिस्ट्रार कार्यालयजस्ता निकायको औचित्यसमेत पुनरावलोकन गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

प्रदेश सभाको पहिलो कार्यकालदेखि नै मन्त्रालय फुटाउने र बढाउने क्रम चल्दै आएको छ। ०७८ भदौमा तत्कालीन मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले मन्त्रालय संख्या आठमा झारेकी थिइन्। त्यसपछि नेकपा (एकीकृत समाजवादी)का राजेन्द्र पाण्डे मुख्यमन्त्री बनेपछि गठबन्धन सरकारका कारण मन्त्रालय संख्या १४ पुऱ्याइएको थियो।

निवर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेलले ०७९ मंसिरमा मन्त्रालय संख्या ११ मा झारेका थिए। तर, गठबन्धन फेरबदलसँगै सत्ता जोगाउन पुनः मन्त्रालय संख्या बढाएर १४ पुऱ्याइएको हो। अध्ययन समितिको प्रतिवेदनअनुसार एक कर्मचारीले औसत ३५ वर्ष सेवा अवधि पूरा गर्दा प्रदेश सरकारलाई ठुलो वित्तीय दायित्व पर्ने भएकाले न्यूनतम दरबन्दी कायम गर्न सुझाव दिएको छ। समितिका अनुसार प्रस्तावित ७०१ दरबन्दी कटौती गर्दा वार्षिक करिब ४८ करोड ५६ लाख रुपैयाँ बचत हुने र ३५ वर्षको अवधिमा करिब १६ अर्ब ९९ करोड रुपैयाँ वित्तीय दायित्व घट्ने अनुमान गरिएको छ।

महानगरले हटायो बस बिसौनीका विज्ञापन सामग्री

काठमाडौं/ काठमाडौं महानगरले सोलारसहितका २५ वटा बस बिसौनीका विज्ञापन सामग्री हटाएको छ। महानगर प्रहरी बलले सार्वजनिक-निजी साझेदारी अवधारणाअन्तर्गत त्रिलोक संरचना प्रालिले ३९ वटा बस बिसौनी निर्माण गरेर राखेका विज्ञापन हटाएको हो। महानगरपालिकाले १४ भदौ ०६९ मा प्रालिसँग पहिलोपटक सम्झौता गरेको थियो। यो सम्झौता २६ चैत ०७१ मा पहिलो पटक र २५ साउन ०७८ मा दोस्रोपटक सम्झौता नवीकरण गरिएको थियो। नगर प्रहरी प्रमुख विष्णुप्रसाद जोशीका अनुसार सम्झौताबमोजिम विज्ञापनदर नबुझाएको विवरणका आधारमा हटाइएको हो। उनका अनुसार प्रालिले पछिल्लो सम्झौताबमोजिम महानगरपालिकाले वृद्धि गरेको विज्ञापन करको दरमा वार्षिक बुझाउनुपर्ने रकम वृद्धि भएको अनुपातमा थप गरेर विज्ञापन कर बुझाउनुपर्ने थियो।

मुख्यमन्त्री शाहले घुस मागेको आरोपबारे छानबिन हुनुपर्ने प्रतिपक्षीको माग

धनगढी/ सुदूरपश्चिममा प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिस्ट पार्टीले मुख्यमन्त्री कमलबहादुर शाहमाथि लागेको घुस मागेको आरोपबारे छानबिन हुनुपर्ने माग गरेको छ। नेकपा संसदीय दलले बिहीबार धनगढीमा गरेको पत्रकार भेटघाट कार्यक्रममा दलका नेता खगराज भट्टले मुख्यमन्त्रीमाथिको आरोपबारे न्यायिक निकायबाट छानबिन हुनुपर्ने माग गरे।

प्रदेशका डिभिजनल वन अधिकृत कृष्णदत्त भट्टले आफ्नो सरुवा रोक्नका लागि मुख्यमन्त्रीले पाँच लाख घुस मागेको आरोप लगाएका थिए। हालै एक सञ्चारमाध्यममा दिएको अन्तर्वार्तामा उनले मुख्यमन्त्रीलाई पाँच लाख घुस दिन नसकेकै कारण आफूलाई डिभिजन वन कार्यालय धनगढीको प्रमुखबाट हटाइएको आरोप लगाएका छन्।

'एकजना जिम्मेवार कर्मचारीले मुख्यमन्त्रीले मसँग यति माग्यो भनेर बोलिसकेपछि यो विषय किनारा लाग्नुपर्‍यो कि परेन ? यो विषय नैतिक प्रश्नभित्र आयो कि आएन,' नेता भट्टले भने, 'पत्रकार बोलाएर यसको हल हुने होइन, संसद्को सार्वजनिक लेखा समिति छ, प्रदेशमा अख्तियार, अन्य थुप्रै छानबिन गर्ने निकाय छन्। त्यसलाई सक्रिय बनाउने कुरा किन भइरहेको छैन।' बुधबार आफ्नो निवासमा सञ्चारकर्मीसँग कुरा गर्दै मुख्यमन्त्री शाहले आफूले घुस नमागेको बताएका थिए।

भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता भन्ने मुख्यमन्त्री आफूमाथि आरोप लाग्दा कुनै कदम चाल्न तयार नभएर लाचार देखिएको प्रतिपक्षीको आरोप छ। 'उहाँले भ्रष्टाचारै गरिसकेको हो वा उहाँले खाएको हो भन्ने आरोप प्रतिपक्षले लगाएको छैन। तर, उहाँमाथि गम्भीर आरोप लागेपछि त्यसलाई किनारा लगाउनुपर्ने परिस्थिति बनाउन गम्भीर देखिनु भएन,' नेता भट्टले भने, 'मन्त्री मुछिँदा बर्खास्त हुनुपर्ने, मुख्यमन्त्रीमाथि आरोप लाग्दा सिंहासनमा बसिरहनुपर्ने नैतिक हो कि होइन ?'

मुख्यमन्त्री कार्यालयले अधिकृत भट्टलाई गत साउनमा धनगढीबाट डिभिजन वन कार्यालय पहलमानपुर सरुवा गरेको थियो। ऐनविपरीत सरुवा गरिएको भन्दै भट्टले उच्च अदालतमा रिट दायर गरेका थिए। सुरुमा अन्तरिम आदेशबाट सरुवा रोकेको अदालतले पछि त्यसलाई निरन्तरता दिएन। प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री शाहले आफैसँग राखेका छन्। घुससम्बन्धी अडियो रेकर्ड बाहिरिएपछि तत्कालीन नागरिक उन्मुक्ति पार्टीका मन्त्री लक्ष्मणकिशोर चौधरीलाई हटाएर शाहले रामेश्वर चौधरीलाई मन्त्री नियुक्त गरेका थिए, तर आर्थिक विवादमा मुछिएपछि रामेश्वरलाई पनि मुख्यमन्त्रीले गत असारमा पदमुक्त गरेर उक्त मन्त्रालयको जिम्मेवारी आफैँसँग राखेका छन्।

पार्टीको हारपछि ओलीको प्रतिक्रिया- जनताको फैसला शिरोधार्य छ

काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीले प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामलाई शिरोधार्य गर्ने बताएका छन्। एमालेले ०४८ पछिकै खराब निर्वाचन परिणाम ल्याए पनि त्यसबारे मौन रहँदै आएका ओलीले बिहीबार सामाजिक सञ्जालमार्फत निर्वाचनको परिणामलाई शिरोधार्य गर्ने बताएका हुन्। झापा ५ का उम्मेदवारसमेत रहेका ओली रास्वपाका नेता बालेन्द्र शाह बालेनसँग पराजित भएका थिए। 'यसपटकको निर्वाचनमा मैले अपेक्षा गरेजस्तो परिणाम प्राप्त गर्न सकिनँ। हाम्रो पार्टीले पनि अपेक्षित परिणाम ल्याउन सकेन,' ओलीले भनेका छन्, 'लोकतन्त्रमा अन्तिम फैसला जनताकै हुन्छ। र, त्यो फैसला शिरोधार्य गर्नु म र मेरो पार्टीको कर्तव्य हो। जनताको मतलाई म पूर्ण सम्मानका साथ स्वीकार गर्दछु।'

अधिवक्ता माननीय

के भन्छन् अधिवक्ताबाट सांसद बनेकाहरू ?

शिल्पा कर्ण/नयाँ पत्रिका

कालो कोट लगाएर अदालतमा बहस गर्ने कानुन व्यवसायी २१ फागुनको प्रतिनिधिसभा निर्वाचनबाट सांसद बनेका छन्। अब उनीहरूले मुद्दाको वादीप्रतिवादीका तर्फबाट होइन आफू निर्वाचित दलका तर्फबाट सदनमा भाग लिनेछन्। र, कानुन निर्माणदेखि सरकारलाई रुलिङ गराउने भूमिका रहनेछन्।

यसपटक अधिवक्ता यज्ञमणि न्यौपाने, सुलभ खरेल, सस्मित पोखरेल, मनीष खनाल, गोविन्द पन्थी संसद् पुगेका छन्। अधिवक्ता सोविता गौतम र सुहाङ नेम्वाङ दोहोरिएर सांसद बनेका छन्। त्यस्तै, कानुन पृष्ठभूमिका गणेश धिमाल, ठाकुरसिंह थारू, मोहनलाल आचार्य र मधुकुमार चौलागाईं पनि सांसदमा निर्वाचित भएका छन्।

कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनका महासचिव केदार कोइरालाले शैक्षिक तथा पेसागत पृष्ठभूमि खुलेकाहरू पनि सांसद बनेको, तर सबैको विवरण प्रस्ट रूपमा प्राप्त नभएको बताए। 'संसद्मा पहिला पनि अधिवक्ताहरू हुनुहुन्थ्यो, तर यसपटक उल्लेख्य संख्यामा हुनुहुन्छ। युवाहरू पनि आउनुभएको छ,' उनले भने, 'उहाँहरूले विधायिकी काममा सहयोग पुऱ्याउनुहुनेछ। प्रतिनिधिसभा सदस्यको मुख्य काम नै कानुन निर्माण हो। व्यवस्थापिका कार्यपालिकाभन्दा फरक संस्था हो, जसले चेक एन्ड ब्यालेन्सको भूमिका खेल्छ। कानुन व्यवसायीहरूले संविधानको पालना र कानुनको शासन मजबुत बनाउन भूमिका खेल्ने अपेक्षा गरेका छौं।'

हुन त यसअघि पनि कानुन व्यवसायी पृष्ठभूमिका व्यक्ति व्यवस्थापिकाका उच्च पदसम्म पुगिसकेका छन्। पूर्वसभामुखहरू दमननाथ ढुंगाना, सुवास नेम्वाङ र तारानाथ रानाभाट उदाहरण हुन्।



अधिवक्ता यज्ञमणि न्यौपाने मोरङ १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्। उनले श्रम संस्कृति पार्टीकी शान्ति पाख्रिन लामालाई करिब १० हजार मतले पराजित गरे। न्यौपानेले कानुन विषयसँगै त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका छन्। उनी यसअघि रास्वपामा अनुशासन आयोग सदस्य थिए। 'पार्टीभित्र सुशासन कायम राख्न काम गरौं,' न्यौपानेले भने, 'प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बनेर निर्वाचित भएको छु।'

राष्ट्रिय महत्त्वका मुद्दामा सर्वोच्च अदालतमा बहस गरेका युवा अधिवक्ता सुलभ खरेल पनि रुपन्देही २ बाट निर्वाचित भएका छन्। २८ वर्षीय खरेलले एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई पराजित गरेका हुन्। खरेलले नेपाल ल क्याम्पसबाट कानुनमा स्नातक गरेका हुन् भने स्नातकोत्तर अध्ययन अमेरिकाबाट पूरा गरेका छन्। खरेलले कानुनी राज्य सुदृढ गर्ने र भ्रष्टाचार नियन्त्रणमा पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। 'यो लाभको पद होइन, सार्वजनिक सेवाको पद हो,' उनले भने, 'कानुनी राज्य बलियो बनाउन संस्थागत सुधार आवश्यक छ।'

चितवन ३ बाट निर्वाचित सोविता गौतम भने दोस्रोपटक सदनमा पुगेकी हुन्। ०७९ को निर्वाचनमा काठमाडौं २ बाट विजयी उनी यसपटक चितवन ३ बाट निर्वाचित भइन्। ३० वर्षीया गौतमले नेसनल कलेजबाट बिएएलएलबी अध्ययन पूरा गरेकी हुन्। पत्रकारिता र कानुन दुवै क्षेत्रमा अनुभव भएकी उनी अघिल्लो संसद्मा कानुन, न्याय तथा मानव अधिकार समितिमा थिइन्।

काठमाडौं ५ बाट सस्मित पोखरेल विजयी भएका छन्। उनले अमेरिकामा प्रारम्भिक शिक्षा हासिल गरेका छन् भने काठमाडौं स्कुल अफ लबाट कानुनमा स्नातक गरेका हुन्।

नवलपरासी (पूर्व) २ बाट २६ वर्षीय मनीष खनाल निर्वाचित भएका छन्। नेपाल ल क्याम्पसबाट स्नातक गरेका उनले ४१ हजारभन्दा बढी मत ल्याए। उनले ०८२ जेठमा मात्र अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेका थिए।

गुल्मी २ बाट विजयी गोविन्द पन्थी पूर्वप्रहरी अधिकृतसमेत हुन्। 'कतिपय कानुन एक-अर्कासँग बाझिएका छन्, केही अव्यावहारिक पनि छन्,' पन्थीले भने, 'त्यसमा संशोधन आवश्यक छ। कानुन प्रक्रियामुखी होइन, व्यावहारिक हुनुपर्छ।'

कानुन पृष्ठभूमिका गणेश धिमाल (बारा १), ठाकुरसिंह थारू (बर्दिया १), मोहनलाल आचार्य (कपिलवस्तु १) र मधुकुमार चौलागाईं (काभ्रेपलाञ्चोक १) पनि निर्वाचित भएका छन्।



निर्वाचन परिणाम : आवेग कि रूपान्तरणको खोजी ?

नेपालको संसदीय इतिहासमा एउटा 'राजनीतिक भुइँचालो' साबित भएको २१ फागुनको आमनिर्वाचनमार्फत प्रकटित जनमतको सम्मान गरिनुपर्छ



● इन्द्रप्रसाद गोतामे (जगतजंग)

अग्रलेख

नेपालको राजनीतिक इतिहासमा विगत ७५ वर्षको कालखण्डलाई हेर्दा ६६ वटा सरकार परिवर्तन हुनु र प्रदेश सरकार पनि उत्तिकै अस्थिर रहनु नेपाली राजनीतिकै ठुलो समस्या हो। यो चरम अस्थिरता कुनै संयोग मात्र होइन, बरु नेपालको लोकतान्त्रिक प्रणालीको जगमै रहेको दार्शनिक तथा संरचनात्मक त्रुटिको परिणाम हो। आज देश गरिबी, भ्रष्टाचार, अविकास, कर्मचारीतन्त्रमा रहेको अपारदर्शिता, ढिलासुस्ती र दलाल पुँजीवादको जालोमा नराम्ररी फसेको छ।

युवाको विदेश पलायन, नकारात्मक मानसिकता र लोकप्रियतावादी प्रवृत्तिको प्रभावमा समाज परेको छ। सामाजिक सञ्जालमा प्रवाहित हुने छोटा र प्रायोजित सामग्रीबाट जनमत बन्ने, कथित बुद्धिजीवीको मनोगत विश्लेषणबाट भ्रम फैलिने र मध्यमवर्गीय चेतनामा रहेको निम्न पुँजीवादी प्रभावले देशलाई गाँजेको छ। पहिलो विश्वका विकसित मुलुकसँग नेपाललाई दाँजेर गरिने सतही र गलत तुलनाले गर्दा आमजनतामा तीव्र नैराश्य र घृणा पैदा भएको छ। यो अवस्थाले 'व्यवस्था त बदलियो तर जनताको जनजीवन बदलिएन' भन्ने कटु यथार्थलाई पुष्टि गरेको छ।

आज नेपाललगायत विश्वका धेरै देशमा 'जेन-जी' आन्दोलनको रापताप फैलिएको छ। २३ र २४ भदौको युवा विद्रोहले राजनीतिक दललाई पुरानो शासकीय मानसिकताबाट मुक्त हुन कडा धक्का दिएको छ। पृथ्वीनारायण शाहको पालादेखि आजसम्म शासक फेरिए तर शासन गर्ने शैली र सामन्ती मानसिकता फेरिएन। शासन व्यवस्था जनताको पहुँचमा पुग्नै सकेन। जेन-जीको विद्रोहले जनताले निर्णय गर्ने र प्रतिनिधिले केवल लागू गर्ने प्रणालीको माग गरेको छ। यो केवल एक राजनीतिक घटना नभएर ठुलो सांस्कृतिक क्रान्ति हो। यसले दशकौंदेखि चलिआएको 'अभिभावकत्व'को राजनीतिलाई अस्वीकार गर्दै 'स्वायत्त नागरिक' को चेतनालाई मुखरित गरेको छ। यो त्यस्तो राजनीतिक 'सिफ्ट' हो, जसले सबै पुराना पार्टी तथा नेतृत्वको कार्यशैलीमा आमूल परिवर्तनको माग गरेको छ।

२१ फागुनको आमनिर्वाचन नेपालको संसदीय इतिहासमा एउटा 'राजनीतिक भुइँचालो' साबित भएको छ। यसलाई नकारात्मक रूपबाट मात्र हेरिनु हुँदैन, बरु जनताको अभिमतको सम्मान गरिनुपर्छ। दशकौंदेखि नेपाली राजनीतिको केन्द्रमा रहेका र 'सर्वहाराको अधिनायकत्व' वा 'एक्काइसौँ शताब्दीको जनवाद' वा 'जनताको बहुदलीय जनवाद'का नाराले जनमत बटुल्दै आएका कम्युनिस्ट पार्टीहरू मात्र होइन, परम्परावादी नवउदारवादी पुँजीवादी शक्ति पनि यसपटक नराम्ररी रक्षात्मक अवस्थामा पुगेका छन्।

जनताले रास्वपालाई दिएको दुईतिहाइको मतलाई 'आवेग' भन्नु सस्तो विश्लेषण मात्र हुन्छ। यदि त्यो केवल आवेग हुन्थ्यो भने यति ठुलो जनमत निर्माण हुने नै थिएन। यो आवेग, आक्रोश र विवेकको सम्मिश्रण हो। जनताले पुराना शक्तिहरूको सान्दर्भिकतामाथि नै प्रश्न गरेका छन्। हिजो माओवादीले उठाएका कतिपय मुद्दा आज तिनै युवापुस्ताले सडकबाट उठाइरहेका छन्। यो निर्वाचनले वैकल्पिक शक्तिलाई नेपालको मूल धारमा ल्याएको छ र यो सन्देश दिएको छ कि- 'पुराना अनुहार र उस्तै व्यवहार'बाट वाक्कदिक्क भएका मतदाताले अब विकल्प खोज्नु अनिवार्य भइसकेको थियो र मत परिवर्तन गरे।

६२ प्रतिशत कम्युनिस्ट जनमत लोकप्रियतावादीतिर जानुको पछाडि गम्भीर आत्मसमीक्षाको खाँचो छ। १. विगत ३२ वर्षमा कम्युनिस्टहरू पटक-पटक सरकारमा पुगे, तर शिक्षा, स्वास्थ्य र रोजगारीमा कुनै ठोस सुधार ल्याउन सकेनन्। 'क्रान्ति' र 'सिद्धान्त'का ठुला गफ दिने तर व्यवहारमा सुस्त कार्यसम्पादन गर्ने प्रवृत्ति नै पराजयको मुख्य कारण बन्यो। २. एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादीबिचको निरन्तरको शक्ति संघर्ष र विभाजनले कार्यकर्ता, समर्थक र जनतामा चरम निराशा पैदा गऱ्यो। ३. नयाँ मतदाताले सिद्धान्तभन्दा 'नतिजा' र 'ग्ल्यामर' खोज्छन्। रास्वपाले डिजिटल प्लेटफर्ममार्फत यो तप्कालाई सजिलै आकर्षित गऱ्यो, जबकि कम्युनिस्टहरू आफ्नो परम्परागत शैलीमै अल्झिए। ४. 'सर्वहारा'को कुरा गर्ने तर व्यवहारमा 'नव-धनाढ्य' वर्गका रूपमा देखिने प्रवृत्तिलाई जनताले रुचाएनन्। कम्युनिस्टभित्र बढ्दै गएको वर्ग उत्थान र सम्पत्ति सञ्चयको प्रवृत्तिलाई नियन्त्रण गर्ने कुनै ठोस विधि नबन्नु पार्टीहरूको सबैभन्दा ठुलो कमजोरी हो।

कम्युनिस्टहरूले आफ्नो अस्तित्व रक्षाका लागि आफैँलाई आमूल परिवर्तन गर्न अबको नीतिगत रोडम्याप यस्तो हुनुपर्छ : १. २०औँ शताब्दीको शास्त्रीय कम्युनिस्ट भाषा अबको पुस्ताले बुझ्दैन। सिद्धान्तलाई 'डिजिटल अर्थतन्त्र' र 'नव-उदारवाद तथा व्यवहारवादी समाजवादलाई वैज्ञानिक समाजवादको विकल्प'सँग जोडेर सरल भाषामा प्रस्तुत गर्नुपर्छ। २. ठेकेदार, बिचौलिया र अवसरवादीको कब्जाबाट पार्टीलाई मुक्त गरी इमानदार र बौद्धिक युवालाई नेतृत्व सुम्पिनुपर्छ।



३. अबको राजनीति 'विपक्षको विरोध' गरेर मात्र सम्भव छैन। कम्युनिस्टहरूले शिक्षा र स्वास्थ्यको पूर्ण सरकारी ग्यारेन्टी गर्ने स्पष्ट 'मोडल' प्रस्तुत गर्न सक्नुपर्छ। ७० प्रतिशत प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी वैज्ञानिक र व्यावहारिक शिक्षा नीति लागू गरिनुपर्छ। स्वास्थ्यमा पाँच लाख रुपैयाँसम्मको स्वास्थ्य बिमा सुनिश्चित गर्दै बिमा कार्डलाई नगदसरह स्मार्ट कार्ड बनाई जुनसुकै अस्पतालमा विनाझन्झट उपचार पाउने व्यवस्था गरिनुपर्छ। ४. किसानको जीवनस्तर उठाउनका लागि उत्पादित कृषि सामग्रीको उचित मूल्यसहितको स्थानीय, प्रदेश तथा केन्द्रीय सरकारको समन्वयमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म लैजाने ग्यारेन्टी गर्दै कृषि बिचौलियाको अन्त्य गर्नुपर्छ र उत्पादनका आधारमा सरकारी अनुदान तथा जग्गा बाँझो राख्न नपाइने नीति लागू गर्नुपर्छ। ५. विद्युत्को स्थानीयलाई १० प्रतिशत सेयर, अति प्रभावितलाई निःशुल्क सेयर तथा 'आइएलओ १६९'अनुसार जल, जमिन, जंगलको अग्राधिकारको ग्यारेन्टीका लागि कम्तीमा १०० युनिटसम्म निःशुल्क विद्युत् उपलब्ध गराउनुपर्ने नीति लागू गर्नुपर्छ। ६. युवाका लागि इन्टरनेट निःशुल्क गरिनुपर्छ। आइटी हब निर्माण गरी रोजगार र स्वरोजगारका लागि विनाधितो तथा व्यवसाय धितोमा ऋण तथा ब्याज अनुदानको सरल नीति लागू गर्नुपर्छ। ७. सुशासन, सामाजिक न्याय र समृद्धिलाई मूल मन्त्र मानी भ्रष्टाचारमुक्त समाज निर्माण र कर्मचारीतन्त्रको ढिलासुस्ती अन्त्य गर्न सबै सरकारी कामकाजलाई डिजिटल सेवामा लैजान र चुस्त सेवा प्रवाह सुनिश्चित गरी सबै सेवालाई मोबाइल एपमार्फत घरदैलोमा पुऱ्याइने नीति लागू हुनुपर्छ। ८. सबै श्रमिक, कर्मचारीको श्रम मूल्य अन्तर्राष्ट्रिय मापदण्डअनुसार निर्धारण गरिनुपर्छ। ९. देशमा उपलब्ध प्राकृतिक स्रोतको दोहन होइन, दिगो र जनपक्षीय सदुपयोगमार्फत 'राष्ट्रिय पुँजी' निर्माणसँगै रोजगारी सिर्जना गरी परनिर्भरता अन्त्य गर्नुपर्छ।

> रास्वपाको दुईतिहाइको विजय कम्युनिस्टहरूको अन्त्य होइन, बरु यो एउटा कठोर 'वेक-अप कल' हो। कम्युनिस्टहरूले वेलैमा इमानदारी, पारदर्शिता र डेलिभरी दिन सकेनन् भने उनीहरू इतिहासको पानामा मात्र सीमित हुनेछन्।

१०. नदी, खोला र खहरेमा रहेका ढुंगा, गिटी, बालुवालाई ठेकेदारको पक्षमा होइन, जनताको पक्षमा हुने नीति बनाई देश विकासमा प्रयोग गर्ने र बचत भएको सामग्रीलाई निर्यात गर्न सकिने नीति लागू गर्नुपर्छ। ११. नदी नियन्त्रण र बगर व्यवस्थापनबाट प्राप्त हुने लाखौँ बिघा जग्गामा 'सामूहिक खेती' प्रणाली लागू गरी कृषि क्रान्तिको नीति लागू गरिनुपर्छ। १२. वनको वैज्ञानिक व्यवस्थापन गरी काठमा आत्मनिर्भर बन्ने र बहुमूल्य काठ निर्यातको ढोका खोल्ने नीति लागू गर्नुपर्छ। १३. फलाम, तामा, युरेनियम र सुनजस्ता खनिज पदार्थको वैज्ञानिक उत्खनन् गरी देशको अर्थतन्त्रमा 'धक्कापूर्ण' परिवर्तन ल्याउन सक्नुपर्छ। १४. सरकारमा रहँदा मात्र सक्रिय हुने प्रवृत्ति त्यागेर जनताका ससाना समस्या समाधानमा फेरि सडकबाटै जोडिनुपर्छ। १५. नेपाल एकध्रुवीय विश्व व्यवस्था र व्यापार युद्धको चपेटामा छ। यस्तो वेला नेपालले असंलग्न, सन्तुलित र समदूरीको परराष्ट्र नीति अपनाउनुपर्छ। कुनै पनि शक्ति राष्ट्रको गोटी बन्नु देशको हितमा छैन। राष्ट्रियतामाथिको संकटलाई सचेत ढंगले परास्त गर्न 'राष्ट्रियवादको अराजकता'बाट बच्दै, वास्तविक तटस्थता अपनाउनुको विकल्प छैन। नेपालको आन्तरिक राष्ट्रियता सुदृढ गर्दै छिमेकीसँगको सम्बन्धलाई सन्तुलित बनाउनुपर्छ।

परम्परागत, भद्दा र संकीर्ण संसदीय व्यवस्थाको विकल्पमा उन्नत लोकतन्त्रको खाका कोर्नुपर्छ। यसका लागि : १. केन्द्र र प्रदेशमा प्रत्यक्ष कार्यकारी प्रमुख र सानो आकारको विज्ञहरूको मन्त्रिमण्डल निर्माण गर्नुपर्छ। २. पूर्ण समानुपातिक निर्वाचन प्रणाली, जसमा नागरिकता प्राप्त गर्ने उमेर नै मतदानको उमेर हुनुपर्छ। जनतालाई 'राइट टु रिकल' र 'नो भोट'को अधिकार सुनिश्चित गरिनुपर्छ। ३. प्रदेशलाई कम खर्चिलो, सेवामुखी र पहिचानमा आधारित संरचनामा बदल्नुपर्छ। ४. कर्मचारीतन्त्र र उच्चपदस्थको सम्पत्ति छानबिन गर्नुका साथै न्याय क्षेत्रलाई पुनर्संरचना नगर्दासम्म सुशासन सम्भव छैन। सेनालाई पनि विकास र उत्पादनका कार्यमा पारदर्शी ढंगले जोड्नुपर्छ।

कम्युनिस्ट जनमत 'हराएको' होइन, केवल 'भड्किएको' मात्र हो। त्यसका लागि : १. साना-मसिना इगो त्यागेर विचार मिल्ने कम्युनिस्ट शक्तिबिच कार्यगत एकता वा बृहत् ध्रुवीकरण गर्दै जनविश्वास जित्न सक्नुपर्छ। २. 'टेस्ट' भइसकेका पुराना नेताले अभिभावकीय भूमिकामा बसेर नेतृत्व हस्तान्तरणको विधि तय गर्नुपर्छ। ३. सामाजिक सञ्जाल र प्रविधिलाई केवल प्रचारका लागि मात्र नभई जनतासँग प्रत्यक्ष संवादका लागि संगठनका रूपमा प्रयोग गर्नुपर्छ। ४. पार्टी कार्यकर्तालाई राजनीतिसँगै उत्पादन र श्रमको काममा जोडेर आत्मनिर्भर बनाउनुपर्छ।

रास्वपाको दुईतिहाइको विजय कम्युनिस्टहरूको अन्त्य होइन, बरु यो एउटा कठोर 'वेक-अप कल' हो। कम्युनिस्टहरूले समयमै इमानदारी, पारदर्शिता र डेलिभरी दिन सकेनन् भने उनीहरू इतिहासको पानामा मात्र सीमित हुनेछन्। तर, उनीहरूले आफूलाई बदल्न सके र साँच्चै शासक होइन, सेवक बने भने नेपालको मौलिक माटोमा कम्युनिस्ट जनमत फेरि पनि फर्कने सम्भावना जीवितै छ। 'राजनीतिक रूपान्तरण' हुनु नै अहिलेको प्रमुख राष्ट्रिय कार्यभार हो। पश्चगामी होइन, जेन-जीको शक्तिलाई साथ लिएर अग्रगामी बाटो रोज्नुपर्छ। अन्तर्राष्ट्रिय सम्बन्ध र व्यापार नीतिमा आमूल परिवर्तन, परनिर्भरताको अन्त्य गर्दै अन्तरनिर्भरताको सुदृढीकरण, आन्तरिक राष्ट्रियता सुदृढ गर्दै जनता र राष्ट्रियतालाई केन्द्रमा राखी राष्ट्रिय मेलमिलापसहित उन्नत लोकतन्त्रको विकास गर्नुपर्छ।

स्वतन्त्रता, समानता, भ्रातृत्व र पहिचानसहित नेपालको मौलिकतामा आधारित, जनसहभागितासहितको 'म र हामी', निजी तथा सामूहिक सम्पत्ति तथा पुँजीवाद, समाजवाद र लोकप्रियतावादको समायोजन गर्दै पूर्ण लोकतन्त्र वा व्यावहारिक तथा वैज्ञानिक समाजवादको नयाँ मोडेल विकास गर्नुपर्छ। कम्युनिस्ट जनमत हराएको होइन, केवल भड्किएको मात्र हो। यसलाई सही दिशा दिनु र जनताको विश्वास आर्जन गर्नु नै अबको वास्तविक 'राजनीतिक रूपान्तरण' हो।

(गोतामे बागमती प्रदेश सभा सदस्य हुन्)

३ प्रश्न

दलित अधिकारकर्मी **रूपा सुनार**लाई



इनिशा विकको बलात्कारपछि भएको हत्याले हाम्रो समाजको कस्तो चित्र देखाएको छ ?

हाम्रो समाज पूर्णतः पितृसत्तात्मक संरचनामा आधारित छ। बिहानदेखि बेलुकासम्मका हरेक गतिविधिमा पितृसत्ताको झल्को देखिन्छ। हाम्रा विद्यालय, कलेज र विश्वविद्यालयमा यसबारे पढाइ हुँदैन। नर्सरीदेखि विश्वविद्यालय तहसम्मै महिलालाई वस्तुका रूपमा व्यवहार गरिन्छ। स्वतन्त्रताका नाममा उनीहरूलाई नंग्याइन्छ। हाम्रो समाज विचारविहीन दिशामा गइरहेको छ। यहाँ समाज रूपान्तरणको बहस हुँदैन, खालि डेलिभरी मात्र खोजिन्छ। समाजमा महिलाले के गर्न हुन्छ र के गर्न हुँदैन भन्ने कथित सामाजिक नियम बनेका छन्। घरबाटै पुरुषलाई बलशाली र महिलालाई कमजोर वर्गका रूपमा चिनाइन्छ। जसले गर्दा घरघरमै बलात्कारी हुर्किरहेको अवस्था छ। त्यसैको प्रकटीकरण हो, इनिशा विक, अन्य बलात्कृत या बलात्कारपछि हत्या भएका बालिकादेखि वृद्धासम्मका कथाव्यथा।

यस्ता घटना बारम्बार दोहोरिइरहनुमा के-कस्ता कारण जिम्मेवार हुन सक्छन् ?

मुख्यतः यस्ता जघन्य अपराधका घटना बारम्बार दोहोरिइरहनुमा हाम्रो समाजको सामाजिक संरचना र पितृसत्तात्मक सोच नै मुख्य जिम्मेवार छन्। जबसम्म पीडकलाई पुरुष भएकैले जस्तोसुकै अपराधमा क्षमा दिने र जतिसुकै पीडित भए पनि बलात्कार या बलात्कारपछिको हत्याका लागि महिलालाई नै जिम्मेवार ठहऱ्याउने गलत सोच हट्न सक्दैन, तबसम्म यस्ता घटना बारम्बार दोहोरिइरहनेमा शंका छैन।

यस्ता जघन्य अपराधमा पीडित पक्षले न्याय पाउन किन कठिन भइरहेको होला ?

यस्ता अधिकांश अपराधमा पीडित पक्ष समाजको पिँधमा रहेको कमजोर वर्ग हुने गरेको छ। यस्तो अवस्थामा उनीहरूका पक्षमा ठुलो आवाज मुखरित हुनै सक्दैन। यदाकदा विरोधका स्वर सुनिइहालेमा पनि त्यो केही दिनमै मत्थर हुन्छ र तिनलाई थकाएर हात उठाउन बाध्य पारिन्छ। कानुन कडा भए पनि तिनको कार्यान्वयनमा पितृसत्तात्मक सोच हाबी छ। त्यसैले गर्दा पनि पीडितले न्याय पाउन कठिन भएको हो।

प्रेरक प्रसंग

कसको आयु लामो ?

वृद्धावस्थामा पुगेपछि एक साधुलाई आफू जीवनको अन्तिम प्रहरमा पुगेको महसुस भयो। उनले आफ्ना शिष्यलाई आश्रममा बोलाए। सबै आइपुगेपछि उनले मुख 'आँ' गरेर देखाउँदै भने- मेरो मुखमा कति दाँत बाँकी रहेछन्, कसैले गन त। शिष्यहरूले ध्यानपूर्वक उनको मुख नियाले। सबैले एक स्वरमा भने- गुरुदेव, हजुरको मुखमा त एउटा पनि दाँत छैन। साधुले फेरि सोधे- मेरो जिब्रो त बाँकी छ नि होइन ? सबैले फेरि एकै स्वरमा जबाफ दिए- हो, हजुरको जिब्रो अझै बाँकी छ।

साधुले हल्का मुस्कुराउँदै भने- म जन्मिँदा पनि मेरो मुखमा जिब्रो थियो। अहिले मर्ने समयमा पनि यो जस्ताको तस्तै सुरक्षित छ। मेरा दाँत मभन्दा आठ महिनापछि जन्मिए, तैपनि ती सबै जिब्रोभन्दा अगाडि नै गइसके। यसको के कारण हुन सक्छ ? कसैले मलाई बताऊ त। शिष्यहरूले भने- हामीलाई यसको रहस्य थाहा छैन गुरुदेव ! हजुरले नै हामीलाई यसको रहस्य बताईदिनुपऱ्यो।

पुनः अलिअलि मुस्कुराउँदै साधुले भने- यही सब बुझ्नाउन नै मैले तिमीहरूलाई यहाँ बोलाएको हुँ। जिब्रोमा माधुर्य थियो, कोमलता थियो। त्यसैले, त्यो आजसम्म मेरो मुखमा पहिलेजस्तै सुरक्षित छ। तर, दाँतमा सुरुदेखि नै कठोरता थियो। त्यसैले, उनीहरू पछि जन्मेर पनि छिटै समाप्त भए। कठोरताका कारण उनीहरू दीर्घजीवी बन्न सकेनन्। त्यसैले, तिमीहरू पनि दीर्घजीवी बन्न चाहन्छौं भने कठोरता छोड र कोमलतालाई ग्रहण गर।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रत्यारोपणलाई सहज बनाऊ

नयाँ पत्रिकामा धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रका पूर्वनिर्देशक डा. पुकारचन्द्र श्रेष्ठको 'विकराल बन्दै मिर्गौला रोग' शीर्षकको लेख पढियो। पछिल्लो समय नेपालमा मिर्गौला रोगीको संख्या निकै बढिरहेको तथ्यांक कसैबाट लुकेको छैन। मिर्गौला रोग लागिसकेपछि ठुलो रकम खर्च गरेर प्रत्यारोपण गर्नुको विकल्प छैन। तर, हाम्रो देशको मानव अंग प्रत्यारोपणसम्बन्धी कानुनका व्यवस्था निकै कठोर रहेका हुनाले मिर्गौला प्रत्यारोपण गर्न त्यति सहज छैन। स्वदेशी कानुनको कठोर व्यवस्थाका कारण यहाँ १०-१२ लाखमा हुने प्रत्यारोपणका लागि भारतमा २५-३० लाख खर्चिन बाध्य छन् नेपाली। त्यसैले सम्भव भएसम्म प्रत्यारोपणसम्बन्धी कानुनमा सहजता ल्याऊ र स्वदेशमै अंग प्रत्यारोपण गर्न सजिलो गराऊ।

● **प्रवीण कायस्थ**, सुकेधारा, काठमाडौं

महँगी नियन्त्रण गर्ने कसले ?

यतिखेर देशमा विगत ११ महिनायताकै उच्च मूल्यवृद्धि भएको छ। विशेषगरी, मध्यपूर्वको युद्धका कारण आपूर्ति व्यवस्थामा समस्या आउँदा यसरी मूल्य बढेको दाबी गरिँदै छ। तर, यसअघि नै आयात गरिसकिएका सामग्रीमा पनि अकस्मात् मूल्य बढाउनु भनेको सरकारविहीनताको अवस्था आउनु हो। यसरी मनोमानी रूपमा व्यापारीले मूल्य बढाएर आमउपभोक्ताको ढाड भाँच्ने कार्य गर्दा पनि किन सरोकारवाला मौन छन् ? के यहाँ महँगी नियन्त्रण गर्ने कोही छैन ?

● **सुमित्रा चेमजोङ**, फैका, काठमाडौं

कर्मचारीले गर्लान् त सहयोग ?

नेपाल सरकारका पूर्वसचिव गोपीनाथ मैनालीको 'राजनीतिक परिवर्तनले खोज्ने प्रशासनिक सहयोग' शीर्षकको लेख पढियो। लेख पढेपछि केही लेख्न मन लाग्यो। मैनालीले कर्मचारीले राजनीतिक परिवर्तनपछि आफूमा पनि रूपान्तरण गरी सहयोग पुऱ्याउनुपर्ने तर्क गरेका छन्। उनको यो तर्क बिल्कुलै जायज छ। तर, प्रश्न उठ्छ- के राजनीतिको दौराको फेर समातेर वैतरणी तर्ने कर्मचारीले राजनीतिक परिवर्तनपछिको नयाँ सरकारलाई उसको गतिमा मति मिलाउँदै साथ र सहयोग गर्लान् त ?

● **सुकीर्ति भण्डारी**, सामाखुसी, काठमाडौं

स्वस्थ बन्ने कि रोगी ?

बिहीबार संसारभर 'सबैका लागि मिर्गौला स्वास्थ्य : मानिसको हेरचाह, पृथ्वीको संरक्षण' भन्ने नाराका साथ विश्वभर मनाइयो। मिर्गौला हाम्रो शरीरको निकै महत्त्वपूर्ण अंग हो। यसलाई हामीले जति स्वस्थ राख्न सक्छौं, हाम्रो जीवन त्यति नै सुखी रहन सक्छ। साथै, मिर्गौलालाई स्वस्थ राख्न सकिएन भने एकातिर हामीले दुःखसाथ जोडेको सम्पत्ति स्वाहा हुन्छ भने अर्कातिर हाम्रो अमूल्य जीवन अकालमै जान सक्छ। त्यसैले, अब स्वस्थ बन्ने कि रोगी ? निर्णय गर्न ढिलो गर्नुहुँदैन।

सामान्यतया आवश्यकताभन्दा कम पानी पिउने बानीले हाम्रो मूल्यवान् मिर्गौलालाई निकम्मा बनाएर हाम्रो ज्यानसमेत लिन सक्छ। यसबाट जोगिन हामीले दैनिक पर्याप्त पानी पिउने बानी बसाल्नुपर्छ। यसका साथै, कतिपय औषधीको प्रयोगबाट पनि हाम्रो मिर्गौला रोगी हुन सक्छ। त्यसैले त्यस्ता औषधीको प्रयोगमा पनि हामी गम्भीर बन्नुपर्छ र चिकित्सकको सल्लाहविना त्यस्ता औषधी सेवन गर्नुहुँदैन। यसका साथै, हाम्रो नियमित खानपान, व्यायामलगायत पक्षले पनि हाम्रो मिर्गौलालाई क्षति पुऱ्याउन सक्छन्।

मिर्गौलामा समस्या देखियो भने यसको उपचारमा ठुलो खर्च लाग्छ। त्यसैले रोग लाग्नुभन्दा अगाडि नै रोगको अवस्थाबारे थाहा पाउन कम्तीमा पनि वर्षमा एकपटक आफू र आफ्ना परिवारका सम्पूर्ण सदस्यको शरीरको परीक्षण गराइराख्नुपर्छ। यस्ता केही सामान्य पक्षमा ध्यान दिने हो भने हामी मिर्गौला रोगबाट सुरक्षित रहन सक्छौं।

● अवन्तिका सापकोटा, पुल्चोक, ललितपुर

प्रजातन्त्रयताका सात दशक

२१ फागुनमा सम्पन्न निर्वाचनमार्फत नागरिकले परिवर्तनका पक्षमा आफ्नो दृढ अभिमत प्रकट गरेका छन्



● टोपजंग बुढाथोकी

नेपाली जनताको त्याग र बलिदानको परिणामस्वरूप स्थापित ७ फागुन २००७ मा एक सय चार वर्षे बर्बर निरंकुश राणाशासन ढल्यो, जनताले स्तन्त्रताको सास फेरे। ७ फागुनमा नेपाली नागरिकले आफूले चुनेका प्रतिनिधिमार्फत देशमा शासन सञ्चालन गर्ने व्यवस्था स्थापना गरेका हुन्।

राणाको कठोर शासनबाट आमजनता आक्रान्त थिए। राणाशासनको अन्त्य गरी नेपालमा संसदीय शासन प्रणाली स्थापना गर्ने उद्देश्यले विसं १९८८ मा उत्साहित युवाले 'प्रचण्ड गोर्खा' नामक संस्था स्थापना गरेका थिए। जसले उद्देश्यअनुरूपको काम गर्न सकेन। पछि राणाविरोधी अभियानमा अमूल्य योगदान दिने राजनीतिक दलका रूपमा नेपाल प्रजा परिषद्को स्थापना काठमाडौंमा धर्मभक्त माथेमाको घरमा भयो। जुन संस्थाको उद्देश्य निरंकुश शासनको अन्त्य गरी नेपालमा प्रजातान्त्रिक व्यवस्थाको सूत्रपात गर्नु थियो। यस अभियानमा पछि यही संस्थाका सदस्यले पोल खोलिदिएपछि यसका सदस्य पक्राउ परे भने चारजनालाई मृत्युदण्ड दिइयो। जसले नेपालमा प्रजातन्त्रको बीजारोपणसमेत गऱ्यो।

प्रजातन्त्रमा जनताले आफ्नो मताधिकारको समुचित प्रयोगबाट प्रतिनिधि चुन्ने गर्छन् भने बालिग मताधिकार यसको सबल पक्ष हो। जसले नेपालमा अभिव्यक्ति स्वतन्त्रता, न्याय, समानता र नागरिक अधिकारलाई संस्थागत बनायो। तर, दुर्भाग्यवश प्रजातन्त्र स्थापना भएको दश वर्ष नपुग्दै राजा महेन्द्रबाट पहिलो जननिर्वाचित सरकारका साथै प्रजातान्त्रिक व्यवस्थाको हत्या गरियो। जुन कदम नेपालमा प्रजातन्त्रिक व्यवस्थाको विकासका लागि अभिशाप सिद्ध भयो।


देशमा पञ्चायती शासन व्यवस्था लागू भएका बखत भौतिक विकासले गति लिएको भए पनि जनताले स्वतन्त्रताको आभास गर्न पाएनन्। नेतृत्वको निरंकुश प्रवृत्तिले गर्दा ठिक ३० वर्षपछि फेरि नेपाली जनताले पहिलो जनआन्दोलनमार्फत देशमा प्रजातन्त्र पुनर्स्थापित गराए। सो आन्दोलनको रापतापमा जारी भएको ०४७ को संविधानमार्फत राजालाई संवैधानिक राजतन्त्रको रूपमा स्वीकार गरी सीमित अधिकार दिइयो।

तत्कालीन समयमा जनताका गुनासालाई सम्बोधन गर्न नसक्दा र बदलिँदो परिस्थितिलाई ध्यानमा नराख्दा फेरि देशमा सशस्त्र विद्रोह सुरु भयो। तत्कालीन माओवादीको १० वर्षे विद्रोह र त्यसलाई प्रश्रय दिने गरी राजा ज्ञानेन्द्रको संसद् विघटनबाट देशमा ०६२/६३ को दोस्रो जनआन्दोलन भयो। जसले नेपालमा लोकतान्त्रिक शासन व्यवस्थाको बीजारोपण गर्नुका साथै गणतन्त्र र संघीयतासम्म नेपालको यात्रा तय गर्न महत्त्वपूर्ण भूमिका खेल्यो। परिणामस्वरूप नेपालले पहिलोपटक संविधानसभाबाट जारी भएको नेपालको पहिलो संविधान प्राप्त गऱ्यो।

नेपाली समाजले हरेक समयमा जनताको विद्रोह र देशको आवश्यकताअनुरूप नयाँ शासन व्यवस्था अवलम्बन गरेको छ। जुनसुकै शासन व्यवस्था अवलम्बन गरे पनि त्यसको कार्यान्वयन पक्ष बलियो छैन भने त्यसले सही परिणाम दिन सक्दैन। शासन व्यवस्था भनेको साध्य हो, साधन होइन। व्यवस्था सुदृढ गर्ने अभिभारा नेतृत्वको क्षमता र कार्यशैलीमा निर्भर रहन्छ।

आज फेरि नेपाली समाज परिवर्तनको संघारमा उभिएको छ। हामीले जुनसुकै शासन व्यवस्था अवलम्बन गरेको भए पनि त्यसलाई संस्थागत गर्न कहिल्यै सकेनौं। नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्बन गरेको देश भए पनि संविधान कार्यान्वयनमा हामी चुक्दा नेपाली जनता फेरि अर्को विद्रोह गर्न बाध्य भएका हुन्।

२३ र २४ भदौमा भएको जेन-जी विद्रोहले नेपालका



शासक र जनतालाई अन्तिमपटक सुध्रिने मौका दिएको छ। हामीले प्रजातन्त्र स्थापनादेखि जेन-जी विद्रोहसम्म धेरै शासकीय सफलता र असफलता प्राप्त गरेका छौं। आजको यक्ष प्रश्न भनेको के हामी साँच्चै परिवर्तनको आभास गर्न चाहन्छौं त ? भन्ने नै हो। जनताले २१ फागुनमा सम्पन्न निर्वाचनमार्फत परिवर्तनका पक्षमा आफ्नो अभिमत प्रकट गरेका छन्।

लोकतान्त्रिक र प्रजातान्त्रिक व्यवस्थाको सबल पक्ष भनेको बालिग मताधिकार र आवधिक निर्वाचन हो। हामीले निर्वाचनमार्फत आफ्ना प्रतिनिधि चुन्ने गर्छौं। जसले हाम्रो प्रतिनिधित्व गरी देशलाई आवश्यक पर्ने नीति-निर्माणका साथै हाम्रो मागको सम्बोधन गर्ने गरी उचित नीति बनाउने गर्छ। नेपालमा आजको जस्तो परिणाम आउनुको मुख्य कारण भनेको हामीले शासन व्यवस्थाका रूपमा विश्वका अब्बल व्यवस्थालाई अवलम्बन गरे पनि हाम्रा नेतृत्वले जनतालाई एकात्मक र राणाशासनकै जस्तो शैलीबाट बाहिर निस्केर व्यवहार गर्न सकेनन्।

देशमा २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनले केही सकारात्मक सन्देश र चेतावनी दिएको थियो। २१ फागुनमा जनताले सोही चेतावनीलाई व्यवहारमा उतारेर देखाइदिएका छन्। अबका दिनमा पनि जनताले सुशासन पाउन सकेनन् र देशमा भ्रष्टाचार उही रूपमा रहिरह्यो भने भविष्यमा फेरि अर्को क्रान्ति नहोला भन्न सकिन्न।


देशमा प्रजातन्त्र उदयको सात दशक बितिसक्दा पनि हामीले निश्चित एउटा शासन व्यवस्थालाई संस्थागत गर्न सकिरहेका छैनौं। नागरिकका हक-अधिकारलाई एकात्मक र निरंकुश शासन प्रणालीले बन्देज गऱ्यो भनेर तत्कालीन राणाशासनविरुद्ध गरेको संघर्ष फेरि पनि गर्नुपर्ने अवस्था आउन सक्छ। यस्तो अवस्था आएमा त्यस्ता शासक सदाका लागि बिदा हुने निश्चित छ।

जनताले साँच्चै परिवर्तन चाहेका छन्। उनीहरूले मतपत्रमार्फत मौन क्रान्ति गरेका छन्। अब जनताका तिनै आकांक्षालाई संस्थागत गर्ने दिशामा दलहरूको ध्यान जानुपर्छ। जनताले अब बन्ने सरकारबाट धेरै ठुलो र असम्भव अपेक्षा गरेका छैनन्। नागरिकका आधारभूत आवश्यकतालाई छिटो र सर्वसुलभ रूपमा पूर्ति गरियोस्। राज्यको सेवा प्रवाहलाई चुस्त, दुरुस्त र भ्रष्टाचारमुक्त गरियोस्। देशको राष्ट्रिय र परराष्ट्र नीति सम्बन्धमा सबै दलबिच एकमत बनोस्। संविधानमा भएका कमी-कमजोरीलाई जनताको मागअनुसार संशोधन गरियोस्।

(बुढाथोकी कानुनका विद्यार्थी हुन्)

इतिहासकै ठुलो रिजर्भ निकासाले पनि घटेन तेलको मूल्य

आइइएका सदस्य देशले आफ्नो रणनीतिक रिजर्भबाट ४० करोड ब्यारेल तेल निष्कासन गर्न सहमति जनाउँदासमेत तेलको मूल्यवृद्धि रोकिएन



● प्रतीक शुक्ला
शुक्ला मध्यपूर्वको राजनीतिमाथि कलम चलाउँछन् ।



> तेलको मूल्य बढ्न थालेपछि अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका सदस्य देशले आफ्नो रणनीतिक रिजर्भबाट ४० करोड ब्यारेल तेल निकासा गर्ने सहमति जनाएका थिए । यसले तेलको मूल्यवृद्धि रोकिने आशा गरिए पनि बिहीबार कच्चा तेलको मूल्य सय डलर नाघ्यो ।

बिहीबार ब्रेन्ट कच्चा तेलको मूल्य प्रतिब्यारेल सय डलरभन्दा माथि पुग्यो । 'अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए)'का सदस्य देशले आफ्नो रणनीतिक रिजर्भ (भण्डारण)बाट ४० करोड ब्यारेल तेल निष्कासन गर्न सहमति जनाउँदासमेत यो वृद्धि भयो । यो परिणाम सन् १९७३ को तेल संकटपछि आइइए गठन भएदेखिको सबैभन्दा ठुलो रिजर्भ तेल निष्कासन हो । तर, इतिहासकै सबैभन्दा ठुलो आपत्कालीन हस्तक्षेपले पनि तेलको मूल्यवृद्धिमा रोक लागेन ।

मध्यपूर्वका खाडी देशमा उत्पादन भएको तेल विश्वबजारका लागि समुद्रमा बाहिरिनुअघि साँघुरा समुद्री 'चोकपोइन्ट' 'स्ट्रेट अफ होर्मुज'बाट बाहिरिनुपर्छ । तर, सो भाग इरानको तटसँग जोडिएकाले त्यसमाथि इरानले अवरोध सिर्जना गरेसँगै बजारमा तेलको प्रभाव निकै घटेको छ । युद्ध लम्बिने र योसँगै खाडी देशको तेलको प्रवाहमा लामो समय रोकिने चिन्ताले अहिले व्यापारीलाई सताएको छ ।

बिहीबार एसियाली बजारमा ब्रेन्ट क्रुडको मूल्य लगभग आठ-नौ प्रतिशतले बढेर फेरि सय अमेरिकी डलर पार गऱ्यो । उता अमेरिकी बेन्चमार्क 'वेस्ट टेक्सास इन्टरमिडिएट' प्रतिब्यारेल लगभग ९५ अमेरिकी डलर पुगेको छ । यो वृद्धिले बजार तेलको रिजर्भ निकासामा भन्दा तेल बोक्ने जहाजको भौतिक ढुवानीमा आउने जेखिममा बढी ध्यान केन्द्रित गरिरहेको संकेत गर्छ ।

तेलको रिजर्भको ऐतिहासिक निकासा, तर अस्थायी राहत

आइइएको समन्वयमा निकासा गर्न लागिएको रिजर्भमा राखिएको तेल आगामी महिनामा बजारमा आउने लक्ष्य राखिएको छ । संयुक्त राज्य अमेरिकाले मात्र आफ्नो रणनीतिक पेट्रोलियम रिजर्भ (भण्डारण)बाट लगभग १७ करोड २० लाख ब्यारेल निकासा गर्ने योजना बनाएको छ, जुन केही हप्ताभित्रै निकासा हुन सुरु हुने अपेक्षा गरिएको छ । यो निकासाले अस्थायी अवरोधको समयमा बजारलाई स्थिर बनाउन मद्दत गर्न सक्ने विश्लेषकले आशा व्यक्त गरेका छन् । तथापि, द्वन्द्वका कारण आपूर्तिको ठुलो स्तरलाई भने यसले धेरै ठुलो प्रभाव नपार्ने हो कि भन्ने चिन्ता पनि छ ।

एक अनुमानअनुसार हाल भण्डारबाट निकासा गर्न थालिएको तेल 'स्ट्रेट अफ होर्मुज'बाट बाहिरिने ट्यांकरले बोक्ने तेलको परिणामको एक अंश मात्र हुनेछ । अहिलेसम्म होर्मुजबाट छिटपुट जहाज बाहिरिएकै छन् । इरानले त्यसलाई पूरै बन्द गर्ने चेतावनी दिएको छ । तेलको मूल्य खासमा तेल बोकेका ट्यांकर कति चाँडो रिफाइनरी (प्रशोधन केन्द्र) पुग्छन् र आवश्यक मागलाई आपूर्ति गर्न सक्छ कि सक्दैन भन्ने आधारमा थपघट हुन्छ । इरानसँग अमेरिका-इजरायल द्वन्द्व बढेपछि पहिले नै दबाबमा परेको तेल बजार द्वन्द्व पहिले सोचेभन्दा लम्बिने अनुमान भइरहेको छ ।

विश्वको सबैभन्दा संवेदनशील ऊर्जा चेकपोइन्ट

अहिले ऊर्जा बजार प्रभावित बनाइरहेको भूराजनीतिक द्वन्द्वमा सबैभन्दा चर्चा स्ट्रेट अफ होर्मुजमै छ । इरान र ओमानबिच रहेको यो साँघुरो समुद्री मार्गले फारसी खाडीलाई अरब सागरसँग जोड्छ । यसको सबैभन्दा साँघुरो भाग जम्मा ३३ किलोमिटर मात्र चौडा छ । यसैले गर्दा पनि यो भागबाट आउजाउ गर्ने जहाजलाई सजिलै इरानको तटबाट निसाना बनाउन सकिन्छ । यसको महत्त्व विश्वको तेल आपूर्तिको लगभग २० प्रतिशत यही भागबाट निकासा हुने तथ्यले प्रकाश पार्छ । साउदी अरब, इराक, कुवेत, युएई र कतारलगायत विश्वका प्रमुख तेल उत्पादक देशबाट उत्पादन हुने कच्चा तेल विश्व बजारमा पुग्न यो मार्गबाट गुज्रनुपर्छ । सन् २०२५ मा यो मार्गबाट प्रतिदिन लगभग एक करोड ५० लाख ब्यारेल कच्चा तेल र थप ५० लाख ब्यारेल परिष्कृत उत्पादन ढुवानी भएको थियो । आक्रमणको सुरुवाती दिनमा यो मार्ग औपचारिक रूपमा बन्द भएको थिएन ।

तर, आक्रमणको सम्भावनामै ट्यांकरको आवागमन घटेको थियो । विशेषतः जोखिमपूर्ण क्षेत्रमा जाँदा ट्यांकरको बिमा लागत हवात्तै बढ्ने भएकाले ती हच्कन्छन् । अहिले त इरानले त्यस भेगमा चल्ने जहाजलाई निसाना बनाउने चेतावनी दिइसकेको छ । 'तेलको मूल्य कृत्रिम रूपमा घटाउन सम्भव हुँदैन । यसैले अब प्रतिब्यारेल २०० डलरमा तेलका लागि तयार रहनु,' इरानको सैन्य बल 'इस्लामिक रिभोलुस्नरी गार्ड कोर्प्स'ले एक विज्ञप्ति जारी गर्दै चेतावनी दिएको छ ।

लामो द्वन्द्वमा बजार मूल्य निर्धारण

मूल्यवृद्धिका पछाडि अर्को कारक भनेको द्वन्द्व चाँडै समाप्त नहुन सक्छ भन्ने बढ्दो विश्वास हो । कूटनीतिक संकेतले सुझाव दिन्छ कि वार्ता टाढा रहन्छ । इरानले मध्यस्थकर्तामार्फत कुनै पनि युद्धविरामका लागि संयुक्त राज्य अमेरिका र इजरायलले भविष्यमा आक्रमणबाट टाढा रहने र तेहरानले क्षतिपूर्ति दिने ग्यारेन्टी आवश्यक पर्ने बताएको छ । वासिंटनले यो सर्त स्वीकार गर्ने सम्भावना छैन । यो गतिरोधले खाडीमा आपूर्ति जोखिम महिनौँसम्म रहन सक्छ । पछिल्लो मूल्यवृद्धिले बजार मनोविज्ञानमा परिवर्तनलाई पनि प्रतिबिम्बित गर्छ ।

भारतमा सम्भावित असर

आयातित ऊर्जामाथिको उच्च निर्भरताको कारणले गर्दा भारतलाई पनि जोखिम छ । देशले कच्चा तेलको आवश्यकताको लगभग ९० प्रतिशत आयात गर्छ, जसमध्ये लगभग ४५-५० प्रतिशत आपूर्ति मध्यपूर्वबाट हुने गरेको छ । अझ भारतले मध्यपूर्वमा गर्ने तेल ढुवानीको ठुलो हिस्सा स्ट्रेट अफ होर्मुजबाट बाहिरिन्छ ।

एक अनुमानअनुसार भारतको कच्चा तेल आयातको कम्तीमा ४० प्रतिशत यही साँघुरो समुद्री मार्गबाट आउँछ, जसले भारतको ऊर्जा सुरक्षाका लागि यस भेगको तनाव जोखिमपूर्ण छ । मध्यपूर्वको द्वन्द्व र तेलको मूल्यमा हुने वृद्धिले भारतमा महँगी बढाउनेछ । विश्लेषकले तेलको मूल्यमा निरन्तर वृद्धि भएमा देशको आयात खर्च बढ्ने र चालू खाताको घाटा फराकिलो बन्ने चेतावनी दिएका छन् । भारत सरकारले मध्यपूर्वमा भइरहेको पछिल्लो विकासक्रमलाई नजिकबाट निगरानी गरिरहेको बताएको छ । साथै, नयाँदिल्लीले छोटो अवधिको अवरोधलाई पुग्ने गरी पर्याप्त भण्डार रहेको बताएको छ । यसबिच, भारतीय तेल प्रशोधनकर्ताहरूले खाडी ढुवानीमाथिको निर्भरता कम गर्न रुस र अन्य आपूर्तिकर्तामार्फत तेल खरिद बढाउने प्रयास थालेका छन् । यद्यपि, ती विकल्पले छिटै मध्यपूर्वबाट आएको त्यति ठुलो परिमाण (झन्डै आधा) आपूर्तिलाई पूर्ण रूपमा प्रतिस्थापन गर्ने सम्भावना न्यून छ ।

अहिलेका लागि, तेलको मूल्यवृद्धिको गति र भारतजस्ता अर्थतन्त्रमा तिनको प्रभाव भविष्यमा इरान युद्ध थप बढ्छ कि साम्य हुन्छ भन्ने कुरामा धेरै हदसम्म निर्भर हुनेछ ।

- एनडिटिभीबाट

इतिहासमा आज



सन् ६२४ : 'बदर युद्ध'मा भर्खरै मुस्लिम धर्म प्रवर्तन गरेका मुहम्मदको फौजले मक्काको सेनाविरुद्ध निर्णायक जित हासिल गऱ्यो । यही युद्धपछि इस्लाम धर्म अरब प्रायद्वीपमा मुख्य शक्तिका रूपमा स्थापित भयो ।

सन् १६३९ : अमेरिकाको म्यासाचुसेटमा भर्खरै खोलिएको क्याम्ब्रिज कलेजले आफ्ना मुख्य दाता पादरी जोन हारवार्डको नाममा कलेजको नाम हारवार्ड कलेज (हाल हारवार्ड विश्वविद्यालय) राख्यो ।

सन् १७७८ : अमेरिकी स्वतन्त्रता संग्रामका क्रममा अमेरिकासँग गठबन्धन गरेको खुलेपछि बेलायतले फ्रान्सविरुद्ध युद्ध घोषणा गऱ्यो ।

सन् १७८१ : खगोलशास्त्री फ्रेडरिक विलियम हर्सचेलले युरेनस (अरुण) ग्रह पहिचान गरे, जसलाई उनले सुरुमा पुच्छ्रेतारा ठानेका थिए ।

सन् १८५२ : अमेरिकालाई चिनाउन प्रयोग हुने कार्टुन 'अंकल स्याम' पहिलोपटक यसै दिन 'न्युयोर्क ल्यान्टर्न'मा छापियो ।

सन् १८८१ : रुसी क्रान्तिकारीले बम हानेर देशका राजा (जार) अलेक्ज्यान्डर द्वितीयको हत्या गरे ।

सन् १९३३ : महामन्दीपछि बैंकमाथि गुमेको विश्वास जगाउन तत्कालीन राष्ट्रपति फ्र्यांकलिन डी रुजबेल्टले गरेको 'बैंक होलिडे'पछि यो दिनबाट पुनः बैंकहरू खुल्न थाले ।

सन् १९३८ : नाजी जर्मनीले छिमेकी जर्मनभाषी देश अस्ट्रियालाई औपचारिक रूपमा आफूमा गाभ्यो ।

सन् १९४० : फिनल्यान्ड-रुसले एक युद्धविराममा हस्ताक्षर गर्दै दुई देशबिचको तनाव अन्त्य भयो, तथापि सम्झौताअन्तर्गत फिनल्यान्डले ११ प्रतिशत भूमि रुसलाई दिएको थियो ।

सन् १९७४ : 'योम किपुर युद्ध'मा इजरायललाई समर्थन गरेको आरोपमा अमेरिकामाथि अरब मुलुकले लगाएको तेल नाकाबन्दी पाँच महिनापछि यसै दिनबाट खुलाइयो ।

सन् १९९७ : मदर टेरेसाको निधन भएको ६ महिनापछि उनी नेतृत्वको 'मिसिनरी अफ च्यारिटी'की प्रमुखका रूपमा नेपाली मूलकी सिस्टर निर्मला चुनिइन् ।

सन् २०१२ : छापिन सुरु भएको २४४ वर्षपछि 'इन्साइक्लोपेडिया ब्रिटानिका'ले पुस्तक छाप्न बन्दै गर्दै डिजिटल संस्करण मात्र प्रकाशित गर्ने घोषणा गऱ्यो ।

सन् २०१३ : अर्जेन्टिनी क्याथोलिक कार्डिनल 'जोर्ज मारियो बर्गोग्लियो (पोप फ्रान्सिस)' नयाँ पोप चुनिए, जो हजारौँ वर्षको इतिहासमा पहिलो ल्याटिन अमेरिकी पोप थिए ।

पटेर्वा सुगौली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/११/२५ गते

यस कार्यालयबाट मिति २०८२/१०/०९ गते प्रक्षेपण राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम देहायका कार्य गर्नको लागि रितपूर्वक दर्ता हुन आएको बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्र न्युनतम मूल्याङ्कि सारभूत रुपमा प्रभावग्राही भई यस कार्यालयको मिति २०८२/११/२८ गतेको निर्णयानुसार स्वीकृतको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

सि. न.	ठेक्का नं.	कार्यको विवरण	कबोल अंङ्क (मू.अ.कर र पी.एस समेत)	सारभूत रुपमा प्रभावग्राही फर्मको नाम, ठेगाना
१	02/PSRMUN/NCB/WORKS/2082/083	Aadharbhut Aaspatal Sancha-lan lagi Quarter Nirman	७४,५६,८६८।३६	श्री ओम निर्माण सेवा., वीर गंज १४, पर्सा
२	03/PSRMUN/NCB/WORKS/2082/083	Construction of Ward office Building, Ward -1	४५,११,८४७६८	श्री सनसाइन कन्स्ट्रक्सन, पटेर्वा सुगौली ३, पर्सा
३	04/PSRMUN/NCB/WORKS/2082/083	Belwa Dekuli Bichko Nadima Causeway Nirman	२४,६१,८६३।७१	न्यू पटेल कन्स्ट्रक्सन, बहुदर माई १, पर्सा

रुसी तेलमाथिको प्रतिबन्ध कम गर्ने ट्रम्पको संकेत



वासिंटन डिसी / अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार खाडी द्वन्द्वका कारण तेलको मूल्यमा आइरहेको वृद्धि कम गर्न रुसी तेलमाथिको अमेरिकी प्रतिबन्ध कम गर्ने संकेत गरेका छन् । ट्रम्पको यस्तो अभिव्यक्ति आएकै समयमा जारी एक तथ्यांकले इरान युद्धपछि बढेको तेलको मूल्यले रुसलाई फाइदा भएको देखाएको छ ।

इरान र अमेरिका-इजरायल युद्ध सुरु भएपछिको पन्ध्र दिनमा रुसले इन्धन बेचेर ६ अर्ब युरो प्राप्त गरेको 'सेन्टर अफ रिसर्च अन इनर्ज एन्ड क्लिन एअर' नामक थिंक ट्यांकको तथ्यांकले देखाएको छ । मार्चमा रुसले तेल, ग्यास र कोइलाको बिक्रीबाट अतिरिक्त ६७.२ करोड युरो कमाएको देखाउँछ, जुन फेब्रुअरीपछि संयुक्त औसत दैनिक मूल्यमा आएको १४ प्रतिशतको वृद्धि हो ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए) ले बिहीबार नै इरान युद्ध सुरु हुनुअघि रुसले कच्चा तेल बिक्रीबाट प्राप्त गर्ने राजस्व घटेर २०२२ मा युक्रेन द्वन्द्व सुरु भएयताकै सबैभन्दा कम भएको बताएको थियो । उता आइइएले इरान युद्धले खाडी क्षेत्रमा तेल र ग्यास उत्पादनमा प्रतिदिन कम्तीमा एक करोड ब्यारेल तेल घटेको बताउँदै यसले 'तेल बजारको इतिहासमा सबैभन्दा ठुलो आपूर्ति अवरोध' आउन सक्ने चेतावनी दिएको छ ।

इरान युद्धको पहिलो ६ दिनमा अमेरिकाको ११.३ अर्ब डलर खर्च

वासिंटन डिसी / अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनका अधिकारीले यो साता कंग्रेस (संसद्) सदस्यलाई इरान युद्धबारे गोप्य ब्रिफिङ गरेका थिए । त्यसमा उनीहरूले इरानविरुद्धको युद्धको पहिलो ६ दिनमा संयुक्त राज्य अमेरिकाको कम्तीमा ११.३ अर्ब डलर खर्च भएको प्रक्षेपण पेस गरेको यस विषयमा जानकार एक स्रोतलाई उल्लेख गर्दै रोयटर्स समाचार एजेन्सीले लेखेको छ ।

मंगलबार कंग्रेसको माथिल्लो सदन सिनेट सदस्यलाई गरिएको गोप्य ब्रिफिङमा भनिएको तथ्यांकमा युद्धको सम्पूर्ण लागत समावेश छैन । कंग्रेस सदस्यले आगामी दिनमा ह्वाइट हाउसले युद्धका सम्पूर्ण खर्च कंग्रेसमा पेस गर्ने अपेक्षा गरेका छन् । युद्ध लम्बिँदा त्यसको सञ्चालनका लागि थप कोष निकासा नगर्नुपर्ने विषयप्रति कंग्रेसका सदस्यले चिन्ता व्यक्त गरेका छन् । विशेषतः यस अवस्थामा युद्ध कति समय लम्बिने यकिन गर्न जोड दिएका छन् ।



राष्ट्रपति ट्रम्पले बुधबार केन्टकी राज्यको भ्रमणका क्रममा युद्ध लगभग अमेरिकाले जितिसकेको टिप्पणी गर्दै अब बाँकी केही काम पूरा गर्न लडाइँ चलिरहेको बताए । ट्रम्पले इरानमा अब 'बमबारी गर्न बाँकी केही नै नबचेका'ले युद्ध 'चाँडै' समाप्त हुन सक्ने बताए । तथापि, ट्रम्पले आफ्नो सो दाबी पुष्टि गर्ने कुनै प्रमाण पेस गरेनन् ।

११.३ अर्ब डलरको तथ्यांक पहिलोपटक बुधबार 'द न्युयोर्क टाइम्स'ले सार्वजनिक गरेको थियो । ट्रम्प सरकारका अधिकारीले सांसदहरूलाई आक्रमणको पहिलो दुई दिनमै ५.६ अर्ब डलरको हतियार प्रयोग गरिएको बताएका थिए ।

इरान र अमेरिका-इजरायलबिचको युद्धले अहिलेसम्म लगभग दुई हजार मानिसको ज्यान लिइसकेको छ, जसमा धेरैजसो इरानी र लेबनानी छन् । इरानले अमेरिकी आधार रहेका छिमेकी खाडी देशमाथि प्रतिशोधात्मक हमला गर्दा विश्वभर खनिज इन्धनको मूल्य बढेको छ । संयुक्त राष्ट्रसंघीय बाल एजेन्सी (युनिसेफ)का अनुसार फैलिँदो द्वन्द्वमा हालसम्म एक हजार १०० बालबालिका हताहत भएको बताउँदै मध्यपूर्वमा लाखौँ बालबालिका अहिले 'विपत्ति' मा छन् । निरन्तर इजरायली बमबारीबाट लेबनानमा लगभग लाखौँ मानिस विस्थापित भएका छन् ।

Pachrauta Municipality
Office of Municipal Executive
Benauli, Bara
Madhesh Province,Nepal

Invitation for Bids

***IFB No:* - NCB/PMUN/W/21/2082-083**

Date of Publication: 2082-11-29 BS

1. Pachrauta municipality benauli bara invites **electronic bids only** from eligible bidders for following works under NCB bidding procedure. Only eligible bidders with the following key qualifications should participate in the bidding for the contracts mentioned below.

S. N.	*Project Name*	*Bid Doc. Fee (NRs.)*	*Estimated Amount (Exclusive of VAT and Contingencies)*	*Bid Security Amount (NRs)*
1	**Rastriya Saichhik Sudhaar Karyakram** NCB/PMUN/W/21/2082-083	3000.00	9480698.83	268000.00

- Last date of Bid Submission : Apr 13, 2026, Time : 12:00
- Bid Opening Apr 13, 2026, Time : 14:00 at office premise.

2. Revenue Account Details:

Office Name	Bank Name	Bank Address	Account Number	Office code/ Revenue Heading No.
Pachrauta Municipality, Bara	NMB Bank Ltd.	Pachrauta Municipality, Bara	140083164100010 (Rajaswa)	Office code: 80221403300 Revenue Heading no: 14229

3. Bidders are strongly Requested to mention the name of the Firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Single Revenue Voucher for a single Bid Document shall be submitted. In Case the bidder chooses to deposit Revenue for more than one bid through a single voucher then the bidders are strongly suggested to mention each Contract ID in Revenue Voucher for which the revenue has been paid. The Non compliance of this may result for declaring the Bid
4. Any additional information or query regarding the bids can be acquired by downloading the bids from the e-GP system of PPMO or by writing us in pachrautamun@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २९ फागुन ०८२

जेन–जी आन्दोलनपछि हुलदंगा तथा आतंकवादको बिमाशुल्क बढाउन प्रस्ताव

आन्दोलनका कारण बिमा कम्पनीहरूमा २३ अर्ब ७७ करोड २८ लाख रुपैयाँको दाबी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल पुनर्बिमा कम्पनीले हुलदंगा तथा आतंकवाद जोखिमको बिमाशुल्क दर बढाउन नेपाल बिमा प्राधिकरणसँग प्रस्ताव गरेको छ। २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनमा उच्च बिमा दाबी परेपछि कम्पनीले प्राधिकरणलाई यसको दर बढाउन प्रस्ताव गरेको हो। त्यसमा निर्जीवन बिमा कम्पनीहरूले पनि अप्रत्यक्ष लबिङ गरेका छन्।

नेपाल रिका एक उच्च अधिकारीले हुलदंगा तथा आतंकवाद जोखिमको बिमाशुल्क दर बढाउन प्राधिकरणमा प्रस्ताव पठाएको बताए। प्राधिकरणले पनि नेपाल रिसँग यसको प्रिमियम दर बढाउनुको औचित्यबारे जानकारी लिएको छ। अब प्राधिकरणले यस विषयमा बहुपक्षीय छलफल गराएर उचित निर्णय लिन सक्नेछ।

सम्पत्ति बिमा निर्देशिकाअनुसार एक करोडसम्मको घर बिमालेखमा हुलदंगा तथा आतंकवाद जोखिमका लागि बिमादर ०.१० प्रति हजार छ। एक करोडमाथिको हकमा भने ०.५० प्रतिहजार तोकिएको छ। त्यसमा हुलदंगा, हडताल र रिसइबीपूर्ण कार्यबाट हुने जोखिमका लागि एक करोडसम्मको बिमालेखमा ०.०८ प्रति हजार र एक करोडमाथिको हकमा ०.४० प्रतिहजार दर तोकिएको छ। आतंककारी तथा विध्वंसात्मक क्रियाकलाप र प्रतिघात (स्याबोटेज)बाट हुने जोखिमका लागि एक करोडसम्मको बिमालेखमा ०.०२० र एक करोडमाथिको हकमा ०.१० प्रतिहजार शुल्क तिर्नुपर्नेछ। अब यसलाई बढाउने प्रस्ताव गरिएको हो।

कुनै पनि सम्पत्तिको बिमा गर्दा हुलदंगा तथा आतंकवाद क्रियाकलापबाट हुने जोखिमको रक्षावरणका लागि छुट्टै प्रिमियम तिर्नुपर्छ। त्यसको दर सम्पत्ति बिमा निर्देशिकाअन्तर्गत प्राधिकरणले तोकेको छ। त्यही दरअन्तर्गत रहेर बिमा कम्पनीले बिमितसँग शुल्क लिनेछन्। पुनर्बिमा कम्पनीले भने बिमा कम्पनीले बिमितसँग लिएको शुल्ककाे आधारमा आफ्नो रेट तोक्नेछन्।सम्पत्ति बिमाको शुल्क 'ननट्यारिफ' नभएर ट्यारिफ मोडेलमा गर्ने गरिन्छ। त्यसले गर्दा यसमा कम्पनीहरूले आफ्नो ढंगले दर बढाउन पाउँदैनन्। प्राधिकरणले नै यसको दर तोकिदिनुपर्छ।

नेपालका बिमा कम्पनीहरूले हुलदंगा तथा आतंकवाद जोखिमको पुनर्बिमा नेपाल रिमै गर्नुपर्ने व्यवस्था छ। नेपाल रिले अस्वीकार गरेको अवस्थामा मात्रै अन्य कम्पनीमा पुनर्बिमा गरिन्छ। जेन-जी आन्दोलनमा भएको क्षति हुलदंगा तथा आतंकवादअन्तर्गत पर्छ। त्यसले गर्दा त्यसको पुनर्बिमा दायित्व नेपाल रिअन्तर्गत नै परेको छ।

जेन-जी आन्दोलनका कारण बिमा कम्पनीहरूमा २३ अर्ब ७७ करोड २८ लाख रुपैयाँको दाबी परेको छ। त्यसमा कम्पनीहरूले पुनर्बिमाबापत नेपाल रिमा करिब १७ अर्ब दाबी गरेका छन्।

झन्डै दुई दशक नेपालमा आतंकवाद तथा हुलदंगासम्बन्धी घटना भएनन्। त्यसले गर्दा यस्तो बिमा व्यवसायमा बिमा कम्पनी तथा पुनर्बिमाले लामो समय नाफा कमाएका थिए। जोखिम कम भएपछि यसको शुल्क पनि घटाइएको थियो। तर, अहिले जेन-जी आन्दोलनका कारण यसअन्तर्गत अर्बौंको दाबी पर्दा कम्पनीहरू नोक्सानीमा परेका छन्। त्यसलाई 'रिकभरी' गर्ने योजनाअनुसार प्रिमियम बढाउने प्रस्ताव गरिएको हो।

दाबी र जोखिम बढेपछि प्रिमियम बढाउने तथा कम भएपछि प्रिमियम दर घटाउने अभ्यास छ। सोही सिद्धान्तअनुसार अहिले प्रिमियम दर बढाउने प्रस्ताव गरिएको स्रोतको भनाइ छ। 'अहिले यसमा दाबी उच्च पऱ्यो। राजनीतिक अस्थिरताका कारण जोखिम पनि उच्च छ। यदि, भविष्यमा यस्तो दाबी फेरि परेन र जोखिम पनि कम भयो भने प्रिमियम दर पनि घटाइनेछ,' स्रोतले भन्यो, 'अहिले भने बढाउपर्ने बाध्यता नै भयो।'

स्रोतका अनुसार जेन-जी आन्दोलनका कारण बिमा क्षेत्रमा भएको क्षतिको 'रिकभरी' पाँच वर्षमा हुने गरी प्रिमियम दर बढाउने प्रस्ताव गरिएको छ।

नेपाल बिमक संघका पूर्व अध्यक्ष चंकी क्षेत्रीले दाबी र जोखिम बढेको अवस्थामा प्रिमियम दरलाई पुनरावलोकन गर्न आवश्यक रहेको बताए। 'जोखिम र दाबी बढ्दा प्रिमियम दर बढाउने तथा जोखिम र दाबी कम भएको अवस्थामा प्रिमियम दर बढाउने अन्तर्राष्ट्रिय अभ्यास हो,' उनले भने, 'जेन-जी आन्दोलनले सम्पत्ति बिमामा ठुलो नोक्सानी पुऱ्याएको छ। यसलाई रिकभरी गर्न अन्तर्राष्ट्रिय अभ्यासअनुसार प्रिमियम दरबारे पुनरावलोकन गर्न आवश्यक छ। यद्यपि, अहिले हामी दाबीलाई नै कसरी हुन्छ, छिटो गर्ने गरी काम गरेका छौं। यस विषयमा निकट भविष्यमा छलफल गरेर निर्णय गर्छौं।'



अन्तर्राष्ट्रिय अभ्यासअनुसार प्रिमियम दरबारे पुनरावलोकन गर्न आवश्यक छ



● **चंकी क्षेत्री**, पूर्वअध्यक्ष, नेपाल बिमक संघ

दाबी र जोखिम बढेको अवस्थामा प्रिमियम दरलाई पुनरावलोकन गर्न आवश्यक छ। जोखिम र दाबी बढ्दा प्रिमियम दर बढाउने तथा जोखिम र दाबी कम भएको अवस्थामा प्रिमियम दर बढाउने अन्तर्राष्ट्रिय अभ्यास हो। जेन-जी आन्दोलनले सम्पत्ति बिमामा ठुलो नोक्सानी पुऱ्याएको छ। यसलाई रिकभरी गर्न अन्तर्राष्ट्रिय अभ्यासअनुसार प्रिमियम दरबारे पुनरावलोकन गर्न आवश्यक छ। यद्यपि, अहिले हामी दाबीलाई नै कसरी हुन्छ, छिटो गर्ने गरी काम गरेका छौं। यस विषयमा निकट भविष्यमा छलफल गरेर निर्णय गर्छौं।

कमिसन घटाउने नेपाल रिको प्रस्तावमा कम्पनीहरूको अस्वीकार

नेपाल रिले आफ्नो नोक्सानी रिकभर गर्न बिमा कम्पनीहरूलाई हुलदंगा तथा आतंकवाद पुनर्बिमा शुल्कमा दिँदै आएको ५० प्रतिशत कमिसनलाई २० प्रतिशत कायम गर्ने प्रस्ताव गरेको थियो। तर, कम्पनीहरूले अस्वीकार गरेका छन्। 'हामीले एक वर्षका लागि सम्झौता गरेको हो। अहिले बिचमा आएर कमिसन घटाउने भन्ने कुरा अव्यावहारिक छ,' एक कम्पनीका सिइओले भने, 'नेपाल रिले गरेको प्रस्तावमा नेपाल बिमक संघबाट संयुक्त रूपमा पत्र लेखेर मान्य नहुने जानकारी गराएका छौं। अहिलेको जोड प्रिमियम बढाउनेमै हुनुपर्छ।'

नेपाल रिका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र थापाले यो कम्पनीसँग भएका आन्तरिक सम्झौताको विषय भएको बताए। 'जेन-जी आन्दोलनबाट आएको दाबीले नेपाल रिलाई पनि ठुलो नोक्सानी भएको छ। त्यो लसलाई रिकभर गर्न अपनाउन सकिने विभिन्न विकल्पमा यो पनि एक हो,' उनले भने, 'तर, यो कम्पनीहरूसँग समझदारी गरेर मात्रै हुन्छ।' जोखिम सबै आफैंले व्यहोर्न नसकिने हुँदा कम्पनीहरूले बिमाको पनि बिमा अर्थात् पुनर्बिमा गर्छन्। त्यसमा पुनर्बिमा कम्पनीलाई तोकिएको बिमाशुल्क पनि तिर्नुपर्छ। त्यसक्रममा पुनर्बिमा कम्पनीले व्यवसाय दिएबापत सम्बन्धित कम्पनीलाई नै कमिसन दिने गर्छन्। विगतमा हुलदंगा तथा आतंकवादमा जोखिम कम भएपछि नेपाल रिले कम्पनीलाई ५० प्रतिशत कमिसन दिने गरेको थियो।

नेपालको क्रेडिट रेटिङ गर्ने एजेन्सी फिचले भन्यो-

एकल बहुमतले तत्काललाई राजनीतिक अस्थिरता टऱ्यो



नयाँ पत्रिका

नेपालको सार्वभौम साख मूल्यांकन गरेको अन्तर्राष्ट्रिय क्रेडिट मूल्यांकन संस्था फिच रेटिङ्सले निर्वाचनमा स्पष्ट बहुमत आएपछि भविष्यको राजनीतिक अस्थिरता टरेको र नीतिगत स्थिरता बढ्ने विश्लेषण गरेको छ।

हडकडबाट बुधबार जारी गरिएको विश्लेषणमा रास्वपाको बहुमतले शासन सुधार र आर्थिक सुधारका नीतिहरू कार्यान्वयन गर्ने अवसर सिर्जना गर्ने उल्लेख गरिएको छ। विगतका वर्षहरूमा देखिँदै आएको बारम्बार सरकार परिवर्तनको सम्भावना पनि घट्ने फिचको विश्लेषण छ।

फिचका अनुसार निर्वाचन परिणामले सत्ता बाँडफाँटमा आधारित परम्परागत राजनीतिबाट परिवर्तन चाहेको मतदाताले संकेत देखाएको छ। निर्वाचन आयोगबाट अन्तिम प्रमाणीकरण भएपछि एकदलीय बहुमतले राजनीतिक संक्रमण छोटो हुने र सुधारको गति कायम राख्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फिचले नयाँ सरकारले जलविद्युत् क्षेत्रमा केन्द्रित लगानीलाई व्यापक आर्थिक वृद्धिमा रूपान्तरण गर्न सक्ने सम्भावना पनि औंल्याएको छ।

रास्वपाले आगामी पाँच वर्षमा औसत सात प्रतिशत वास्तविक आर्थिक वृद्धि हासिल गर्ने र प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलरभन्दा माथि पुऱ्याउने लक्ष्य लिएको छ। तर, फिचका अनुसार यो लक्ष्य महत्त्वाकांक्षी छ। फिचका अनुसार नयाँ सरकारको नीतिगत एजेन्डाले आर्थिक वृद्धि कति बढ्न सक्छ भन्ने निर्धारण गर्नेछ। रास्वपाको घोषणापत्र र वक्तव्यहरूले उत्पादनशीलता बढाउने, औपचारिक रोजगारी सिर्जना गरेर विदेश पलायन घटाउने तथा पूर्वाधार, कृषि, सेवा, डिजिटल र नवप्रवर्तन उद्योगमा निजी क्षेत्रको लगानी बढाउने लक्ष्य देखाउँछन्।

यसअघि २०२५ नोभेम्बरमा फिचले नेपालको क्रेडिट रेटिङ 'बिबी माइनस' कायम राख्दा राम्रो शासन व्यवस्था, निजी तथा विदेशी लगानीलाई प्रोत्साहन गर्ने नीति र प्रतिव्यक्ति आयमा उल्लेख्य वृद्धि हुन सके नेपालको रेटिङमा सुधार हुन सक्ने जनाएको थियो। तर, सुधार कार्यान्वयन गर्ने क्षमता भने भविष्यमा जोखिम बन्न सक्ने फिचले चेतावनी दिएको थियो। नेपालमा सरकारी प्रभावकारिता र नियामकीय गुणस्तर समान श्रेणीका अन्य देशहरूको तुलनामा कमजोर भएकाले सुधार कार्यक्रम कार्यान्वयनमा कठिनाइ हुन सक्ने उल्लेख गरिएको छ।

निजी तथा विदेशी लगानी बढ्न व्यावसायिक वातावरण, पारदर्शिता र जवाफदेहिता सुधारका ठोस संकेत आवश्यक हुने फिचको भनाइ छ। साथै, नयाँ सरकारले भ्रष्टाचारविरुद्धको अभियान निरन्तर प्रभावकारी रूपमा अघि बढाउनुपर्ने पनि फिचले औंल्याएको छ। साथै, अन्तर्राष्ट्रिय मुद्रा कोषसँगको कार्यक्रम सफलतापूर्वक कार्यान्वयन हुनुले पनि अर्थतन्त्रको स्थायित्वलाई सुदृढ बनाएको फिचले उल्लेख गरेको छ। यद्यपि, बाह्य आर्थिक झट्का, प्राकृतिक विपत्ति तथा कमजोर संरचनात्मक सूचक विशेषगरी प्रतिव्यक्ति आय र शासनसम्बन्धी सूचक नेपालको अर्थतन्त्रका प्रमुख चुनौतीका रूपमा रहेका छन्।



नेप्से २३.८७ अंकको वृद्धि, साढे १४ अर्बको कारोबार

काठमाडौं/ दुई दिन लगातार घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक साताको अन्तिम कारोबार दिन बिहीबार बढेको छ। चुनावपछि सोमबार खुलेको सेयर बजार तीनपटक सर्किट ब्रेक लागेर बन्द भए पनि मंगलबार र बुधबार भने घटेको थियो। बिहीबार नेप्से इन्डेक्स ०.८५ प्रतिशत २३.८७ अंकले बढेर २८२०.४४ विन्दुमा रोकिएको छ।

बिहीबार सेयर कारोबार रकम भने १४ अर्ब ५५ करोड १९ लाख ४६ हजार रुपैयाँ रहेको छ। नेप्सेका अनुसार बिहीबार तीन सय ३५ कम्पनीको सेयर चार करोड १६ लाख ८६ हजार चार सय पाँच कित्ता एक लाख ३० हजार १५ पटक किनबेच भएको छ। त्यसमा सालपा विकास बैंकको सेयर मूल्य १० प्रतिशतले बढेर ९४८.६० रुपैयाँ पुगेको छ। यसैगरी, रिलायन्स स्पिनिङ मिल्सको सेयर मूल्य पनि १० प्रतिशतले बढेर ८९३.३० रुपैयाँ पुगेको छ। यससँगै रिलायन्स स्पिनिङ मिल्सका सर्वसाधारण लगानीकर्ताको लगानी पनि नाफामा आएको छ।

Madhesh Province Government
Ministry of Health and Population
Health Directorate
Provincial Hospital Siraha
Siraha, Nepal

NOTICE OF INVITATION FOR BIDS (IFB)

First Date of Publication: 2082/11/29 B.S (13th March 2026)

1. **Provincial Hospital, Siraha Invites electronic bids from Nepalese eligible bidders for Construction of main gate at Provincial Hospital Siraha, Siraha municipality -7, Siraha.**
2. **Interested eligible Bidders may download the IFB and Bidding Documents for e-submission from PPMO's web portal www.bolpatra.gov.np**

SN	Contract Id	Description of works. (Ref. B.O.Q for details)	Estimated Amount (NRs.) Inclusive VAT, Contingency, PS	Bid Security Amount in NRs.	Bid Document Cost (NRs.) (Non-Refundable)	Bid Security Validity Period
1	NCB/ PHS/W/ 082/083/01	Construction of main gate at Provincial Hospital Siraha, Siraha municipality -7, Siraha.	15,99,531.62	40,000.00	1,000.00	60 days

For further details, please visit www.bolpatra.gov.np. 033-520534 or email to sirahahospital@gmail.com

Chief Medical Superintendent

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश स्वास्थ्य निर्देशनालय
मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर

प्राबिधिक प्रस्ताव स्वीकृति /आर्थिक प्रस्ताव खोल्ने सूचना

सूचना प्रकाशन मिति : २०८२/११/२५

यस कार्यालयको निम्नअनुसार कार्यको लागी निर्धारित मिति भित्रै विधुतिय खरिद प्रकृयामा दर्ता भएका वोलपत्रहरू खोली प्राबिधिक प्रस्तावहरू मुल्याङकन गर्दा तपशिल अनुसारको वोलपत्रदाताहरूको प्राविधिक प्रस्तावहरू सारभुत रुपमा प्रवाभग्राही भई योग्यताका सबै आधारमा सफल भएकाले सार्वाजानिक खरिद नियमावली २०६४ को नियम ३१ ज ५ बमोजिम तपशिलको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकाले सम्वन्धित सबैको जानकारी एंव उपस्थितिको लागी यो सुचना प्रकाशन गरिएको छ।

तपशिल

ठेक्का नं.	बिबरण	सारभुत रुपमा प्रभाग्राही वोलपत्रदाताको नाम र ठेगाना	आर्थिक प्रस्ताव खोलिने बिबरण
MBHTC/ MORANG/ GOODS/NCB (1S2E)-6-2082-2083	PROCUREMENT OF MODULAR OT (OPERATION THREATER)	श्री काश ईन्टरनेशनल ट्रेर्डस स्वयम्भु, काठमाण्डौ	मिति : २०८२-१२-०६ समय बिहान : १०:०० बजे स्थान : मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर
		श्री ल्याबलाईन ट्रेर्डस थापाथली-११, काठमाण्डौ	
		श्री द मेडिकल सोलुसन प्रा.लि., चक्रपथ काठमाण्डौ	
		श्री बालाजी सर्जिकल सप्लार्यस, धनगढी	
		श्री हिम शिखर बायोमेडिकल प्रा लि बानेश्वर -३४, काठमाण्डौ	
		श्री डाईग्नो केम ईन्टरनेशनल हाडिगाँउ, काठमाण्डौ	

मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर

दक्षिण कोरियासँग चाँडै श्रम सम्झौता नवीकरण हुने

प्रत्येक दुई वर्षमा श्रम सम्झौता नवीकरण हुने प्रावधान भए पनि सन् २०२४ देखि नवीकरण हुन सकेको छैन, यद्यपि श्रमिक आपूर्तिमा भने यसले कुनै असर परेको छैन

अजित अधिकारी/नयाँ पत्रिका

रोजगारीका लागि नेपालीको आकर्षक गन्तव्य दक्षिण कोरियासँगको श्रम सम्झौता नवीकरण हुने भएको छ। सन् २०२४ मै समाप्त भएको कोरियासँगको श्रम सम्झौताको नवीकरण प्रक्रिया अघि बढाउन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दीपक काफ्ले नेतृत्वको टोलीसँगको भेटमा कोरियाली अधिकारी सहमत भएका हुन्। सचिव काफ्ले नेतृत्वको भ्रमण टोलीमा रहेका इपिएस कोरिया शाखाका निर्देशक टीकाराम ढकालले श्रम सम्झौता प्रक्रिया तत्कालै अघि बढाउने निर्णय भएको जानकारी दिए। 'विविध कारणले श्रम सम्झौता नवीकरण हुन सकेको थिएन। तर, तत्कालै नवीकरण गर्ने विषयमा दुवै देशका अधिकारीबिच सहमति भइसकेको छ,' उनले भने, 'हाम्रोतर्फबाट पनि चाँडै फाइल मन्त्रिपरिषद्मा लैजानेछौं।'

प्रत्येक दुई वर्षमा श्रम सम्झौता नवीकरण हुने प्रावधान भए पनि सन् २०२४ देखि नवीकरण हुन सकेको छैन। यद्यपि, श्रमिक आपूर्तिमा भने यसले कुनै असर परेको छैन। कोरियाले सन् २००४ देखि अदक्ष र अर्धदक्ष कामदार आपूर्ति गर्ने नीति लिएर इपिएस प्रणालीमार्फत आप्रवासी कामदार लिने नीति लिएको छ। नेपालले सन् २००७ मा श्रम सम्झौता गरी सन् २००८ देखि नियमति रूपले कामदार आपूर्ति गर्दै आएको छ।

कोरियाले नेपालबाट इपिएस प्रणालीमार्फत वार्षिक पाँच हजारभन्दा बढी नेपाली श्रमिक लिँदै आएको छ। यो वर्ष सन् २०२५ मा पनि कृषि र औद्योगिक क्षेत्रमा गरेर ५३ सय नेपाली श्रमिक लिने गरी कोटा निर्धारण भइसकेको छ। कोरियाली अधिकारीसँगको छलफलमा कोटा वृद्धि गरिँदिन पनि नेपालले प्रस्ताव राखेको थियो। त्यसपछि, अहिले नै नेपालमा अन्य देशको तुलनामा धेरै कोटा वितरण भइरहेको कोरियाली अधिकारीले जानकारी गराएका थिए। 'कोटा थप गरिँदिन हामीले प्रस्ताव गरेका थियौं, तर अहिले नै अन्य देशभन्दा बढी रहेको उहाँहरूले जानकारी गराउनुभएको छ,' छलफलमा सहभागी ढकालले भने, 'यद्यपि, वार्षिक कोटा पुनरावलोकन गरेर वृद्धि गर्ने विषयमा नीतिगत छलफल गरिने जानकारी गराउनुभएको छ।'



नेपाली प्रतिनिधिमण्डलले कोरियाली अधिकारीसँगको छलफलमा इपिएसमार्फत भाषा परीक्षा उत्तीर्ण गरेर रोजगारीका लागि कोरिया जान नपाएका युवाले काठमाडौंमा दिइरहेको धर्नाबारे पनि जानकारी गराएका थिए। युवाले भाषा परीक्षा दिएको दुईवर्ष म्याद सकिए पनि रोजगारीका लागि कोरिया जान नपाएकाले भाषा परीक्षाको अवधि थप हुनुपर्ने माग राखेका छन्। उक्त विषयमा कोरियाली अधिकारीसँग छलफल भएको ढकालले बताए। 'भाषा परीक्षाको म्यादलगायतका बारेमा पहिले नै जे-जस्तो निर्णय र नीति छ, सोहीअनुसार लागू हुने भनेर कोरियाली अधिकारीले जानकारी गराउनुभयो,' उनले भने, 'हामीले पनि धेरै दबाब दिन सक्ने अवस्था भएन। किनभने, इपिएस प्रणाली लागू भएका सबै देशमा एउटै नियम बनाइएको छ।' त्यस्तै, रोजगारदाताले आफ्नो आवश्यकताका आधारमा विभिन्न देशका श्रमिक छनोट गर्ने अधिकार भएकाले नेपालबाट कति लैजाने भन्ने पनि दुवै देशको सरकारी निकायमा मात्रै निर्भर नरहेको उनले बताए। कोरियाली कम्पनीहरूको रुचिअनुसार कामदार आपूर्ति हुने भएकाले रोस्टर बनाएर कामदारको विवरण अद्यावधिक गर्ने र फाइल रोजगारदाता कम्पनीकहाँ पुऱ्याउने दायित्व मात्रै दुवै देशको सरकारी निकायको भएको उनले बताए।

कोरियाले इपिएस प्रणालीमार्फत नेपालसहित इन्डोनेसिया, भियतनाम, थाइल्यान्ड, फिलिपिन्स, श्रीलंका, मंगोलिया, पाकिस्तान, कम्बोडिया, चीन, बंगलादेश, किर्गिस्तान, म्यानमार, टिमोर लिस्टे, लाओसलगायतका देशबाट आप्रवासी कामदार आपूर्ति गर्दै आएको छ। सबै देशका लागि समान नीति लागू गरिएको छ।

विदेशमा रहेका नेपालीलाई ग्लोबल आइएमईले २४सै घण्टा सेवा दिने

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले विदेशमा बसोवास गरिरहेका नेपालीका लागि डेडिकेटेड र पूर्ण बैंकिङ सेवा उपलब्ध गराउने भएको छ। सोहीअनुसार बैंकले नन रेसिडेन्ट तथा ओभरसिज बैंकिङ विभागको स्थापना गरी औपचारिक सुरुवात गरेको छ। बिहीबार बैंकमा आयोजित एक विशेष कार्यक्रमबिच बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले उक्त विभागको उद्घाटन गरेका हुन्।



नेपालमै पहिलोपटक सुरु गरिएको यस विभागमार्फत बैंकले आफ्नो अन्तर्राष्ट्रिय उपस्थिति, प्रविधि र सेवा संयन्त्रलाई एकीकृत गर्दै विश्वभर रहेका ग्राहकलाई एकद्वार प्रणालीमार्फत सेवा प्रदान गर्नेछ। बैंकको यस विभागबाट बैंक खाता खोल्ने, कर्जा प्रदान गर्ने, ट्रान्जेक्सन बैंकिङसम्बन्धी सेवा, पुँजी बजार तथा पोर्टफोलियो व्यवस्थापनलगायतका सेवा उपलब्ध हुने बताइएको छ। बैंकका अनुसार ग्राहकलाई ग्राहक सेवा नम्बर, इमेल, वैदेशिक प्रतिनिधि कार्यालय तथा विभागको कार्यालयमार्फत सेवा उपलब्ध गराइनेछ। सेवा सहजीकरणका लागि बैंकले सहायता कक्ष स्थापना गरी ग्राहकलाई २४सै घण्टा सेवा प्रदान गर्नेछ। विदेशमा रहेका ग्राहकले भौगोलिक दूरी वा भौतिक उपस्थितिको कुनै अवरोधविना नेपालमा सहज, झन्झटरहित बैंकिङ सेवा पाउनुपर्छ भन्ने बैंकको बुझाइ छ।

विभागको औपचारिक उद्घाटन गर्दै अध्यक्ष ढकालले बैंकले प्रदान गर्ने सेवाबाट विदेशमा बस्ने नेपालीलाई आफ्नो मातृभूमिसँग जोडिन थप सहयोग पुग्ने बताए। 'यस नन-रेसिडेन्ट तथा ओभरसिज बैंकिङ विभागमार्फत बैंकले विदेशमा रहेका नेपाली नागरिकलाई उहाँहरूको आवश्यकताअनुरूप पूर्ण बैंकिङ सेवा प्रदान गर्नेछ। यस विभागले विभिन्न सेवामार्फत उहाँहरूको सपना, लगानी र स्वदेशमा रहेका परिवारसँग जोड्न सहयोग पुऱ्याउनेछ। नेपालीहरू जहाँ भए पनि सहज, द्रुत र पारदर्शी रूपमा पूर्ण बैंकिङ सेवा प्रदान गर्ने यो हाम्रो महत्त्वपूर्ण प्रयास हो,' उनले भने। बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले विभागबाट प्रदान हुने सेवाले विदेशमा बसोवास गर्ने नेपाली नागरिकलाई नेपालसँग जोडिन थप सहज हुने बताए।

सिजीको फ्री सर्भिसिङ क्याम्प र एक्सचेन्ज योजना

काठमाडौं/ नेपाली इलेक्ट्रोनिक्स ब्रान्ड सिजीले गर्मी मौसम सुरु हुनुअघि नै ग्राहकलाई लक्षित गर्दै फ्री एसी सर्भिस क्याम्प तथा विशेष एक्सचेन्ज अफर सार्वजनिक गरेको छ। कम्पनीका अनुसार उक्त क्याम्पमा ग्राहकले प्रयोग गरिरहेका जुनसुकै ब्रान्डका एसीमा पनि निःशुल्क सर्भिसिङ सेवा उपलब्ध हुनेछ। योजनाअन्तर्गत ग्राहकले जुनसुकै ब्रान्डका एसी भए पनि निःशुल्क सर्भिसिङ गराउन सक्नेछन्। मर्मतका



क्रममा आवश्यक पर्ने स्पेयर पार्टस् खरिद गर्दा ५० प्रतिशतसम्म छुट पाइने कम्पनीले जनाएको छ। त्यसैगरी, ग्राहकले आफ्नो पुरानो एसी साटेर नयाँ सिजी मेरिडिया एसी खरिद गर्दा पनि ५० प्रतिशतसम्म अतिरिक्त मूल्यांकन पाउने व्यवस्था गरिएको छ। यस्तै, यसका कम्पनीका नयाँ एसी खरिद गर्दा भने २० प्रतिशतसम्म नगद छुटसमेत प्रदान गरिने कम्पनीले जनाएको छ।

ज्योति विकासको साधारणसभा



काठमाडौं/ ज्योति विकास बैंक लिमिटेडको १८औं वार्षिक साधारणसभा बिहीबार सम्पन्न भएको छ। बैंकका सञ्चालक समितिका अध्यक्ष हरिचन्द्र खड्काको सभापतित्वमा सम्पन्न सभामा बैंकका सेयरधनी, सञ्चालक समिति सदस्य, पूर्वसञ्चालक, पदाधिकारी तथा कर्मचारीको उपस्थिति रहेको थियो।

सभाले गत आवको सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गरेको छ। साथै, लेखा परीक्षकको प्रतिवेदनसहित ०८२ असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायतका वार्षिक वित्तीय विवरणमाथि छलफल गरी स्वीकृत गरेको छ। यसैगरी, सोही सभामा बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लिमिटेडको पनि गत आवको वित्तीय विवरण पारित गरिएको छ। सभामा अध्यक्ष खड्काले वार्षिक प्रतिवेदन संक्षेपमा प्रस्तुत गरेका थिए। बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) कपिल ढकालले बैंकले हासिल गरेका प्रमुख उपलब्धिबारे जानकारी गराए। वार्षिक प्रतिवेदनमाथि सेयरधनीले उठाएका जिज्ञासाको जवाफ पनि ढकालले दिए।

बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रममार्फत समाजमा योगदान पुऱ्याउँदै आएको जनाएको छ। विशेषगरी नवजात शिशुको अकाल मृत्यु रोकथामका लागि सञ्चालन गरिएको 'न्यानो नानी' कार्यक्रममार्फत हरेक वर्ष दुई हजारभन्दा बढी शिशुको जीवन रक्षा गर्न सहयोग पुगेको बैंकको दाबी छ।

सिएफ मोटो २५० डुअल इएफआई सार्वजनिक

काठमाडौं/ सिएफ मोटो २५० डुअल इएफआई मोटरसाइकल सार्वजनिक गरिएको छ। सिएफ मोटोको आधिकारिक वितरक ऋषि ट्रेड सेन्टरले राजधानीमा एक कार्यक्रम गरी उक्त मोटरसाइकल सार्वजनिक गरेको हो। कम्पनीका अनुसार एड्भेन्चर शैलीका प्रवेशस्तरका मोटरसाइकलमध्ये निकै प्रतीक्षित मानिएको यो मोडेल नेपाली बजारलाई लक्षित गरी सार्वजनिक गरिएको हो। नेपालको भूगोल सुहाउँदो सडकलाई ध्यानमा राखी तयार पारिएको हो।



सिएफ मोटो २५० डुअल इएफआईमा २४९ सिसी क्षमताको एक सिलिन्डर इन्धन इन्जेक्सन प्रणालीयुक्त इन्जिन जडान गरिएको छ।

यो मोटरसाइकल सहरका सडकदेखि अफरोड यात्रासम्मका लागि उपयुक्त हुने गरी 'डुअल पर्पोज' डिजाइनमा तयार गरिएको छ। दुई सय ४५ मिलिमिटर ग्राउन्ड क्लियरेन्स रहेको यो मोटरसाइकल नेपालका विभिन्न सडक अवस्थाका लागि उपयुक्त हुने बताइएको छ। साथै, डिस्क ब्रेक र उन्नत ब्रेक प्रणालीले सवारी सुरक्षामा सहयोग पुऱ्याउने कम्पनीले जनाएको छ। यसको सुरुवाती मूल्य पाँच लाख ४९ हजार नौ सय रुपैयाँ तोकिएको छ।

एजेन्सी म्यानेजरलाई अन्डरराइटरको हिस्सा बनाउँदै हिमालयन लाइफ

HIMALAYANLIFE
सुरक्षा अटल, भविष्य सबल

काठमाडौं/ हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडले कम्पनीमा कार्यरत एजेन्सी म्यानेजरलाई अनलाइन माध्यमबाट बिमा प्रस्ताव पेस गर्न कम्पनीको सफ्टवेयर सिस्टममा पहुँच दिने भएको छ।

एजेन्सी म्यानेजरले घरमा वा कार्यालयमा बसेर बिमा प्रस्ताव कम्पनीमा पेस गर्न सहज बनाउने पहुँच दिन लागिएको हो। यससँगै अब एजेन्सी म्यानेजरले सफ्टवेयर सिस्टममा रहेको एजेन्सी पोर्टल प्रयोग गरी आफूले गरेको बिमा प्रस्ताव स्वीकृतिका लागि कम्पनीमा पेस गर्न सक्नेछन्। प्रस्तावका लागि तोकिएका कागजात तथा विवरण पेस गरेपछि कम्पनीले अनलाइन माध्यमबाट अन्डरराइटिङ गर्ने र आवश्यक प्रक्रिया पूरा भएमा बिमा प्रस्ताव स्वीकृत गर्नेछ।

यो सुविधाले बिमा प्रस्ताव स्वीकृत गर्न कम्पनीमा पुगुनपर्ने र घर वा एजेन्सीको आफ्नै कार्यालयमा बसेर काम गर्न सकिनेछ। यसले बिमा प्रस्ताव स्वीकृति छिटो, छरितो र सहज हुने बताइएको छ। कम्पनीले एजेन्सी म्यानेजरलाई अन्डरराइटारको हिस्सा बनाउने अभिप्रायले यस प्रकारको सुविधा दिइएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत कपिलकुमार दाहालले बताए।

एलजी नेपालले गऱ्यो निःशुल्क एसी सेवा शिविर घोषणा

काठमाडौं/ एलजी इलेक्ट्रोनिक्सले निःशुल्क एसी सेवा शिविर सञ्चालन गर्ने घोषणा गरेको छ। कम्पनीको आफ्नो आधिकारिक वितरक सिजी इलेक्ट्रोनिक्ससँगको सहकार्यमा आगामी गर्मी मौसमलाई ध्यानमा राख्दै निःशुल्क एसी सेवा शिविर सञ्चालन गर्ने घोषणा गरेको हो।



यस पहलमार्फत एलजीका ग्राहकले आफ्ना एयर कन्डिसनर प्रशिक्षित प्राविधिकद्वारा कुनै पनि सेवाशुल्कविना निरीक्षण तथा मर्मत गराउन सक्नेछन्। यसले राम्रो कुलिङ कार्यक्षमता, सुधारिएको ऊर्जा दक्षता तथा उत्पादनको लामो आयु सुनिश्चित गर्न मद्दत गर्ने कम्पनीले जनाएको छ।

यो शिविरमा ग्राहकले विभिन्न लाभ पनि पाउनेछन्। जसअनुसार, स्पेयर पार्ट्समा ५० प्रतिशतसम्म छुट, नयाँ एसी खरिद गर्दा २० प्रतिशत विशेष छुटका साथै चार हजार रुपैयाँबराबरको निःशुल्क इन्स्टलेसन सुविधाप्राप्त गर्न सक्नेछन्।

यस्तै, आफ्नो पुरानो एसी साटेर नयाँ मोडेलमा अपग्रेड गर्ने ग्राहकहरूले पनि एसी एक्सचेन्जमा ५० प्रतिशतसम्म अतिरिक्त मूल्यांकन प्राप्त गर्न सक्नेछन्, जसले गर्दा नवीनतम एलजी एयर कन्डिसनिङ मोडेलमा सजिलै स्विच गर्न सकिने बताइएको छ।

सेवा शिविरमा सहभागी हुने ग्राहकले तीन हजारबराबरका दुईवटा कुपन पनि प्राप्त गर्नेछन्। यसको मान्यता ६ महिना हुनेछ। यो कुपनले प्रारम्भिक सेवापछि पनि निरन्तर मर्मतसम्भार सहयोग सुनिश्चित गर्ने कम्पनीको भनाइ छ। अपग्रेड प्रक्रियालाई अझ सहज बनाउन, एलजी, सिजी इलेक्ट्रोनिक्समार्फत सजिलो किस्ताबन्दीको सुविधा पनि उपलब्ध रहेको बताइएको छ।

शिविरको सुविधा लिन इच्छुक ग्राहकले सिजी केयर आधिकारिक क्युआर कोड स्क्यान गरेर वा हटलाइन नम्बरमा सम्पर्क गरी दर्ता गराउन सकिनेछ। यो सेवा पहलमार्फत एलजीले नेपालभरका घरपरिवारलाई उन्नत कुलिङ प्रविधि, भरपर्दो सेवा तथा ग्राहककेन्द्रित समाधान प्रदान गर्ने आफ्नो प्रतिबद्धता पुनः पुष्टि गरेको कम्पनीको भनाइ छ।

सर्टिफिकेट हरायो

मिति २०८२/८/२२ गते ट्रिनिटी कलेजबाट मेरो निम्न व्यहोरा भएको NEB बाट जारी माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : श्रृशप भण्डारी
रजिष्ट्रेशन नं. : ८१३२७१०८०२१८
सिम्बोल नं. : २२७२४४६४
सम्पर्क : ९७६९६७६९४७

NDPC नेपाल डिजिटल पेमेण्ट्स कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं

करारमा कर्मचारी आपुर्ति सेवा लिने सिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी सूचना

यस नेपाल डिजिटल पेमेन्ट्स कं. लि.द्वारा आवश्यक पर्ने कर्मचारी आपुर्ति सेवा करारमा लिनुपर्ने भएकोले सम्बन्धित सेवा प्रदायक कम्पनी वा एजेन्सीबाट राष्ट्रिय दैनिक पत्रिकामा यो सूचना प्रथमपटक प्रकाशित मितिले १५औं दिनको ५ बजे भित्र आर्थिक तथा प्राविधिक प्रस्छुतावहरू छुट्टा-छुट्टै खामबन्दी गरी पेश गर्न सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। दरभाउपत्र खरिद गर्नको लागि यस कम्पनीको लेखा शाखाबाट रु १०००/- को (फिर्ता नहुने गरी) बिल कटान गरी तोकिएको समयभित्र दर्ता गराउनु पर्नेछ। साथै सिलबन्दी दरभाउपत्र प्रस्तावदाताहरूले सिलबन्दी दरभाउपत्रसाथ पेस गर्नुपर्ने न्यूनतम कागजात तथा अन्य आवश्यक जानकारी यस कम्पनीको आधिकारिक वेबसाइट https://ndpc.com.np/notices/ मा राखिएको छ।

सुपर खुदी हाइड्रोपावर लिमिटेड
Super Khudi Hydropower Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३०, चारखाल डिल्लीबजार, काठमाडौं, नेपाल, फोन नं.: ०१-४५२४६५५
इमेलः info@superkhudi.com.np वेभसाइटः www.superkhudi.com.np

शेयर रजिष्ट्रार (Registrar to Share) नियुक्ती बारेको सूचना

यस सुपर खुदी हाइड्रोपावर लिमिटेडको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको धितोपत्र कारोबार सम्बन्धी अभिलेख राख्ने, दाखिल खारेज गर्ने, नामसारी गर्ने, रोक्का राख्ने लगायतका शेयरवालाहरूको लगत अद्यावधिक गरी राख्ने सम्बन्धी सम्पूर्ण कार्य गर्नको लागि **मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं**लाई शेयर रजिष्ट्रार नियुक्त गरेकोले यस कम्पनीको शेयर रजिष्ट्रार अन्तर्गतको सम्पूर्ण कार्यहरू **मुक्तिनाथ क्यापिटल लिमिटेड** मार्फत हुने व्यहोरा सम्पूर्ण शेयरधनी महानुभाव लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शेयर रजिष्ट्रारको पुरा नाम र ठेगाना

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१०८/०५/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com

हिमालयन पावर पार्टनर लिमिटेड
Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोनः ९७७-१-४००२८०१, फ्याक्सः ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np

हकप्रद शेयर निष्काशनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द बारेको सूचना

यस हिमालयन पावर पार्टनर लिमिटेडको हाल कायम चुक्ता पूँजी रु. १,०६,५४,१७,०००।- बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १,०६,५४,१७० कित्ता साधारण शेयरको १ : ०.५ (अर्थात विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.५ कित्ता साधारण शेयर) को अनुपातमा रु.५३,२७,०८,५००।- बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरका ५३,२७,०८५ कित्ता हकप्रद शेयर निष्काशन प्रयोजनको लागि **मिति २०८२/१२/१० गते (तदानुसार मार्च २४, २०२६) मंगलबार एक दिन** शेयरधनी दर्ता पुस्तिका बन्द गरिने व्यहोरा शेयरधनीहरु लगायत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गरिन्छ। शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०८२/१२/०९ गते (तदानुसार मार्च २३, २०२६) सोमबारसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा शेयर कारोबार भई शेयरधनी कायम भएका शेयरधनीले मात्र यस हकप्रद शेयरका लागि दरखास्त दिन पाइने हुँदा सम्बन्धित सबै शेयरधनीहरु तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन समेत अनुरोध गर्दछौं।

साथै, धितोपत्र व्यवसायीहरु (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) ले समेत यसै सूचनालाई आधारमानी CM Pool Account मा शेयर नराखि सम्बन्धित खरिदकर्ता शेयरधनीहरुको हितग्राही खातामा शेयर Transfer गरिदिनु हुन विनम्र अनुरोध छ। अन्यथा सो को जिम्मेवार यस कम्पनी/शेयर रजिष्ट्रार/धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नहुने व्यहोरा समेत अनुरोध छ।

हिमालयन पावर पार्टनर लिमिटेड
Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोनः ९७७-१-४००२८०१, फ्याक्सः ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np

आधारभूत शेयरधनीलाई हकप्रद शेयर बापतको रकम जम्मा गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

हिमालयन पावार पार्टनर लिमिटेडको मिति २०८१/०९/२९ गते सम्पन्न १२औं साधारण सभाबाट पारित १:०.५ अर्थात् (अर्थात् १ कित्ता शेयर बराबर नयाँ ०.५ कित्ता शेयर) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा नेपाल धितोपत्र बोर्डबाट मिति २०८२/११/२५ गते आवश्यक स्वीकृति प्राप्त भइसकेको र धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम सङ्गठित संस्थाको सञ्चालक लगायत आधारभूत शेयरधनीहरूले आफूले लिनुपर्ने हकप्रद शेयर बराबरको रकम जम्मा गरिसकेपछि मात्र सर्वसाधारण समूहका शेयरधनीका लागि हकप्रद शेयरको दरखास्त खुला गर्नुपर्ने व्यवस्था रहेकाले **यहि मिति २०८२/१२/२३ गते (तदनुसार ६ अप्रिल, २०२६) सोमबार बैंकिङ्ग समयभित्र** प्रति शेयर रु. १००।- को दरले आफूले लिनुपर्ने हकप्रद शेयर बराबरको रकम देहायमा उल्लेखित विवरण भएको बैंक खातामा जम्मा गर्न सञ्चालक तथा आधारभूत शेयरधनीहरूलाई सञ्चालक समितिको मिति २०८२/११/२८ गतेको निर्णयानुसार अनुरोध गरिन्छ।

बैंक खाताको विवरण:	
बैंकको नाम	: नबिल बैंक लिमिटेड
खातावालाको नाम	: Himalayan Power Partner Ltd.
बैंक खाता नं.	: 1501017500164
खाता रहेको बैंकको शाखा	: महाराजगंज, काठमाण्डौं

साथै हकप्रद शेयर वापतको रकम जम्मा गरेको बैंक भौचर यस कम्पनीको E-mail: hpphydro.finance@gmail.com अथवा WhatsApp No ९८४१४१२८३८ मा पठाउनु हुन अनुरोध गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

ऋण/कर्जा चुक्ता भुक्तानी गर्ने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/२९

तपसिलमा उल्लेखित ऋणी/ऋणी कम्पनीले यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट विविध कर्जा शीर्षक अन्तर्गत कर्जा उपभोग गर्दै आउनु भएको ऋण कर्जाको साँवा, ब्याज लगायत अन्य दैदस्तुर, कर्जा लिदाको बखत बैंकसँग गरेको शर्त कबुलियत तथा ऋण स्वीकृत पत्रमा उल्लेख भएको व्यवस्था बमोजिम बैंकलाई समय समयमा तिर्न बुझाउनु पर्ने बक्यौता रकम नतिरी/नबुझाएकोले ऋण/कर्जाको साँवा, ब्याज लगायत सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी बैंकलाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा लिदाका बखत बैंकसँग गरेको शर्त बन्देजहरु उल्लङ्घन गरेकाले ऋण/कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफुले कर्जा लिएको यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना ब्याज लगायतअन्य दैदस्तुर चुक्ता भुक्तानी गर्नुहुन ऋणीलाई अनुरोध छ। साथै, ऋणी/ऋणी कम्पनीका जिम्मेवार पदाधिकारीहरु तथा तपसिलमा उल्लेखित शिर्षकका कर्जाहरुको लागि व्यक्तिगत जमानत दिनेहरु तपसिलका उल्लेखित व्यक्तिहरुलाई समेत ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धमा यो सूचना प्रकाशित गरिएको जानकारी गराउँछौं। उपरोक्त समयावधि भित्र पनि तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तानी हुन नसकेको खण्डमा बैंकले आफ्नो लेना असुल उपर गर्नको लागि ऋणी/ऋणी कम्पनीको नाममा लेखिदिनु भएको तपसिलमा उल्लेखित चल/अचल धितो सम्पत्तिहरु लिलाम बिक्री गर्नुका साथै थप कानुनी कारवाही गरिने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

साथै, उल्लेखित म्यादभित्र ऋण/कर्जा चुक्ता भुक्तानी नगर्ने तपसिल बमोजिमका ऋणी/ऋणी कम्पनीका संस्थापक/संचालकहरु, तोकिए बमोजिम शेयर लिने शेयरधनीहरु र ऋणसँग सम्बन्धित सबै पक्षहरुलाई नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको कर्जा सूचना तथा कालोसूची सम्बन्धी निर्देशन बमोजिम कालोसूचीमा समेत राखी आवश्यक कानुनी कारवाही अगाडि बढाईने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

शाखा कार्यालय : बाग्लुङ

१. कर्जा शिर्षक : अधिविकर्ष कर्जा

ऋणीहरु : दुर्गे बोहोरा र दिपक बोहोरा

जमानतकर्ताहरु

१. नाम : दुर्गे बोहोरा	२. नाम : दिपक बोहोरा
ना.प्र.नं. ९६७५, जि.प्र.का. बाग्लुङ	ना.प्र.नं. ५०१००१-२१३७४, जि.प्र.का. बाग्लुङ
जारी मिति : २०४५/०२/१९ मा जारी भई मिति २०७५/११/२१	जारी मिति : २०६७/०७/११ मा जारी भई मिति २०७५/११/२२
मा प्रथम प्रतिलिपि जारी	मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : भल बहादुर सार्की	बाबुको नाम : दुर्गे बोहोरा
बाजेको नाम : बखने	बाजेको नाम : भल बहादुर सार्की
ठेगाना : बाग्लुङ जिल्ला बाग्लुङ न.पा. वडा नं. १	ठेगाना : बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. १
३. नाम : लक्ष्मी बोहोरा	**४. नाम : बबिता घर्ती मगर बोहोरा**
ना.प्र.नं. ५०३००१/२८, जि.प्र.का. बाग्लुङ	ना.प्र.नं. ५०-०१-७६-०२०७२, जि.प्र.का. बाग्लुङ
जारी मिति : २०६६/११/२२	जारी मिति : २०७६/०४/१३
पतिको नाम : दुर्गे बोहोरा	पतिको नाम : दिपक बोहोरा
ससुराको नाम : भल बहादुर सार्की	ससुराको नाम : दुर्गे बोहोरा
ठेगाना : बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. १	ठेगाना : बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. १

२. कर्जा शिर्षक : आवधिक कर्जा

ऋणीहरु : दुर्गे बोहोरा र बबिता घर्ती मगर बोहोरा

जमानतकर्ताहरु

१. नाम : दुर्गे बोहोरा	२. नाम : बबिता घर्ती मगर बोहोरा
ना.प्र.नं. ९६७५, जि.प्र.का. बाग्लुङ	ना.प्र.नं. ५०-०१-७६-०२०७२, जि.प्र.का. बाग्लुङ
जारी मिति : २०४५/०२/१९ मा जारी भई मिति २०७५/११/२१	जारी मिति : २०७६/०४/१३
मा प्रथम प्रतिलिपि जारी	पतिको नाम : दिपक बोहोरा
बाबुको नाम : भल बहादुर सार्की	ससुराको नाम : दुर्गे बोहोरा
बाजेको नाम : बखने	ठेगाना : बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. १
ठेगाना : बाग्लुङ जिल्ला बाग्लुङ न.पा. वडा नं. १	

३. नाम : लक्ष्मी बोहोरा
ना.प्र.नं. ५०३००१/२८, जि.प्र.का. बाग्लुङ, जारी मिति : २०६६/११/२२
पतिको नाम : दुर्गे बोहोरा, ससुराको नाम : भल बहादुर सार्की
ठेगाना : बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. १

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : गण्डकी, जिल्ला : बाग्लुङ

गा.वि.स./न.पा.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (रोपनी)	कैफियत
सावित	हाल	सावित	हाल				
कालिका	बाग्लुङ	१	१	दुर्गे बोहोरा	२००२	०-४-१-२	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

माथि उल्लेखित धितो सम्पत्ति ऋणीहरु दुर्गे बोहोरा र दिपक बोहोराले लिएको अधिविकर्ष कर्जा बापत मालपोत कार्यालय बाग्लुङमा रोक्का भई ऋणीहरु दुर्गे बोहोरा र बबिता घर्ती मगर बोहोराले लिएको आवधिक कर्जाको लागि समेत धितो कायम रहेको।

शाखा कार्यालय : वितामोड, झापा

कर्जा शिर्षक : सवारी साधन कर्जा

ऋणी

नाम : दिदीभाई किराना पसल
दर्ता नं. ९०८-१७०४८, दर्ता मिति : २०७८/०८/२६
रजिष्टर्ड ठेगाना : झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ४, **प्रोप्राईटर : ललीता कुमारी हलुवाई**

जमानतकर्ताहरु

१. नाम : ललिता कुमारी हलुवाई	२. नाम : उदय कुमार साह हलुवाई
ना.प्र.नं. ०४३०१३/३९७, जि.प्र.का. झापा	ना.प्र.नं. ०४३०३६-६०३, जि.प्र.का. झापा
जारी मिति : २०६३/१०/११	जारी मिति : २०६३/११/०८ मा जारी भई मिति २०७७/०८/१०
पतिको नाम : उदय कुमार साह हलुवाई	मा प्रथम प्रतिलिपि जारी
ससुराको नाम : फकिरा साह हलुवाई	बाबुको नाम : फकिरा साह हलुवाई
स्थायी ठेगाना : झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ३	बाजेको नाम : महाविर साह हलुवाई
हालको ठेगाना : झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ४	ठेगाना : झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ४

सवारी साधनको विवरण

ईन्जिन नं.	चेसिस नं.	सवारी दर्ता नं.	मोडेल
1400DI01FYXS49386	MAT535067MYR25958	प्र १ ०१ ००१ च ८७२०	TATA- Intra V20

बनेको मुलुक/निर्माता कम्पनी	सि.सि./इन्जिन पावर	रंग	सिट क्षमता	बनेको साल	पेट्रोल वा डिजेल
भारत/TATA MOTORS	१३९६ सि.सि.	निलो	२	२०२१	डिजेल

शाखा कार्यालय : नारायणगढ, चितवन

कर्जा शिर्षक : सहुलियतपुर्ण कर्जा अन्तर्गत महिला उद्यमशिल कर्जा

ऋणी

नाम : तिर्सना खाजा घर
दर्ता नं. ११९७/०७६/०७७, दर्ता मिति : २०७७/०३/०९
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २१, **प्रोप्राईटर : तिर्सना गुरुङ**

जमानतकर्ताहरु

१. नाम : तिर्सना गुरुङ	२. नाम : ज्ञानु देवी गुरुङ्ग
ना.प्र.नं. ३५१०३४/४२८, जि.प्र.का. चितवन	ना.प्र.नं. २३५२, जि.प्र.का. चितवन
जारी मिति : २०६९/०६/२२	जारी मिति : २०४३/११/१५ मा जारी भई मिति २०७५/१२/०७
बाबुको नाम : तुल बहादुर गुरुङ	मा दोस्रो प्रतिलिपि जारी
बाजेको नाम : गगन सिंह गुरुङ	पतिको नाम : तुल बहादुर गुरुङ्ग
स्थायी ठेगाना : चितवन जिल्ला, पार्वतीपुर गा.वि.स. वडा नं. ४	ससुराको नाम : गगन सिंह गुरुङ
हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २१	स्थायी ठेगाना : चितवन जिल्ला, पार्वतीपुर गा.वि.स. वडा नं. ४
	हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २१

तिर्सना खाजा घरको मालसमानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पति।

सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.
बाग्लुङ ०६८-५२२४९१, वितामोड, झापा ०२३-५४०४८१
नारायणगढ, चितवन ०५६-५९५७७१

का.नि.द.नं.१२८/७६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/७७०
शुक्रबार २९ फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

विश्वकप नखेल्ने इरानको घोषणा

युद्धका कारण आफ्ना खेलाडी असुरक्षित भएको बताउँदै इरानी खेलकुदमन्त्री अहमद यामलीले आफ्नो राष्ट्रले आगामी विश्वकपमा भाग नलिने मध्यपूर्वी देशका अन्तर्राष्ट्रिय समाचार संस्थाहरूलाई बताएका छन्

इरानको पछिल्लो निर्णयका सम्बन्धमा फिफाले प्रतिक्रिया दिएको छैन, तर आन्तरिक रूपमा इरानको स्थानमा अर्को टोली समावेश गर्ने प्रक्रिया अगाडि बढाएको छ, एसियाली राष्ट्रबाट प्रदर्शनका आधारमा इराक वा युएईको सम्भावना बलियो छ, वरीयताको नियम लागू हुँदा इटाली छनोट हुन सक्छ



एजेन्सी

इरानले अन्ततः फिफा विश्वकप फुटबल प्रतियोगिता २०२६ मा सहभागिता नजनाउने भएको छ। खेलकुदमन्त्री अहमद यामलीले बुधबार राति मध्यपूर्वी एसियाका सञ्चारमाध्यमहरूलाई अन्तर्वार्ता दिँदै आगामी विश्वकपमा आफ्नो राष्ट्रले भाग नलिने जानकारी गराएका हुन्। अमेरिका-इजरायल र इरानबिच युद्धको प्रभावले विश्वकपमा आफ्ना खेलाडी असुरक्षित भएको जनाउँदै सहभागी नहुने निर्णय लिइएको अहमदले बताए। अमेरिका र इजरायलको थप आक्रमणमा गत साता इरानले आफ्नो सर्वोच्च नेता आयातोल्लाह अली खामेनीलाई गुमाएको थियो।

खामेनीको मृत्युपछि विश्वकपमा सहभागिताबारे इरानमा बहस सुरु भएको थियो। अमेरिकी आक्रमणमा सर्वोच्च नेता मारिएपछि इरानले विश्वकप नखेल्ने चेतावनी दिएको थियो। एक सातामा युद्ध चर्किँदै गएपछि इरानले खेलाडीको सुरक्षा देखाउँदै बाइकट गरेको अल जजिराले जनाएको छ। इरानले पनि इजरायल र अमेरिकी सैन्य अखडा रहेका अन्य देशमा मिसाइल र ड्रोन प्रहार गरिरहेको छ। 'भ्रष्ट शासकहरूले हाम्रा नेताको हत्या गरेको पक्षलाई ध्यानमा राख्दै हामी कुनै पनि परिस्थितिमा विश्वकपमा भाग लिन सक्दैनौं,' यामलीले इरानी सरकारी मिडियालाई भनेका छन्। इरानको पछिल्लो निर्णयका सम्बन्धमा फिफाले प्रतिक्रिया दिएको छैन। तर, आन्तरिक रूपमा इरानको स्थानमा अर्को टोली समावेश गर्ने प्रक्रिया अगाडि बढाइएको छ। अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्ने विश्वकपमा पहिलोपटक सर्वाधिक ४८ टोलीले भाग लिँदै छन्। त्यसैले कुनै टोलीले भाग नलिँदा त्यसको स्थान कसले लिने भन्ने निर्णय फिफाले गर्नुपर्ने हुन्छ।

नियमअनुसार फिफासँग अर्को टोलीलाई प्रतिस्थापनका रूपमा सहभागी गराउने अधिकार हुन्छ। तर, छनोट कसरी गर्ने भन्ने स्पष्ट प्रक्रिया छैन। विश्वकपमा आयोजकले खेलाडीलाई कडा सुरक्षा व्यवस्थापन गर्ने भनिए पनि इरानको हकमा यस्तो लागू हुन नसक्ने इरानी खेलकुदमन्त्रीको भनाइ छ। उनले भने, 'विश्वकपमा हाम्रा केटाहरू सुरक्षित नहुने सूचना पाएका छौं, यस परिस्थितिमा विश्वकपबाट बाहिरिनु नै उचित हुनेछ।'

अमेरिकाले इरानमाथि दुर्भावनापूर्ण काम गरेको दाबी उनले गरेका छन्। 'पछिल्लो समय बारम्बार अमेरिकाबाट जुन व्यवहार भएको छ, त्यो अमानवीय छ। त्यसको भर्त्सना गर्नुपर्छ,' यामलीले भने, 'यस अवधिमा दुई युद्ध झेलिसकेका छौं। आठ-नौ महिनाको अवधिमा इरानमा हजारौं सहिद भएका छन्। सहिदहरूको सम्मान गर्दै विश्वकप खेल्दैनौं।'

यसैबिच, इरानी फुटबल महासंघका अध्यक्ष मेहदी ताजले पनि सहभागिताबारे प्रश्न उठाएका छन्। अस्ट्रेलियामा भएको एसियन कप खेल्न गएका इरानी महिला टोलीका ६ जना सदस्यले सुरक्षाको कारण देखाउँदै त्यहीं नै शरण मागेका थिए। यस घटनालाई जोड्दै मेहदीले इरानी महिला खेलाडीसँग राम्रो व्यवहार नभएको बताए। 'जहाँ खेलाडीको सुरक्षा र सम्मान हुँदैन। त्यस्तो भएको अवस्थामा कुनै पनि समझदार व्यक्तिले आफ्नो टोली अमेरिका पठाउन मान्दैन,' उनले भने।

भाग नलिँदा आर्थिक जरिवाना

अन्तिम समयमा विश्वकपमा भाग नलिँदा आर्थिक कारबाही गर्ने नियम छ। इरानले विश्वकप नखेल्ने भएपछि फिफाले जरीवाना लगाउनेछ। फिफाको आर्थिक नियमअनुसार प्रतियोगिता सुरु हुनु एक महिनाअघि नखेल्ने घोषणा गर्दा कम्तीमा तीन लाख २० हजार अमेरिकी डलर जरीवाना हुन्छ। अहिले इरानले चार महिनाअगाडि नै विश्वकप नखेल्ने भनिसक्यो। अब इरानलाई गरिने आर्थिक कारबाही निर्णय फिफा बोर्ड बैठकले गर्नेछ। एसियनबाट इरानले विश्वकपमा स्थान बनाएको हो। गत वर्ष डिसेम्बरमा सार्वजनिक फिफाको 'ड्र'मा इरान समूह 'डी'मा रहेको छ।



इरानको समूहमा बेल्जियम, इजिप्ट तथा न्युजिल्यान्ड छन्। इरानले आफ्ना सबै खेल अमेरिकामै खेल्ने तालिका सार्वजनिकसमेत भइसकेको छ। आगामी विश्वकप १ जुनदेखि सुरु हुँदै छ। खेल तालिकाअनुसार इरानले १५ जुनमा न्युजिल्यान्ड, २१ जुनमा बेल्जियम र २६ जुनमा इजिप्टसँग खेल्नेछ। 'इरानमाथि गरिने कारबाहीको निर्णय फिफाको आगामी बैठकले गर्नेछ,' न्युयोर्क टाइम्सले लखेको छ, 'सम्भवतः फिफाकै नियमअनुसार आर्थिक जरीवाना हुन सक्छ।'

कसले लिन्छ इरानको स्थान ?

सम्भावित प्रतिस्थापन राष्ट्रबारे अहिले चर्चा भइरहेको छ। एसियाली राष्ट्रलाई पहिलो प्राथमिकतामा राख्दा इराकको सम्भावना धेरै छ। इराकले एएफसी छनोटमा राम्रो प्रदर्शन गरेको र हाल अन्तरमहादेशीय प्लेअफ खेल्ने इराकलाई एसियन कोटाबाट विश्वकपमा समावेश गर्न सकिने एजेन्सीले जनाएको छ। इराकपछि एसियाबाट युएईलाई पनि अर्को सम्भावित विकल्पका रूपमा हेरिएको छ। इराक प्लेअफमार्फत विश्वकपमा पुग्यो भने फिफाले अर्को विकल्प खोज्दा एसियाली राष्ट्रमध्येबाटै युएईलाई स्थान दिन सक्छ। फिफाले पुरुष फिफा वरीयताका आधारमा छनोट गर्दा चारपटकको विजेता इटालीको नाम अगाडि छ।

फिफा वरीयतामा इरान २०औं स्थानमा छ। इराक ५८औं र युएई ६८औं स्थानमा छन्। विश्व वरीयतामा इटाली १३औं स्थानमा छ। फिफाको पछिल्लो वरीयतामा इटालीले एक स्थान गुमाएको छ। फिफाले विश्व वरीयता वा अन्य आधार प्रयोग गर्ने निर्णय गरेमा इटालीजस्ता उच्च वरीयताका टोलीलाई बोलाउन सकिने अनुमान गरिएको छ।

पहिलोपटक राष्ट्रिय टोलीलाई प्रशिक्षण दिँदै एरेना

पछिल्लोपटक लाओसको यू-२३ टोली हेरेका इटालियन गुग्लिएल्मो एरेना नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक नियुक्त

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले इटालीका गुग्लिएल्मो एरेनालाई राष्ट्रिय फुटबल पुरुष टोलीको मुख्य प्रशिक्षक नियुक्त गरेको छ। प्रो लाइसेन्स प्राप्त एरेनाले प्रशिक्षण करिअरमै पहिलोपटक राष्ट्रिय फुटबल टोली हेर्ने जिम्मेवारी पाएका हुन्। यसअघि उनले लाओसको यू-२३ टोली हेरेका थिए। लाओसको उमेर समूहलाई प्रशिक्षण दिलाएको नै एरेनाको माथिल्लो लेभलको टोली हो।

प्रशिक्षक एरेनासँग चार महादेशका विभिन्न क्लबमा प्रशिक्षण दिएको अनुभव छ। एरेनाले सन् २००३ देखि शीर्ष डिजिभन क्लबहरूलाई मात्र प्रशिक्षण गर्दै आइरहेका छन्। फिफा र एएफसीले राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक बनाउन प्रो लाइसेन्स अनिवार्य बनाएको छ।

यही आधारमा एन्फाले प्रो लाइसेन्सधारी एरेनालाई नेपालको टोलीको जिम्मेवारी दिइएको हो। एन्फाले बिहीबार एरेनासँग सम्झौता गरेको छ। एन्फा महासचिव किरण राईले एरेनालाई नियुक्तिपत्र दिएका छन्। एरेनाको नेतृत्वमा नेपालले अब १२ चैतमा हङकङसँग अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्नेछ। त्यसपछि नेपालले एएफसी एसियन कप छनोटको तेस्रो चरणको अन्तिम खेलका लागि लाओसको भ्रमण गर्नेछ।

नेपालले एक वर्षमा दोस्रोपटक हङकङसँग खेल्न लागेको हो। गत वर्ष जुनमा नेपालले हङकङमा गोलरहित बराबरी खेलेको थियो। एएफसी एसियन कपको तेस्रो चरणको छनोटमा नेपालले आफ्नो अन्तिम खेल खेल्न बाँकी छ। लगातार पाँच खेलमा पराजित नेपाल प्रतियोगिताबाट बाहिरिसकेको छ। नेपालले अन्तिम खेल लाओससँग खेल्नेछ। १७ चैतमा हुने खेल होम म्याच भए पनि दशरथ रंगशालाले अन्तर्राष्ट्रिय मान्यता पाएको छैन।

राष्ट्रिय लिगको निरीक्षण

एरेना गत साता मात्र नेपाल आएका हुन्। कागजी प्रक्रिया पूरा नगरेका कारण एन्फाले उनलाई मुख्य प्रशिक्षकका रूपमा सार्वजनिक गरेको थिएन। कागजी प्रक्रिया पूरा भएपछि एन्फाले एरेनालाई मुख्य प्रशिक्षकको पत्र दिँदै सार्वजनिक गरेको हो। एक साताभर एरेनाले दशरथ रंगशाला र एन्फा कम्प्लेक्समा चलिरहेको राष्ट्रिय लिग फुटबल प्रतियोगिताको निरीक्षण गरेका छन्। अस्ट्रेलियाका म्याट रोसले राजीनामा दिएपछि नेपाली टोली प्रशिक्षकविहीन थियो। यस अवधिमा नेपालका पूर्वकप्तानसमेत रहेका हरि खड्का अन्तरिम प्रशिक्षक थिए।



नियुक्तिपत्र बुझ्दै गुग्लिएल्मो एरेना (बायाँ)

खाडी क्लबहरूमा केन्द्रित एरेना

एरेनासँग २४ वर्षको प्रशिक्षण अनुभव छ। स्विट्जरल्यान्डमा जन्मेका उनले क्लबस्तरीय फुटबल मात्र खेलेको तथ्यांक छ। इटालीको नागरिकता लिएका उनले अन्तर्राष्ट्रिय लेभलको प्रतिस्पर्धा भने गरेनन्। उनले आफूलाई प्रशिक्षणमा केन्द्रित बनाए। सन् २००३/०४ मा उनले येनेग्गालाई प्रशिक्षण दिए। यहींबाट एरेनाको करिअर सुरु भएको हो। यस अवधिमा उनले विभिन्न क्लब हेरे।

सन् २०११ मा पहिलोपटक सिंगापुरको इटोलिए एफसीका प्रशिक्षक बन्दा उनी युवा प्रशिक्षकको समूहमा चर्चित भए। त्यसको एक वर्षपछि उनी अल्जेरियन क्लब सिआर बेलाउसँग आबद्ध भए। सआरमा राम्रो काम गरेपछि एरेनालाई स्विट् जरल्यान्डको शीर्ष डिभिजन क्लब वुडकोन एफसीले मुख्य प्रशिक्षकको नियुक्ति दियो। करिअरमा उनी मध्यपूर्वी एसियन क्लबमा व्यस्त देखिए।

मध्यपूर्वी एसियन क्लबहरूले राम्रो पारिश्रमिक दिने हुँदा उनले ११ वर्ष यही क्षेत्रलाई पहिलो रोजाइमा राखेका थिए। टेक्निकल डाइरेक्टरका रूपमा उनले अल हरियाह क्लबमा ५४५ दिन बिताए। प्रशिक्षकका रूपमा उनले धेरै समय काम गरेको येनेन्गासँगै हो। उनले यस क्लबलाई ४५६ दिन प्रशिक्षण गरेका रेकर्ड छ। प्रशिक्षकका रूपमा उनी खेलाडी परिवर्तन गर्न रुचाउँदैन्। नेपालका नयाँ प्रशिक्षक एरेनाको रणनीति ४-२-३-१ हो।

■ राष्ट्रिय लिग फुटबल

मच्छिन्द्र र चर्च ब्वाइजलाई उछिन्दै एपिएफ शीर्ष स्थानमा

१० खेलबाट २४ अंक बटुलेको एपिएफले मच्छिन्द्र र चर्च ब्वाइजलाई पछि पार्दै शीर्ष स्थानमा २ अंकको अग्रता लियो



नयाँ पत्रिका

सविन गुरुङको एक मात्र गोलको सहयोगमा बिहीबार नेपाल एपिएफ क्लबले विभागीय डर्बीमा त्रिभुवन आर्मी क्लबलाई १-० ले हराएको छ। जितसँगै एपिएफ लिगको शीर्ष स्थानमा उक्लिएको छ। एपिएफको यो छैटौं जित हो। लिगमा १० खेल खेलेको एपिएफले २४ अंक जोडेको छ। मच्छिन्द्र फुटबल क्बल र चर्च ब्वाइजले युनाइटेडले समान २२ अंक बनाएका छन्।

आर्मीको यो दोस्रो हार हो। आर्मीले १० खेलमा २० अंक हात पारेको छ। आर्मी चौथो स्थानमा छ। एपिएफ र आर्मीबिच पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। खेलको ७५औं मिनेटमा सविनले गोल गरी एपिएफलई १-० को अग्रता दिलाए। उनले आर्मीको डिबक्समा विपक्षी खेलाडीले बल नियन्त्रण लिन नसक्दा हुलमुलमा गोल गरेका हुन्। यही गोल नै एपिएफका लागि लिगको शीर्ष स्थानमा उक्लिन काफी रह्यो। आर्मीले खेलमा दबाब राखेको थियो। तर, आर्मीले एपिएफको डिफेन्स तोड्न नसक्दा बराबरी गोल फर्काउन सकेन।

दशरथ रंगशालामा खेलको १९औं मिनेटमा आर्मीका दिनेश हेन्जनको कर्नरबाट आएको बललाई एपिएफका गोलरक्षक एन्जल श्रेष्ठले क्लियर गरेका थिए। खेलको २२औं मिनेटमा एपिएफका महेश लामाले पहँलो कार्ड पाएका थिए। उनी केही समयपछि चोट लागेर मैदानबाट बाहिरिए।

संकटाले श्री भगवतीलाई हरायो

लिगअन्तर्गत बिहीबार भएको अर्को खेलमा संकटा क्लबले श्री भगवती क्लबमाथि १-० को जित निकालेको छ। संकटाको जितमा मिडफिल्डर कृष्णबहादुर आलेले निर्णायक गोल गरेका थिए। जितसँगै संकटाले १० खेलमा १३ अंक जोड्दै नवौं स्थान रक्षा गरेको छ। समान खेल खेलेको श्री भगवती ८ अंकका साथ १३औं स्थानमा छ। संकटाको यो तेस्रो जित हो। श्री भगवतीले लिगमा छैटौं हार सामना गऱ्यो। आक्रामक खेलेको संकटाले भगवतीको रक्षात्मक रणनीतिलाई तोड्न निकै मिहिनेत गर्नुपरेको थियो। खेलको १२औं मिनेटमा संकटाका नीरज कार्कीले डिबक्सभित्रबाट गरेको प्रहार बललाई श्री भगवतीका गोलरक्षक विवश चौधरीले उत्कृष्ट बचाउ गरेका थिए। पहिलो हाफको इन्जुरी समयमा श्री भगवतीका सुवास बमले गरेको लामो प्रहार क्रसबार माथि गएको थियो। खेलको ६८औं मिनेटमा कृष्णबहादुर संकटालाई अग्रता दिलाए। उनकै गोलमा संकटाले बाजी मार्‍यो।

अर्को खेलमा चर्च ब्वाइजले सुर्खेतको काँक्रे बिहार क्लबलाई २-१ ले हराएको छ। सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा चर्च ब्वाइजलाई जित दिलाउन रिचर्ड विल्सनले दुई गोल गरेका थिए। प्रतिस्पर्धामा दुई गोलले पछि रहेको काँक्रे बिहारका लागि सुदेनविक्रम विश्वकर्माले एक गोल फर्काएका थिए। काँक्रे बिहारको यो आठौं हार हो। उसले लिगमा १ अंक मात्र बटुलेको छ।

लिगअन्तर्गत शुक्रबार तीन खेल हुनेछन्। पहिलो खेल प्लानिङ ब्वाइज युनाइटेड र चित्लाङ एफसीबिच हुनेछ। दोस्रो खेलमा नेपाल पुलिसले मच्छिन्द्रको सामना गर्नेछ। लालीगुराँस एसोसिएसनले मनाङ मर्स्याङ्दीसँग खेल्नेछ।

खेल संक्षेप

बास्केटबलमा कीर्तिपुर र सोलो विजयी

काठमाडौं/ हिमालयन जाभा नेसनल बास्केटबल लिगमा आइआइएमएस कीर्तिपुर र सोलो बास्केटबल विजयी भएका छन्। नेपाल बास्केटबल संघ (नेबा)को आयोजनामा भइरहेको लिगमा कीर्तिपुरले रोयल्सलाई ८१-६१ ले हरायो। कीर्तिपुर २०-१५, २०-१३, १८-१९ र २३-१४ ले विजयी भयो। कीर्तिपुरका प्रशान्त महर्जनले १३ स्कोर गरे। बिहीबार भएको दोस्रो खेलमा सोलो बास्केटबलले प्लेबक्स ऐनालाई प्रतिस्पर्धात्मक खेलमा ६८-६५ ले हरायो। सुरुका दुई क्वार्टरसम्म पछि परेको सोलोले तेस्रो क्वार्टरमा २६-१४ को अग्रता लियो।

हिमालयन क्विन्स हुने

काठमाडौं/ हिमालयन क्विन्स ग्याम्बिटको दोस्रो संस्करण आइतबारदेखि सुरु हुनेछ। विश्व चेस महासंघको 'फिडे महिला चेस म्याराथन'अन्तर्गतको अफिसियल प्रतियोगिताका रूपमा हुने हिमालयन क्विन्स ग्याम्बिटमा सयभन्दा बढी खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। आयोजक हिमालयन चेस एकेडेमीकी संस्थापक मोनालिशा खम्बूले फिडे कमिसन फर वुमेन्स चेससँगको पार्टनरसिपमा मार्च महिनामा विश्वभर प्रतियोगिता भइरहेको बताइन्। यहीअन्तर्गत नेपालको एक मात्र प्रतियोगिता हिमालयनले गर्न लागेको हो। महिला खेलाडी मात्रै सहभागी हुन पाउने तेस्रो प्रतियोगिता आयोजना भएको उनले बताइन्। गत वर्ष आयोजित पहिलो संस्करणमा पाँच वर्षदेखि ६७ वर्षसम्मका १४२ अनरेटेड खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

■ मिर्गौला दिवसका अवसरमा मैत्रीपूर्ण फुटबल



काठमाडौं/ विश्व मिर्गौला दिवसका अवसरमा बिहीबार मैत्रीपूर्ण फुटबल खेल आयोजना भएको छ। खेलमा अंग प्रत्यारोपितको टोलीले कलाकार, पत्रकार, समाजसेवी र चिकित्साकर्मीको टोलीलाई ३-२ को अन्तरले हराएको छ। स्वास्थ्य अभियान नेपालको आयोजनमा नेपाल किड्नी समाज काठमाडौं, मिर्गौलापीडित सरोकार समाज र राष्ट्रिय मिर्गौलापीडित सरोकार केन्द्रको सहआयोजनामा प्रभातफेरी कार्यक्रम र मैत्रीपूर्ण फुटबल खेल गरिएको हो। एन्फा कम्प्लेक्समा भएको मैत्रीपूर्ण खेलमा अंगदाता तथा तिनका परिवार, कलाकार, पत्रकार, समाजसेवी र चिकित्साकर्मीको सहभागिता रहेको स्वास्थ्य अभियान नेपालका अध्यक्ष डा. पुकारचन्द्र श्रेष्ठले बताए।

इंग्ल्यान्डका वाल्करले लिए सन्न्यास

थोमस टुचेलको प्रशिक्षणमा रहेको टोलीमा नियमित स्थान बनाउन नसकेपछि केयल वाल्करले १४ वर्षको अन्तर्राष्ट्रिय करिअरबाट लिए बिदा



एजेन्सी

इंग्ल्यान्डका अनुभवी मिडफिल्डर केयल वाल्करले अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास लिएका छन्। ब्रुनेलीका फुलब्याक वाल्करले इंग्ल्यान्डको राष्ट्रिय टोलीबाट ९६औं क्यापपछि सन्न्यास घोषणा गरेका हुन्। सन् २०११ मा उनले स्पेनविरुद्ध डेब्यु गरेका थिए। यसक्रममा उनले पाँच महत्त्वपूर्ण अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता खेले। सन् २०२५ मा वाल्करले सेनेगलविरुद्ध अन्तिमपटक प्रतिस्पर्धा गरेका हुन्। 'अन्तर्राष्ट्रिय फुटबल यात्रा यहींबाट विश्राम गरेको छु,' वाल्करले भने। इंग्ल्यान्डबाट खेल्दा सधैं गर्व महसुस गरेको बताउँदै उनले सन्न्यासको निर्णय त्यति गाह्रो नभएको बताए। 'सही समयमा निर्णय लिएँ। यसमा कुनै पछुतो वा दुःख छैन,' उनले भने, 'इंग्ल्यान्डबाट नसोचेको सफलता पाएँ, साथै समर्थकबाट पनि उत्तिकै माया पाएको छु।' इंग्लिस प्रिमियर लिगमा सेफिल्ड युनाइटेड, टोटनह्याम र म्यानचेस्टर सिटीबाट प्रतिस्पर्धा गरेका वाल्कर पछिल्लो समयमा ब्रुनेलीबाट खेलिरहेका छन्। अन्तर्राष्ट्रिय फुटबल करिअरमा उनले दुई फिफा विश्वकप तथा तीन युरोपियन फुटबल च्याम्पियनसिप खेले। सन् २०१८ को रसिया विश्वकपमा इंग्ल्यान्डले सेमिफाइनल स्थान सुरक्षित गर्दा उनको प्रदर्शन उच्च रहेको थियो। यसैगरी, उनले सन् २०१६, ०२१ र ०२४ को युरोकप खेलेका थिए। गेराथ साउथगेटले वाल्करलाई टोलीमा प्रमुख खेलाडीका रूपमा समावेश गरेका थिए।

गेराथको प्रशिक्षणमा इंग्ल्यान्डले ऐतिहासिक रूपमा सन् २०२१ र ०२४ को युरोकपको फाइनलमा स्थान पक्का गरेको थियो। तर, दुवैपटक इंग्ल्यान्ड उपविजेतामै सीमित भयो। युरोपियन च्याम्पियन्स लिगमा लगातार उपविजेतामा सीमित हुँदा गेराथले उनलाई उपकप्तानीको जिम्मेवारी दिएका थिए। इंग्लिस टोलीका वर्तमान प्रशिक्षक थोमास टुचेलको प्रशिक्षणमा भने वाल्करले त्यति स्थान बनाउन सकेका छैनन्।

युवालाई मौका

इंग्लिस टोलीमा वाल्करले खासै मौका पाएका छैनन्। उनले टोलीमा नियमित स्थान बनाउन नसक्दा सन्न्यास लिएको भनेका छैनन्। वाल्करले आगामी दिनमा इंग्ल्यान्डको फुटबल टोली बलियो बनाउनुपर्ने र युवाहरूलाई मौका दिन नै सन्न्यास लिएको जनाएका छन्। इंग्लिस टोलीबाट बाहिरिँदा सकारात्मक सोच राखेको उनको भनाइ छ। 'नराकात्मक भावनाका साथ सन्न्यास लिएको होइन। म सधैं सकारात्मक सोच र योजनाका साथ अगाडि बढ्ने व्यक्ति हुँ,' वाल्करले भने, 'इंग्ल्यान्ड टोलीमा स्थान बनाउनु नै गर्व हो। अझ मैले धेरै मेजर अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने अवसर पाएँ।' सन् २०२३ मा उनले युक्रेनविरुद्ध महत्त्वपूर्ण एक गोल गरेका थिए। 'युक्रेनसँगको खेलमा गरेको गोल सधैं सम्झनामा रहनेछ,' उनले भने, 'लामो समयदेखि इंग्लिस टोलीलाई एउटा दिशा दिने प्रयास गरेको थिएँ, इंग्लिस समर्थकले पनि यस्तै सपना देखे। हामीले पनि उनीहरूको चाहनाअनुसार खेल्यौं र सफलता पनि दिलायौं।'

कप्तान ह्यारी केनका सारथि

अहिले इंग्लिस टोलीको कमान्ड ह्यारी केनको काँधमा छ। ह्यारीले कप्तानी गरेपछि नै इंग्लिस फुटबलको खेल्ने शैली परिवर्तन भएको थियो। सन् १९६६ पछि इंग्ल्यान्डलाई मेजर फुटबल प्रतियोगिताको फाइनलमा स्थानसमेत उनले दिलाए।

यसमा ह्यारीको मात्र योगदान नभएर मिडफिल्डर वाल्करको भूमिमा उत्तिकै छ। चेल्सीका रेस जेम्सले ह्यारीलाई पछिल्लो समयमा मैदानभित्र र बाहिर साथ दिइरहेका व्यक्ति नै वाल्कर भएको बताए। 'यदि वाल्करको प्रदर्शन बिर्सिने हो भने इंग्ल्यान्डले लगातार दुईपटक युरोकपको फाइनलमा स्थान बनाउन सक्दैनथ्यो,' जेम्सले भने, 'वाल्करको सन्न्यासले इंग्ल्यान्डको एउटा युग समाप्त भएजस्तो लाग्छ। अहिले इंग्लिस टोलीको राइट ब्याक हेर्ने उनीजति राम्रा खेलाडी छैनन्।' १४ वर्षको अन्तर्राष्ट्रिय फुटबल करिअरमा वाल्कर कहिल्यै फिटनेसका कारण बाहिरिनुपरेन। 'यो डेढ दशक इंग्ल्यान्डबाट खेलेको खेलाडीको तथ्यांक हेरेका छौं।

वाल्करजति फिटनेसमा ध्यान दिने खेलाडी छैनन्,' जेम्स भन्छन्, 'मैदानमा उनको उपस्थिति सधैं उच्च हुन्छ।' सन् २०१८ को फिफा विश्वकप सेमिफाइनलमा इंग्ल्यान्ड क्रोएसियाबाट पराजित भएको थियो। प्रशिक्षक साउथगेटको प्रशिक्षणमा इंग्ल्यान्ड सन् २०२१ को युरोकप फाइनलमा इटाली तथा सन् २०२४ को युरोकपकै फाइनलमा स्पेनबाट पराजित भयो।

६ पटक प्रिमियर लिग विजेता

व्यावसायिक फुटबल करिअरमा वाल्करले म्यानचेस्टर सिटीबाट ६ पटक इंग्लिस प्रिमियर लिग जितेका छन्। यसैगरी एकपटक च्याम्पियन्स लिग, दुईपटक एफए कप तथा चारपटक लिग कप उनले हात पारेका छन्। इंग्लिस टोलीमा रहँदा उनले फाबियो कापेलो, रोय हड्सन, साउथगेट तथा थोमससँग काम गर्न अवसर पाए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com